# वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि
# २०८१

मितिः-२०८१।०५।।१९को माननीय मन्त्रीस्तरको निर्णयबाट स्वीकृत

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी),नेपाल
२०८१ भाद्र

# विषयसूची


**विषयसूची** **i**

**परिच्छेद १: प्रारम्भिक** **1**

१.१ पृष्ठभूमि 1

१.२ संक्षिप्त 1

१.३ परिभाषा 1

१.४ कार्यक्रम सञ्चालनका लागि साझा प्रक्रिया एवम् मार्गदर्शन 1

१.५ कार्यक्रम कार्यान्वयन विधि 3

१.६ कार्यक्रम अनुगमन तथा मूल्याङ्कन विधि 3

१.७ बचाउ 3

**परिच्छेद २: वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम (३२९०००१२)** **4**

२.१ वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन 4

२.१.१ चक्ला वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन 4

२.१.२ साझेदारी वन व्यवस्थापन कार्ययोजना नवीकरण तथा कार्यान्वयन 4

२.१.३ सामुदायिक वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना तयारी, संशोधन तथा कार्यान्वयन 5

२.१.४ वनक्षेत्रका ढलापडा तथा वेवारिसे काठ दाउरा संकलन तथा व्यवस्थापन) हजारमा( 6

२.२ सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम 6

२.२.१ सामुदायिक वनको अनुगमन, मूल्यांकन र अभिलेखीकरण 6

२.२.२ कबुलियती वन समूहमा सामाजिक परिचालन मार्फत आयआर्जन 6

२.३ वन ,वन्यजन्तु संरक्षण र वन अपराध नियन्त्रण 8

२.३.१ वन डढेलो नियन्त्रण) पूर्व तयारी, नियन्त्रणात्मक, दण्डात्मक तथा मौसमी हेरालु व्यवस्थापन कार्यसमेत( 8

२.३.२ वन अतिक्रमण नियन्त्रण) वन सिमांकन समेत( 9

२.३.३ वन अपराध नियन्त्रण) सूचना संकलन, गस्ती परिचालन मुद्दा दायरी समेत( 9

२.३.४ पीडितसँग प्रदेश सरकार कार्यक्रम मार्फत मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन 9

२.४ सिमसार क्षेत्र व्यवस्थापन जैविक विविधता संरक्षण कार्यक्रम 10

२.४.१ महत्वपुर्ण सिमसार एवं पोखरी संरक्षण कार्यक्रम 10

२.४.४ बर्ड स्याङ्चुरी व्यवस्थापन कार्ययोजना कार्यान्वयन 11

२.४.५ संकटापन्न तथा लोपोन्मुख वनस्पति तथा वन्यजन्तु) पंक्षी समेत (संरक्षण कार्यकम 11

२.४.६ मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन 12

२.४.७ तराईको रैथाने बहुउपयोगी मौवा प्रजातिको संरक्षण तथा व्यवस्थापन 12

२.४.८ मोरिङ्गा बिरुवा उत्पादन तथा नर्सरी निर्माण कञ्चन ४ रुपन्देही 12

२.४.९ सामुदायिक पशु चौपाया व्यवस्थापनका लागि नमुना घुम्ती चरीचरण कार्यक्रम) स्थानिय तहको साझेदारीमा( 12

२.५ प्रचार प्रसार र प्रकाशन 13

२.५.१ वन, वन्यजन्तु, अतिक्रमण, चोरी निकासी तथा चोरी शिकारी नियन्त्रण सम्बन्धी प्रचार प्रसार) पर्चा, पम्पलेट, होर्डिंग बोर्ड, भित्ते लेखन, रेडियो, टि.भी .पत्रपत्रिका समेत (तथा बार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन 13

२.५.२ प्रदेश स्थापना दिवस, सिमसार दिवस, राष्ट्रिय बृक्षारोपण दिवस, जैविक विविधता दिवस, विश्व वातावरण दिवस, वन्यजन्तु सप्ताह आदि 14
२.५.३ लुम्बिनी प्रदेशको वन व्यवस्थापन सम्बन्धी बृत्तचित्र) Documentary (तयारी तथा प्रचार प्रसार 15
२.५.४ वन, वातावरण, जलाधार, जैविक विविधता, जलवायु परिवर्तन सम्बन्धी लघु सूचना केन्द्र सहितको पुस्तकालय निर्माण तथा सञ्चालन 15
२.६ जैविक पार्क तथा उद्यान निर्माण तथा व्यवस्थापन 15
१) पुथा जडीबुटी उद्यान निर्माण तथा व्यवस्थापन, पुथा उत्तरगँगा ,रुकुमपुर्व 16
२) शितगंगा जडीबुटी उद्यान निर्माण तथा व्यवस्थापन, अर्घाखाँची 16
३) वनस्पति उद्यान निर्माण तथा व्यवस्थापन, राप्ती गा.पा., दाङ 16
४) वनस्पति उद्यान निर्माण तथा व्यवस्थापन, जिवाङ ,रोल्पा 16
२.६.१ अमर नारायण फुलबारी परिसर हरित पार्क निर्माण, ता.न.पा - .२ पाल्पा 16
२.६.२ शहिद आलोक पार्क उद्यान बगनासकाली गाउपालीका ३ 16
२.६.३ सकड सौन्दर्यकरण, नेपालगञ्ज उ.म.न.पा .१८, भाटभटेनी पश्चिम सडक 16
२.७ अध्ययन अनुसन्धान 16
१) लुम्बिनी प्रदेशको सिमसारहरूको अवस्था र अवसरको अध्ययन र प्रतिवेदन) प्याकेज( 17
२) वन विज्ञान विषयमा स्नातक तथा स्नातकोत्तर अध्ययनको शोधपत्र तथा इन्टनशिप परिचालन सहयोग 17
३) प्रदेशमा भएको वन संरक्षण र व्यवस्थापनबाट जलबायू परिबर्तन न्यूनिकरण तथा अनुकुलनमा परेको प्रभावको अध्ययन 17
४) सामुदायिक तथा साझेदारी वनका बिपन्न समुदायमा परेको प्रभावको अध्ययन**Error! Bookmark not defined.**
५) वन, जडिवुटी, जैविक विविधता सम्बन्धी अध्ययन अनुसन्धान 17
६) प्रदेशस्तरको वन डढेलो नियन्त्रण रणनिति तयारी 17
७) सम्बर्धन प्रणालीमा आधारीत वन व्यवस्थापन कार्यक्रमको प्रभावकारीता सम्बन्धी अध्ययन 17
८) सम्बर्धन प्रणालीमा आधारीत वन व्यवस्थापन कार्यक्रमको प्रभावकारीता सम्बन्धी सरोकारवालाको अनुगमन)प्रतिवेदन समेत( 17
९) प्रदेशस्तरिय वन क्षेत्रको रणनिती तयारी 17
२.७.१ कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि सहयोग कार्यक्रम 17
२.८ सुशासन अभिवृद्धि कार्यक्रम 17
२.८.१ सव डिभिजनमा सुशासन तथा सबलीकरण कार्यक्रम 17
२.८.२ वन क्षेत्रमा लैंगिक तथा सामाजिक समावेशीकरण अभिमुखिकरण कार्यक्रम 17
२.९ समन्वय ,योजना तर्जुमा र प्रगति समीक्षा गोष्ठी 18
२.९.१ योजना तर्जुमा गोष्ठी 18
२.९.२ चौमासिक र बार्षिक प्रगति समिक्षा गोष्ठी 18
२.९.३ वन ,वातावरण ,जलाधार र जडीबुटी सम्बन्धी क्रियाकलापहरूको अनुगमन ,सहजीकरण र प्रतिवेदन 18
२.९.४ कार्यालय प्रमुख तथा अन्य सरोकारवालाहरूसँग समन्वय बैठक/गोष्ठी 18
२.९.५ गत विगत आर्थिक बर्षहरूमा वस्तुगत तथा नगद अनुदानमार्फत सहयोग गरिएका उद्यम, पेशा तथा उद्योगहरूको प्रभावकारीता सम्बन्धी अनुगमन तथा प्रतिवेदन) वनजन्य उद्यम, होमस्टे समेत( 18
२.९.६ प्राप्त आयोजनाको फिल्ड भेरिफिकेशन तथा संकलन)Project Bank) व्यवस्थापन 18
२.१० सम्मान पुरस्कार तथा उत्प्रेरणामूलक कार्यक्रम 19
२.१०.१ उत्कृष्ट वनकर्मी पुरस्कार (Best Forester Award) 19
२.१०.२ गौतमबुद्ध बृक्ष संरक्षण प्रबल पुरस्कार 19

२.१०.३ फ्रन्टलाईनमा खटिने वन रक्षक दुर्घटना बीमा कार्यक्रम 19
२.१०.४ वन्यजन्तुबाट हुने सबै किसिमको क्षति बीमा 19
२.१०.६ वन,जडीवुटी,जैविक विविधता सम्वन्धी आवश्यक कानून, नीति, रणनीति, मापदण्ड, कार्यविधि, निति कार्यक्रम तयारी, निर्देशिका निर्माण तथा अभिमुखिकरण 19
२.१०.७ कर्मचारीहरूलाई वन, वातावरण, जलाधार, जैविक विविधता सम्बन्धी तालिम) तालिम( 19

**परिच्छेद ३: जडिबुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम (३२९०००१३) 25**

३.१ जडीबुटी नर्सरी निर्माण, मर्मत तथा स्तरोन्नति 25
३.२ विरुवा उत्पादन) जडिबुटी तथा गै.का.व.पै .जन्य प्रजाती( 25
३.३ बहुउपयोगी जडिबुटी तथा गै.का.व.पै .खेति विस्तार) उच्चमुल्यका प्रजाति समेत( 25
३.४ अगरउड प्रबर्धन कार्यक्रम 26
३.५ पहाडी क्षेत्रमा टिमुर विकास कार्यक्रम 26
३जडिबुटी तथा गैकावपै प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनमा सहयोग ६. 26
३.७ जडिबुटि प्रशोधन केन्द्र स्थापना भूमिकास्थान ४ गैराकोट, अर्घाखाँची 26
३.८ जडीबुटी प्रवर्द्धनका लागि कृषक, व्यवसायी र प्राविधिक बिच सिकाई आदानप्रदान अवलोकन भ्रमण 26
३.९ विगतका वर्षहरूमा निजी क्षेत्रमा वृक्षारोपण गरिएका जडीबुटी खेतीको स्याहार सम्भार सहयोग (पुन:रोपण समेत) 27
३.१० आर्थिक महत्वका जडीबुटीहरूको स्वस्थानीय संरक्षण 27
३.११ उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम 27
३.१२ जडीबुटी खेती विस्तारमा सहजीकरण 28

**परिच्छेद ४: भू संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम (३२९०००१४) 29**

४.१.१ कार्यक्रम कार्यान्वयका लागि साझा सिद्धान्त ,प्रक्रिया तथा मार्गदर्शन 29
४.१.२ जनशक्ति व्यवस्थापन तथा समय सीमा 29
४.१.३ खरीद र भुक्तानी प्रक्रिया तथा गुणस्तर नियन्त्रण 30
४.२.१ जलवायु परिवर्तन अनुकूलन कार्यक्रम) पानी मुहान, सिमसार संरक्षण, एक वडा एक पोखरी कार्यक्रम समेत( 31
४.२.२ विपत जोखिम न्यूनिकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन 31
यस अन्तर्गत सञ्चालन गर्न सकिने कार्यक्रमहरु: 31
४.२.३ दिगो भू व्यवस्थापन) क्षतिग्रस्त भूमि पुनरुत्थान, बिरुवा उत्पादन, फलफूल डाँले घाँस रोपण आदि( 33
४.२.४ विकासका पुर्वाधार संरक्षण कार्यक्रम 33
४.२.५ कम खर्चिलो भु-संरक्षण प्रविधिबाट गल्छी, पहिरो तथा भुक्षय नियन्त्रण कार्यक्रम 34
४.२.६ साझेदारी भुसंरक्षण कार्यक्रम 34
४.२.७ उपजलाधार क्षेत्रको प्राथमिकिकरण 35

**परिच्छेद ५: वन क्षेत्र भित्रका खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रम (३२९०००१५) 36**

५.१ वन क्षेत्र भित्रका खोला /खोल्सी व्यबस्थापन तथा नदीजन्य पदार्थ संकलन)घनफिट लाखमा( 36

**परिच्छेद ६: वातावरण तथा जलवायु अनुकूलन कार्यक्रम (३२९०००१६) 37**

६.८ जलबायु परीवर्तन र अनुकुलन सम्बन्धी अभिमुखीकरण)जन प्रतिनिधि तथा सरोकारवाला समेत( 39

**परिच्छेद ७: वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम (३२९०००१७) 40**

७.१ वन उद्यम प्रवर्द्धन कार्यक्रम 40

७.१.१ जडीबुटी तथा काष्ठजन्य उद्यम विकासमा सहयोग) निजी, सहकारी, सामुदायिक, साझेदारी( 40
७ 2.पर्यापर्यटनमा आधारित संरक्षित वन विकास कार्यक्रम) कार्यायोजना निर्माण/परिमार्जन समेत( 40
१. खाता क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, बर्दिया 42
२. मदाने क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, गुल्मी 42
३. रेसुंगा क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, गुल्मी 42
४. पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम) प्राविधिक सहजिकरण समेत( 42
५. गौमुखी क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, प्यूठान 42
६. जलजला क्षेत्र पर्यापर्यटन तथा वन संरक्षण कार्यक्रम, रोल्पा 42
७.३ पर्यापर्यटन विकास तथा प्रबर्द्धन कार्यक्रम 42

**परिच्छेद ८: कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम (३२९०००१८) 44**

८.१ नर्सरी तथा बिरूवा उत्पादन 44
८.१.१ एक पालिकाः एक वन नर्सरी निर्माण तथा सञ्चालन (पालिकासँग साझेदारी मार्फत) (पालिका) 44
८.१.२ नर्सरी मर्मत तथा स्तरोन्नति 44
८.१.३ गत वर्षको बिरुवा स्याहार सम्भार) बहुवर्षीयको रुपमा अल्या भइ आएको( 45
८.१.४ आगामी वर्षका लागि बिरुवा उत्पादन) बहुवर्षीय( 45
८.१.५ चालु आ.व.को लागि बिरुवा उत्पादन) एक वर्षीय( 46
८.१.६ अनुसन्धानमुलक वन नर्सरी (अनुसन्धान, सञ्चानल ईत्यादि) 46
८.२ बृक्षारोपण, समृद्धि बृक्षारोपण, पुनःरोपण, गोडमेल तथा संरक्षण 47
८.२.१ गत विगत बर्षहरुमा रोपण भएका क्षेत्रमा पुनः रोपण, स्याहार सम्भार र संरक्षण 47
८.२.२ बृक्षारोपण योजना तयारी र कार्यान्वयन (वृहत्तर चक्ला वृक्षारोपण समेत) 47
८.२.२.१ बृक्षारोपण योजना तयारी र कार्यान्वयन) वृहत्तर चक्ला बृक्षारोपण समेत( 47
८.२.२.२ सरकारी तथा सार्बजानिक जग्गामा बृक्षारोपण र संरक्षण 48
८.२.२.३ अतिक्रमण हटाई वन क्षेत्रको पुनर्स्थापना (बृक्षारोपण) 48
८.२.३" हरित सडक लुम्बिनीको पहिचान "कार्यक्रम मार्फत सडक सौन्दर्यीकरण वृक्षारोपण 48
८.३ निजी तथा कृषि वन कार्यक्रम 49
८.३.१ कृषि वन प्रवर्द्धन कार्यक्रम 49
८.३.२ कृषि वन विकासमा प्राविधिक सहजीकरण मार्फत उत्पादन वृद्धि कार्यक्रम 49
८.३.३ घुम्ति बिरुवा वितरण र रोपण सहजीकरण विशेष अभियान 50

# परिच्छेद १: प्रारम्भिक

### १.१ पृष्ठभूमि

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय अन्तर्गत विभिन्न आयोजना/कार्यक्रमहरु सञ्चालन गर्ने गरी बजेट विनियोजना भएको परिप्रेक्ष्यमा आर्थिक कार्यविधि तथा प्रचलित ऐन, नियम, मार्गदर्शन, सार्वजनिक खर्चको मापदण्ड र विनियोजित बजेटको परिधि भित्र रही स्वीकृत वार्षिक कार्यक्रमहरु मन्त्रालयका महाशाखा र शाखाहरु एवम् मातहतका कार्यालयहरुः वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयहरू र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूबाट सञ्चालन गर्ने गरी तय गरिएको छ । स्वीकृत वार्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित उपलब्धि प्राप्तिका लागि कार्यक्रम/क्रियाकलाप सञ्चालनमा एकरुपता, सम्पादित कार्यको परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता तथा सरल र सहज तरिकाबाट समयमा नैं प्रभावकारी कार्यान्वयन भई अधिकतम उपलब्धि हासिल गर्ने उद्देश्यले लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालय को निर्णय (माननीय मन्त्रिस्तरीय)ले यो वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ स्वीकृत गरी जारी गरिएको छ ।

### १.२ संक्षिप्त

क. यस कार्यविधिको नाम "बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ ।

ख. यो कार्यविधि आ.व. २०८१/८२ को अवधिभर वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश र अन्तर्गतका कार्यालयमा लागु हुनेछ ।

### १.३ परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

- “कार्यविधि” भन्नाले प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायहरु मार्फत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न वन तथा वातावरण मन्त्रालयवाट स्वीकृत कार्यविधिलाई सम्झनुपर्छ ।
- “मन्त्रालय” भन्नाले लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयलाई सम्झनुपर्छ ।
- “सम्बन्धित निकाय” भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन गर्न तोकिएको निकायलाई सम्झनुपर्छ।
- “महाशाखा” भन्नाले वन तथा वातावरण मन्त्रालयका महाशाखाहरु सम्झनुपर्छ ।
- “कार्यालय” भन्नाले वन तथा वातावरण मन्त्रालय अन्तर्गत स्थापना भएका प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यलयहरु एवम् भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुलाई सम्झनुपर्छ।
- “स्थानीय तह/पालिका” भन्नाले कार्यक्रम लागु हुने स्थानको उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ ।
- “उद्योग” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालन भएका उद्योगलाई सम्झनुपर्छ ।
- "प्रचलित कानून" भन्नाले संघ र प्रदेश सरकार, लुम्बिनी प्रदेशले निर्माण गरेका तथा हाल कार्यान्वयनमा रहेका कानूनहरुलाई जनाउँछ ।
- "वातावरण मैत्री क्रियाकलापहरू" भन्नाले यस कार्यविधि अनुरूप सञ्चालन हुने निर्माण सम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्दा सकभर सिमेण्ट, फलाम जस्ता वस्तुहरूको प्रयोग नगरी/कम प्रयोग गरी स्थानीय स्तरमा प्राप्त हुने प्राकृतिक तथा जैविक सामग्रीहरू जस्तैः काठ, ढुंगा, माटो, खर आदिको प्रयोग गरी गरिने क्रियाकलापलाइ सम्झनुपर्छ । सो शब्दले उद्यान, पार्कमा निर्माणजन्य क्रियाकलाप कम र हरियालीजन्य क्रियाकलापहरूलाई प्राथमिकता दिने समेत जनाउँछ ।

### १.४ कार्यक्रम सञ्चालनका लागि साझा प्रक्रिया एवम् मार्गदर्शन

- स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिमको परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्ने।

- स्वीकृत वार्षिक कार्यक्रम प्राप्त भए पश्चात् कार्यक्रम कार्यान्वयन योजना बनाई सरोकारवालाहरुको सहभागितामा सार्वजनिक गर्ने।
- स्वीकृत वार्षिक कार्यक्रमको विषयगत विशिष्टीकरण र आवश्यकता अनुसार कार्य बिभाजन गरी कर्मचारीहरूलाई जिम्मेवारी तोक्ने ।
- क्रियाकलापहरूको प्रकृतिको आधारमा क्षेत्र निर्धारण गरी लक्षित समूह क्षेत्र स्थानीय स्तरमा बैठक, छलफल र आवश्यकता अनुसार अन्तरक्रिया र गोष्ठी सञ्चालन गरी कार्यक्रम सञ्चालन हुने स्थानको पहिचान गर्ने ।
- विषयगत प्राविधिकबाट कार्यक्रमको विस्तृत सर्वेक्षण, डिजाइन तथा लागत अनुमान तयार गर्ने। कार्यालयमा विषयगत प्राविधिक नभएको अवस्थामा स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकारी कार्यालयका प्राविधिक वा निजी क्षेत्रको समेत सेवा खरिद गरी कार्य सञ्चालन गर्न सकिने ।
- विशेष सिपयुक्त जनशक्ति आवश्यक पर्ने भएमा कार्यक्रम अवधिका लागि व्यक्ति वा सेवा करारमा लिएर सञ्चालन गर्ने ।
- प्रदेश अन्तर्गतका कार्यालयहरूबाट सञ्चालन हुने तालीम तथा अनुसन्धानका विषयहरूमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय गरी सञ्चालन गर्न सकिने।
- यस कार्यविधि बमोजिम मन्त्रालय, प्रदेश वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुबाट सञ्चालन गरिने तालिम गोष्ठी, सेमीनार जस्ता नियमीत कार्यहरु कार्यालयका मौजुदा जनशक्ती मार्फत अमानतमा सञ्चालन गरी लक्ष्य अनुसारको प्रगति हासिल गरीने ।
- वन विकास सम्वर्द्धन, संरक्षण, व्यवस्थापन सम्बन्धी विशिष्टिकृत कार्यहरु जस्तै वन नर्सरी निर्माण/मर्मत, बिरुवा उत्पादन, वृक्षारोपण, तारबार, कार्ययोजना निर्माण, परिमार्जन, वन सर्भेक्षण आदि अग्नीरेखा निर्माण/मर्मत, पानीपोखरी निर्माण/मर्मत, सरसफाई, नियन्त्रित आगलागी, Weeding, cleaning, thinning, सुधार कटान, हार्भेस्टीङ्ग आदि जस्ता वन क्षेत्र/परिसर भित्र सञ्चालन हुने हुँदा यस्ता कामहरु कार्यालयका मौजुदा जनशक्ति मार्फत अमानतमा सञ्चालन गरी लक्ष्य अनुसारको प्रगति हासिल गरिने ।
- लागत अनुमान तयार गर्दा लुम्बिनी प्रदेश सरकार अर्थ मन्त्रालयबाट तयार भएको स्वीकृत नर्मस्, अन्य प्रचलित नर्मस् , जिल्ला दररेट वा सम्बन्धित स्थानीय तहको दररेटलाई आधार लिइने।
- यस कार्यविधि बमोजिम सञ्चालन गरीने निर्माणसँग सम्बन्धित तथा सेवा प्रदायकबाट गरिने कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धी तथा मूल्यांकन गर्ने कार्यका लागि सम्बन्धित कार्यक्रमको प्याकेजमा नै ४ प्रतिशत कन्टीन्जेन्सी रकम सहितको लागत अनुमान स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने छ। कन्टीन्जेन्सी रकम प्रचलित कानुन अनुसार खर्च गर्न सकिने ।
- कार्य योजनाले निर्दिष्ट गरे बमोजिम वा सरकारद्वारा स्वीकृत विकास कार्यहरु (नर्सरी निर्माण, बिरुवा उत्पादन, वृक्षारोपण, गोडमेल, थिनिङ्ग, प्रुनिङ्ग, हारभेष्टिङ्ग इत्यादि) अमानतबाट गर्दा कम्तिमा वन सेवाको पाँचौ तह सम्मको वन प्राबिधिक कर्मचारीले प्रचलित नर्म्स, निर्देशिका र मापदण्डहरुको अधिनमा रही लागत इष्टिमेट बनाई अधिकार प्राप्त अधिकारीको स्वीकृति लिई सञ्चालन गर्नु पर्नेछ।

लागत अनुमानमा देहायका विषयहरू समावेश गर्ने:

- कार्यक्रम/क्रियाकलापको शीर्षक
- कार्यक्रम सञ्चालन हुने स्थान
- कार्यक्रमको डिजाइन, नक्सा, इकाई, परिमाण, प्रति इकाई लागत र कुल लागत परिमाण अनुमान
- श्रोत साझेदारीको अवस्था

कार्यक्रम सञ्चालनको लागि प्रस्ताव तयार गर्दा देहायका विषयहरू स्पष्ट खुलाउने

- कार्यक्रमको नाम
- कार्यक्रमको पृष्ठभूमि

- कार्यक्रमको लक्ष्य र उद्देश्य
- कार्यक्रम सञ्चालन हुने स्थान वा क्षेत्र
- लक्षित समूह सम्बन्धी बिवरण, लाभान्वित घरधुरी, जनसंख्या
- कार्यक्रम सञ्चालन विधि र प्रकृया
- कार्यक्रम शुरु हुने मिति, सम्पन्न गर्न लाग्ने अवधि र लागत अनुमान
- अपेक्षित उपलब्धीहरू
- अनुगमन तथा मूल्याङ्कन

**१.५ कार्यक्रम कार्यान्वयन विधि**

यसमा उल्लेख भएका कार्यक्रमहरू प्रचलित कानूनको अधीनमा रही तपसिल अनुसार सञ्चालन गरिनेछ ।

- अमानतबाट कार्यालयले सम्पादन गर्ने नियमित कार्यहरु
- उपभोक्ता समूह वा समितिबाट
- ठेक्कापट्टाबाट
- परामर्श सेवा खरिदबाट
- साझेदारी वा सम्झौताबाट

**१.६ कार्यक्रम अनुगमन तथा मूल्याङ्कन विधि**

कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन तपसिल बमोजिम गरिनेछ ।

- वन निर्देशनालयले अनुगमन योजना बनाई नियमित रूपमा अनुगमन गरी पृष्ठपोषण दिने ।
- कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूले योजना बनाई नियमित रूपमा अनुगमन गरी समयमै पृष्ठपोषण र गुणस्तर नियन्त्रण गर्ने ।
- अनुगमन मूल्याङ्कन गर्दा प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ लाई समेत आधार बनाउनुपर्ने।
- भौतिक निर्माणको कार्यक्रम सम्पन्न भएपछि आयोजना स्थलमा सम्बन्धित कार्यक्रमबाट नै खर्च बेहोर्ने गरी सकभर काठको वा अन्य उपयुक्त सूचना पार्टी राख्नुपर्ने ।
- कार्यक्रम कार्यान्वयनको प्रगति मासिक रूपमा सम्बन्धित निकायमा पेश गर्नु पर्ने ।

**१.७ बचाउ**

यस कार्यविधिमा उल्लिखित विषय सम्बन्धित प्रचलित कानूनी व्यवस्था बमोजिम कार्यान्वयन गर्न बाधा परेको मानिने छैन ।

# परिच्छेद २: वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम(३२९०००१२)

## २.१ वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन

### २.१.१ चक्ला वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन

यस शीर्षकमा विनियोजित भएको रकम लुम्बिनी प्रदेशबाट जारी भएको "वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९" बमोजिम वन बाली स्थापना गर्न, हुर्काउन, स्याहार सम्भार तथा पुनरूत्पादन नियमन गर्न अवलम्बन गरिने छनौट प्रणाली(Selection System), छत्र प्रणाली (Shelterwood System), सरपट कटान प्रणाली (Clear Felling System) लगायतका वन सम्वर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) मध्ये कुनै एक प्रणाली अपनाई कार्ययोजना तयार गर्ने,नबिकरण गर्ने तथा तयार गरीएको वा नवीकरण गरिएको वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनका साथै अग्नीरेखा मर्मत संभार, अग्नीरेखा निर्माण, खहरे तथा पानी निकास व्यवस्थापन, अतिक्रमण नियन्त्रण र वन संरक्षण (वन हेरालु तथा घाटगद्दी चौकीदार समेत) लगायतका कार्यहरुलाई प्राथमिकता दिई खर्च गर्नु पर्नेछ । यसरी चक्ला वन व्यवस्थापन मार्फत उत्पादन भएका काठ दाउरालाई सुरूक्षित रूपमा राख्न छहारी सहितको घाटगद्दी (Logyard) निर्माण तथा व्यवस्थापन गर्नुपर्नेछ । डिभिजन वन कार्यालयले उपलव्ध एकमुष्ट बजेटलाई स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम माथि उल्लेखित क्रियाकलापहरू प्रचलित नर्म्स र नियम बमोजिम लागत अनुमान तयार तथा स्वीकृत गरी गराई बजेट तथा कार्यक्रम विभाजन (Breakdown) गर्नुपर्नेछ। माथि उल्लेखित क्रियाकलापहरु मध्ये कुनै क्रियाकलाप कार्ययोजनामा छुट हुन गएको तर स्थलगत रूपमा नगरी नहुने अवस्था आएमा प्रचलित कानुन बमोजिम पूरक कार्ययोजना बनाई स्वीकृत गरी सम्पादन गर्न सकिनेछ ।

एकमुष्ट बजेटको विभाजन गरी कार्यक्रम तयार गर्दा निम्न अनुसारको क्रियाकलाप निम्नानुसार गर्नु पर्नेछ ।

क. पुनरूत्पादन कटान पश्चात् वा अन्य कारणबाट बारबेर गर्नुपरेमा वन्यजन्तुको स्वास्थ्य सुरक्षा तथा वातावरणीय दृष्टिकोणले कटानबाट उत्पादित हाँगाबिँगा वा थिनिङबाट पोल खम्बा तयार गरी नेट जालीको बारबेर गर्नुपर्नेछ ।

ख. यस कार्यक्रम कार्यान्वयन गर्दा चक्ला वन संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधारको कमी वा पूर्वाधार नभएमा चौकिदार भवन, सम्बन्धित सव डिभिजन वन कार्यालय भवनको मर्मत सम्भार, सवारी साधन व्यवस्थापन एवम् कार्यालय सञ्चालन गर्न तथा वन व्यवस्थापनसँग सम्बन्धित क्षमता अभिवृद्धिका क्रियाकलाप समेत गर्न सकिनेछ तर यस शीर्षकमा विनियोजन भएको रकमको २० प्रतिशत भन्दा बढी रकम यस्ता क्रियाकलापमा खर्च गर्न पाईने छैन ।

कार्यसम्पन्न भए पश्चात् हरेक कार्यक्रमको अन्य कागजातका अतिरिक्त तोकिएको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन, जाचँपास फारम र नापी किताब तयार गरी पेश गर्नुपर्नेछ ।

### २.१.२ साझेदारी वन व्यवस्थापन कार्ययोजना नवीकरण तथा कार्यान्वयन

यस शीर्षक अन्तर्गत विनियोजित भएको रकम लुम्बिनी प्रदेशबाट जारी भएको "वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९" बमोजिम साझेदारी वनहरूको वन बाली स्थापना गर्न हुर्काउन स्याहार सम्भार तथा पुनरूत्पादन नियमन गर्न अवलम्वन गरिने छनौट प्रणाली(Selection System), छत्र प्रणाली (Shelterwood System), सरपट कटान प्रणाली (Clear Felling System) लगायतका वन सम्वर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) मध्य कुनै एक उपयूक्त प्रणाली अपनाई कार्ययोजना तयारी,नवीकरण/संशोधन गर्ने तथा त्यस्ता कार्ययोजना कार्यान्वयन गरिने कार्यमा खर्च गरिने छ । वन व्यबस्थापन कार्ययोजना अनुसार सम्बन्धित वनको संरक्षण र व्यवस्थापनसँग सम्बन्धीत पुनरूत्पादन कटान, पुनरूत्पादन तयारी कटान, थिनिङ तथा सुधार कटान, पुनरूत्पादन अभिवृद्धि कार्यक्रम, अग्नीरेखा मर्मत संभार, अग्नीरेखा निर्माण, खहरे तथा पानी निकास व्यवस्थापन, वन संरक्षण, अतिक्रमण नियन्त्रण वन क्षेत्रमा वृक्षारोपण र वन संरक्षण

लगायतका कार्यलाई प्राथमिकता दिई खर्च गर्नु पर्नेछ । यसरी साझेदारी वन व्यवस्थापन मार्फत उत्पादन भएका काठ दाउरालाई सुरूक्षितरूपमा राख्न छहारी सहितको घाटगद्दी (Logyard) निर्माण तथा व्यवस्थापन गर्नु पर्नेछ । यस शीर्षकमा विनियोजित रकम साझेदारी वन समुहको क्षेत्र बाहिरको नर्सरी, बिरूवा उत्पादन, वृक्षारोपण एवम् सामाजिक विकास निर्माणका कार्यहरूमा खर्च गर्न पाइने छैन। यस शीर्षकमा विनियोजित बजेटलाई साझेदारी वन व्यवस्थापन समूहसंगको समन्वयमा स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम माथि उल्लेखित क्रियाकलापहरूमा विभाजन गरी प्रचलित नर्म्स र नियम बमोजिम लागत अनुमान तयार तथा स्वीकृत गरी गराई कार्यान्वयन गर्नुपर्नेछ। बजेटको विभाजन र प्रगतिको जानकारी निर्देशनालयलाई नियमित रुपमा गराउनु पर्नेछ। माथि उल्लेखित क्रियाकलापहरु मध्ये कुनै क्रियाकलाप कार्ययोजनामा छुट हुन गएको तर स्थलगत रूपमा नगरी नहुने अवस्था आएमा प्राविधिक प्रतिवेदन लिई प्रचलित कानुन बमोजिम पूरक कार्ययोजना तयार तथा स्वीकृत गराई सम्पादन गर्न सकिनेछ । प्रचलित नियमानुसार उपभोक्ता समूह मार्फत कार्य गराउनु परेमा हरेक कार्यको लागत अनुमान तयार तथा स्वीकृत गरी सम्झौता गरी समूहको खातामा रकम पठाई कार्य गर्न यसले बाधा पुर्‍याएको मानिने छैन । समूहको खातामा रकम गई समूह मार्फत् कार्य गर्दा कार्य सम्पन्न हुँदाका सक्कलै बील भरपाई एवम् कार्यसम्पन्न प्रतिवेदन, जाँचपास फारम र नापी किताब कार्यालयमा राख्नु पर्नेछ ।
एकमुष्ट बजेटको विभाजन गरी कार्यक्रम तयार गर्दा निम्न अनुसारको क्रियाकलाप निम्नानुसार गर्नु पर्नेछ ।

क. पुनरूत्पादन कटान पश्चात् वा अन्य कारणबाट बारबेर गर्नुपरेमा वन्यजन्तुको स्वास्थ्य सुरक्षा तथा वातावरणीय दृष्टिकोणले कटानबाट उत्पादित हाँगाबिँगा वा थिनिङबाट पोल खम्बा तयार गरी नेट जालीको बारबेर गर्नुपर्नेछ ।

ख. यस कार्यक्रम कार्यन्वयन गर्दा साझेदारी वनको संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधारको कमि वा पूर्वाधार नभएमा चौकिदार भवन, सम्बन्धित सब डिभिजन वन कार्यालय भवनको मर्मत सम्भार, सवारी साधन व्यवस्थापन एवम् कार्यालय सञ्चालन गर्न तथा वन व्यवस्थापनसँग सम्बन्धित क्षमता अभिवृद्धिका क्रियाकलाप समेत गर्न सकिनेछ। तर यस शीर्षकमा विनियोजन भएको रकमको २० प्रतिशत भन्दा बढी रकम यस्ता क्रियाकलापमा खर्च गर्न पाईने छैन ।

समूह मार्फत कार्य नभई कार्यालयबाटै कार्य सञ्चालन भएको अवस्थामा कार्यसम्पन्न भए पश्चात् हरेक कार्यक्रमको अन्य कागजातका अतिरिक्त तोकिएको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन, जाचँपास फारम र नापी किताब तयार गरी पेश गर्नुपर्नेछ ।

**२.१.३ सामुदायिक वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना तयारी, संशोधन तथा कार्यान्वयन**

वनको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै दिगो रूपमा वन पैदावार प्राप्त गर्ने उद्देश्यले स्वीकृत वन व्यवस्थापन योजनाको अधिनमा रहि यो कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । लुम्बिनी प्रदेशवाट जारी भएको "वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९" बमोजिम सामुदायिक वनहरूको वन बाली स्थापना गर्न हुर्काउन स्याहार सम्भार तथा पुनरूत्पादन नियमन गर्न अवलम्वन गरिने छनौट प्रणाली (Selection System) छत्र प्रणाली (Shelterwood System) सरपट कटान प्रणाली (Clear Felling System) लगायतका वन सम्वर्द्धन प्रणाली (सिल्भिकल्चर सिस्टम) मध्य कुनै एक उपयूक्त प्रणाली अपनाई कार्ययोजना नवीकरण/संशोधन गर्ने वा नयाँ कार्ययोजना तयार गर्ने र यसरी नविकरण भएका वा नयाँ वनेका कार्ययोजना कार्यान्वयन गर्ने क्रियाकलापमा रकम खर्च गरिने छ ।

यस शीर्षकमा विनियोजन बजेट पुनरूत्पादन कटान, पुनरूत्पादन तयारी कटान, थिनिङ तथा सुधार कटान, छहारी सहितको घाटगद्दी (Logyard) निर्माण तथा व्यवस्थान, पुनरूत्पादन अभिवृद्धि कार्यक्रम, अग्नीरेखा मर्मत संभार, अग्नी रेखा निर्माण, खहरे तथा पानी निकास व्यवस्थापन, वन संरक्षण, अतिक्रमण नियन्त्रण वन क्षेत्रमा वृक्षारोपण र वन संरक्षण लगायतका कार्यलाई प्राथमिकता दिई खर्च गर्नु पर्नेछ ।

### २.१.४ वनक्षेत्रका ढलापडा तथा वेवारिसे काठ दाउरा संकलन तथा व्यवस्थापन

सरकारद्वारा व्यवस्थित वनमा हावाहुरी वा अन्य कारणले ढलेका रुखहरु तथा वारिसे, बेवारिसे, मुद्दाको सिलसिलामा बरामद वन पैदावार संकलन तथा घाटगद्दी गर्नुपर्नेछ । यसरी काठ दाउरा संकलन गर्दा अन्य रुखहरुलाई असर नपर्ने गरी प्रचलित वन ऐन,वन नियमावली तथा वन पैदावार (काठ/दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ अनुसार गर्नुपर्नेछ । यसका अतिरिक्त यस शीर्षकवाट पहाडी तथा उच्च पहाडी क्षेत्रका वार्षिक आम्दानी न्यून (रु. १ लाख भन्दा कम) भएका सामुदायिक वन क्षेत्रमा हावाहुरी वा अन्य कारणले ढलेका रुखहरु संकलन तथा घाटगद्दी गर्न सकिने छ।घाटगद्दी सकभर वन क्षेत्र भन्दा बाहिर गर्नुपर्नेछ तर विकल्प नभएमा वनक्षेत्रको सुरक्षित स्थानमा गर्न सकिने छ । संकलित काठ दाउराको घाटगद्दी गर्दा सुरक्षाको यथोचित व्यवस्था मिलाई आगलागी, खोलानालाको बाढीले प्रभाव पार्न नसक्ने स्थान छनौट गर्नुपर्दछ ।

## २.२ सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम

### २.२.१ सामुदायिक वनको अनुगमन, मूल्यांकन र अभिलेखीकरण

प्रचलित वन ऐन तथा नियमावली एवं मार्गदर्शनले निर्धारण गरेको प्रक्रियाहरू तथा सामुदायिक वनको कार्ययोजनामा निर्दिष्ट गरिएको कार्यहरू सञ्चालन भए नभएको हेर्न सामुदायिक वनहरूको निरीक्षण तथा अनुगमन गर्ने, अनुगमनबाट प्राप्त नतिजाहरू लिपिबद्ध गर्न अनुगमन पुस्तिका प्रकाशन गर्ने र सामुदायिक वन समुहलाई आवश्यक निर्देशन एवम् पृष्ठपोषण प्रदान गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।

यो शीर्षकमा विनियोजित रकम अनुगमन फारम प्रकाशन, अनुगमन(तथ्याङ्क संकलन)मा खटिने कर्मचारीको दैनिक तथा भ्रमण भत्ता, तथ्यांक विश्लेषण तथा लेखन कार्य, अनुगमन पुस्तिका प्रकाशन गर्न खर्च गर्न सकिनेछ। अनुगमन फारमको एकरूपताको लागि निर्देशनालयले आवश्यक निर्देशन दिन सक्नेछ। यसरी अनुगमन गरिएको फारम आवश्यकता अनुसार सम्बन्धित सब डिभिजन कार्यालय र डिभिजन वन कार्यालयमा डिजिटल र भौतिक रूपमा अभिलेख राख्नुपर्नेछ।यसरी डिभिजन वन कार्यालयले तथ्यांक सार्बजनिक गर्दा अन्य विवरणको अतिरिक्त अनुगमन गरिएका प्रत्येक सामुदायिक वनको गत आ.व.को आम्दानी, खर्च र खुद मौज्दात सम्बन्धी विवरणहरू अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ।यसरी तयार भएको अनुगमन पुस्तिका १/१ प्रति मन्त्रालय, वन निर्देशनालय र प्रदेशका सबै डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ।वन निर्देशनालयले डिभिजन वन कार्यालयहरूबाट प्राप्त अनुगमन सम्बन्धी विवरणहरू एकिकृत गरी कार्यक्रम अनुगमन सम्बन्धी बजेटबाट प्रदेश स्तरीय सामुदायिक वन अनुगमन प्रतिवेदन तयार गर्नुपर्नेछ ।

### २.२.२ कबुलियती वन समूहमा सामाजिक परिचालन मार्फत आयआर्जन

यस शीर्षकमा विनियोजन भएको रकम कबुलियती वन समूहमा नियमित रूपमा वन व्यवस्थापन र अन्य बहुआयामिक कार्यक्रम मार्फत आयआर्जन बृद्धि हुने किसिमका क्रियाकलापहरू सञ्चालन गर्न वन प्राविधिक (कम्तिमा डिप्लोमा फरेष्ट्री गरेको), जिल्ला सुपरभाइजर (District Supervisor) तथा समूह सहयोगी (Group Promoter) को पारिश्रमिकमा खर्च गरिनेछ ।

यस कार्यक्रमबाट कबुलियती वन समूह रहेको जिल्लामा प्रति ५० समूह एक जना वन प्राविधिक र जिल्ला सुपरभाईजर एवं समूह संख्याको आधारमा समुह सहयोगी डिभिजन वन कार्यालयले छनौट गरी कबुलियती वनमा विभिन्न समुह परिचालनका कार्यक्रमहरु जस्तै कवुलियती वन उपभोक्ता समूहहरुको भेला गराउने, समिति गठन तथा नवीकरण गर्ने, छलफल कार्यक्रमहरु सञ्चालन गर्ने, नियमित वचत संकलन तथा सहकारी गठन, समूहको व्यावसायिक योजना बनाई कबुलियती वन क्षेत्र र कबुलियती वन समूहका सदस्यहरूको निजी जग्गामा समेत आयमूलक जडीबुटी घाँस तथा गैरकाष्ठ वन पैदावारको खेती, फलफूल तथा वन प्रजातिका बिरुवा रोपण, पशुपालन जस्ता आयमूलक क्रियाकलाप सञ्चालनमा सहजीकरण गर्ने, सहभागितात्मक रुपमा समूहहरुको मूल्याङ्कन गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ । नयाँ समूह

गठन गरी समूहको विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना तयार गर्नुपर्दा अधिकतम रू. दश हजार सम्म खर्च गर्न सकिनेछ ।वन प्राविधिक सुपरभाईजर र समुह सहयोगीको कार्य जिम्मेवारी निम्न अनुसारको हुनेछः

- डिभिजन वन कार्यालयको निर्देशन अनुसार कबुलियती वनमा अनुगमन, निरीक्षण, संरक्षण, सम्वर्द्धन लगायत समूहहरूलाई आवश्यक प्राविधिक सहयोग गर्ने,
- कबुलियती वन समूह, सब डिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय, स्थानीय तह र पशुसेवा सम्बन्धी कार्यालय लगायतका निकायको बीचमा सम्वन्ध र समन्वय कायम गर्ने,
- समूह गठन तथा नवीकरणका लागि परिचालन, उत्प्रेरणा र सहयोग गर्ने,
- बैठक व्यवस्थापन गर्न कबुलियती वन समूहलाई निरन्तर सहयोग गर्ने, नेतृत्व विकास, रेकर्ड राख्ने, बचत कार्यमा सहयोग गर्ने र साधारण शिशु स्वास्थ्य, पोषण र सरसफाईबारे समूह सदस्यलाई ज्ञान दिने,
- सब डिभिजन वन कार्यालय तथा डिभिजन वन कार्यालयसँग समन्वय गरी समूहको लागि सञ्चालन हुने फिल्डस्तरका कार्यहरु र तालीम तथा प्रचार प्रसार कार्यमा सहयोग गर्ने,
- आफ्नो कार्यक्षेत्रका सवै कवुलियती वन समूहको बैठकमा भाग लिने,
- कवुलियती वन समूहको अनुगमन कार्य गरी वन कार्यालयलाई नियमित रिपोर्टिङ गर्ने,
- समूहले पाउने सहयोगको बारेमा डिभिजन वन कार्यालयबाट जानकारी लिई सोही बमोजिम समूहलाई जानकारी गराउने,
- वन तथा पशु सेवा सम्बन्धी इन्टर्न विद्यार्थीलाई कार्यक्षेत्रमा परिचालन गरी कबुलियती वन विकास कार्यक्रममा सहभागी गराउने,
- अन्यको हकमा डिभिजन वन कार्यालयले तोके बमोजिम हुनेछ ।

कबुलियति वनको विधान, कार्ययोजना र जीविकोपार्जन सुधार योजना तयारीमा निम्नानुसार खर्च गर्न सकिनेछः

- टोल, घरधुरी सर्वेक्षण, समुदाय छलफल गोष्ठी, खाजा खर्च,
- सहजीकरणमा खटिएको कर्मचारीको दैनिक तथा भ्रमण खर्च, ईन्धन र संचार खर्च
- टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्ग

कबुलियती वन समूह गठन पश्चात् प्रगति प्रतिवेदनमा निम्न बुँदाहरू समाबेश गर्नु पर्नेछः

- गठित समूह र हस्तान्तरित कबुलियती वनको नाम र ठेगाना
- सामाजिक समूह अनुसारको लाभान्वित घरधुरी संख्या र जनसंख्या
- कार्यसमितिको स्वरूप
- गठन वा नवीकरण गरिएको कबुलियती वनको क्षेत्रफल

### २.२.३ वन पैदावारमा आधारित उद्यम बिकास सहयोग (महीला,बिपन्न,आदीबासी मात्र)

यस कार्यक्रमको मुल उद्देश्य जडीबुटी, गैह्रकाष्ठजन्य तथा काष्ठजन्य वन पैदावरमा आधारित निजी, सहकारी, सामुदायिक र साझेदारी उद्यमको विकास र प्रवर्द्धनमा सहयोग गरि प्रशोधन तथा विक्री वितरण सवल र सुदृढ बनाउँदै स्थानीय स्तरमा आय आर्जन र रोजगारीका अवसरहरुको अभिवृद्धि गर्ने रहेको छ।

वनक्षेत्रबाट दिगो रुपमा प्राप्त हुने काष्ठ तथा अन्य गैह्रकाष्ठजन्य उद्यमका लागि प्रस्ताव आह्वान गरी कम्तिमा १५ दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।प्रस्ताव माग गर्दा महिला, विपन्न, आदिबासीहरूलाई प्राथमिकतामा राखी उद्यमका लागि कच्चा पदार्थको उपलब्धता र प्रस्तावित उद्यमवाट उत्पादित वस्तुको माग तथा वजार भएको हुनुपर्नेछ । कच्चा पदार्थको नियमित प्राप्ति, सृजना हुने रोजगारी, वातावरणमा पार्ने सकारात्मक प्रभाव, स्रोतको सदुपयोग लगायतका सुचकका आधारमा प्राप्त प्रस्ताव मूल्यांकन गरी सवैभन्दा उत्तम प्रस्ताव छनौट गर्ने र संझौता गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

निजी उद्यमको हकमा कुल लागतको ५० प्रतिशत अनुदान दिने र सहकारी, सामुदायिक वा अन्य साझेदारीको हकमा वढीमा ७५ प्रतिशतसम्म अनुदान यस शिर्षकको रकमवाट खर्च गर्न सकिने छ । पहिलो किस्ता एक तिहाई र बाँकी अंश वढीमा २ किस्तामा भूक्तानी गर्न सकिने छ । यसरी कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- उद्यमको नाम, संचालक र ठेगाना
- उद्यम रहेको स्थान (अवस्थिति सहित)
- उद्यमको प्रकार निजी, सहकारी, साझेदारी, समुदाय
- उद्यमवाट उत्पादन हुने वस्तु तथा सेवा
- कुल लागत र अनुदान तथा उद्यमीको अंश
- रोजगारी अनुमानित श्रमदिन प्रतिवर्ष
- उद्यम स्थलमा राखिएको माथिका विवरण देखिने होर्डिङ वोर्डको फोटो

## २.३ वन, वन्यजन्तु संरक्षण र वन अपराध नियन्त्रण

### २.३.१ वन डढेलो नियन्त्रण (पूर्व तयारी, नियन्त्रणात्मक, दण्डात्मक तथा मौसमी हेरालु व्यवस्थापन कार्यसमेत)

यस शीर्षकमा विनियोजन भएको रकम डिभिजन वन कार्यालयको समग्र कार्यक्षेत्रमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने कार्यमा खर्च गरिनेछ । वनडढेलो नियन्त्रण तथा व्यवस्थापन कार्ययोजनामा निम्न क्रियाकलापहरुमा निम्न बमोजिम रकम खर्च सकिनेछ ।

| सि. नं. | क्रियाकलाप | कुल रकमको खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | वन डढेलो जोखिम क्षेत्र वर्गीकरण तथा नक्सांकन | २-५ | |
| २ | अग्नी रेखा मर्मत तथा व्यवस्थापन:<br>यस शीर्षकबाट साविकमा भएका अग्नीरेखाको सरसफाई तथा मर्मत सम्भार गरिनेछ । | १०-१५ | |
| ३ | वनक्षेत्र भित्रको ज्वलनशील पदार्थ संकलन तथा व्यवस्थापन:<br>यस शीर्षक अन्तर्गत नियन्त्रित डढेलो (Controlled Burning), वन क्षेत्र भित्रको पत्कर संकलन तथा व्यवस्थापन, संकलित पत्करबाट प्राङ्गारिक मल उत्पादन तथा अन्य कार्य गरिनेछ । | १५-२० | |
| ४ | वन डढेलो नियन्त्रण सम्बन्धी क्षमता अभिवृद्धि तथा जनचेतनामूलक कार्यक्रम:<br>यस शीर्षकमा मौसमी हेरालु (दस्ता) व्यवस्थापन, स्कुल शिक्षा कार्यक्रम, वन डढेलो सप्ताह, प्रचार प्रसार, वन डढेलो नियन्त्रणको लागि क्षमता अभिवृद्धि तालिम तथा अन्य कार्य गरिनेछ । | २०-३० | |
| ५ | सहभागितामुलक वन डढेलो रोकथाम तथा नियन्त्रण :<br>वन डढेलो नियन्त्रणका लागि सरोकारवालासँग छलफल, वन डढेलो नियन्त्रण कार्य, प्रतिरोधी आगो (Counter Fire) तथा अन्य व्यवस्थापकीय कार्य सञ्चालन गरिनेछ । | १०-१५ | |
| ६ | वन डढेलो नियन्त्रण सामग्री खरिद तथा वितरण | ५-१० | |

| | | | |
|---|---|---|---|
| 7 | वन डढेलोमा संलग्न व्यक्तिहरूको पहिचानको सुराकी व्यवस्थापन (उत्प्रेरणामूलक), वन डढेलोसम्बन्धी घट्नाको छानविन, अनुसन्धान तथा मुद्दा दायरी | ३-५ | |

यस शीर्षकबाट विनियोजन भएको रकमबाट वन डढेलो नियन्त्रणको लागि नियमित गस्ति गर्न इन्धन तथा सवारी मर्मतका लागि बढिमा १० प्रतिशत रकम खर्च गर्न सकिनेछ ।यस शीर्षक बमोजिम वन डढेलो नियन्त्रणको पूर्व तयारीका लागि स्वीकृत कार्ययोजनाको अधिनमा रही तपसिलको कार्यक्रम सन्चालन गर्दा सम्बन्धित वन समुहको कार्ययोजनामा समाबेश गरि प्रचलित कानुनमा उल्लिखीत प्रकृया बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

**१) रासी गा.पा. भित्रका सामुदायिक वनहरूमा फायर लाइन निर्माण, दाङ**

### २.३.२ वन अतिक्रमण नियन्त्रण (वन सिमांकन समेत)

यस कार्यक्रमको उद्देश्य अतिक्रमणको दृष्टिकोणले संवेदनशिल वन क्षेत्रलाई सुरक्षित राख्न सिमांकन गरी निजी आवादी क्षेत्र र वन क्षेत्र छुट्याउनु रहेको छ । यस शीर्षकमा विनियोजित बजेट सरोकारवालासंग छलफल, सिमाना छुट्याउने कामका लागि (Peg गाड्ने, आवश्यकता अनुसार जैविक बार/तारबार,तोष निर्माण गर्ने इत्यादि) आवश्यक सामाग्री खरिद तथा प्रयोग, कर्मचारीको दैनिक भ्रमण भत्ता, इन्धन, खाजा ईत्यादीमा खर्च गर्न सकिने छ ।सिमाना छुट्याउने कार्य नापी प्राविधिकको संलग्नता र अन्य सुरक्षा निकायहरुको सहयोगमा गर्न सकिने छ ।

### २.३.३ वन अपराध नियन्त्रण (सूचना संकलन, गस्ती परिचालन मुद्दा दायरी समेत)

यस कार्यक्रमको मुल उद्देश्य वन, वन्यजन्तु र वन क्षेत्रको प्रभावकारी संरक्षणको लागि गस्ती परिचालन र सम्भावित आरोपीहरूलाई सुराकीको माध्यमबाट समयमै नियन्त्रणमा राखी वन अपराध हुनै नदिने वा भइ हालेमा उक्त अपराधको अनुसन्धान, तहकिकात गरी सम्बन्धित निकायमा मुद्दा दायरी गर्नु रहेको छ ।
यस शीर्षकमा विनियोजित बजेट निम्नानुसारको कार्यमा खर्च गर्न सकिनेछः

- सूराकी परिचालन
- गस्तीमा खटिने जनशक्तिहरूको खाजा खाना, फिल्ड गियर तथा उपकरण
- गस्ती तथा अपराध अनुसन्धान कार्यमा खटिने सवारी साधनको भाडा, इन्धन र मर्मत
- गस्ती, अनुसन्धान तथा तहकीकात कार्यमा खटिने कर्मचारीहरूलाई दैनिक भ्रमण भत्ता
- बरामद वस्तुको व्यवस्थापन
- अपराध नियन्त्रण तथा न्यूनिकरणका लागि सरोकारवालाहरू संगको छलफल तथा अन्तर्क्रिया गोष्ठी

कार्य सम्पन्न भए पश्चात् प्रगति प्रतिवेदनमा सम्पादन गरिएका क्रियाकलापहरू,क्रियाकलाप भएको स्थान, गस्ती/मुद्दाको क्रममा संकलित विभिन्न प्रतिवेदनहरू, फोटोहरू, खर्च रकमको विल भर्पाइ,उपलब्धीहरू पेश गर्नुपर्नेछ ।

### २.३.४ पीडितसँग प्रदेश सरकार कार्यक्रम मार्फत मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन

यस कार्यक्रमको उद्देश्य प्रदेशमा मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि आवश्यक पूर्वाधार निर्माण, मानव वन्यजन्तु सहअस्तित्वसँग सम्बन्धित कार्यहरू गर्नुका साथै मानवको जीउ धनमा हुने क्षतिलाई तत्काल राहत पुऱ्याउनु रहेको छ । यसका लागि मानव वन्यजन्तुको बारम्बार घटना घट्ने गरेको क्षेत्रमा न्यूनीकरणका लागि फेन्स निर्माण, वाल निर्माण, काठको टावर निर्माण, लगायतका पूर्वाधार निर्माणमा खर्च गर्नुपर्नेछ साथै वन्यजन्तुबाट हुने बालीनालीको क्षति न्यूनिकरण र राहतको सन्दर्भमा क्षति पुगेका बालीधनी कृषकहरूलाई प्राथमिकतामा राखी वन्यजन्तुले नरूचाउने/कम रूचाउने कृषि तथा गैरकाष्ठ प्रजातिहरू (अदुवा, बेसार, कागती, मेन्था, पामारोजा, क्यामोमाइल, टिमुर, अलैची इत्यादी) को खेति गर्न विउ विजन, विरूवा तथा रोपण एवम् खेति सम्बन्धी अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ । यसका अतिरिक्त वन्यजन्तुबाट हुन सक्ने क्षतीको बीमा डिबिजन क्षेत्र अन्तर्गत समस्याग्रस्त वन्यजन्तु नियन्त्रणमा लिनका लागि आवश्यक पर्ने केज, औजार, उपकरण सामाग्री खरिद समेत गर्न सकिनेछ । यी बाहेक द्वन्द्व प्रभावित क्षेत्रमा बासस्थान सुधार, स-

साना कोरिडोरको कनेक्टिभिटी, सिमसार तथा पानीपोखरीहरूको व्यवस्थापन, सचेतनामूलक क्रियाकलापहरू (वहन क्षमता अध्ययन समेतमा), विद्युतको सुविधा नभएको स्थानमा सोलार बत्तीको व्यवस्थापनमा खर्च गर्न सकिनेछ । घाइते तथा टुहुरा वन्यजन्तुहरूको उद्दारको लागि वन्यजन्तु उद्दार केन्द्रको स्थापना र सञ्चालन, उद्दारका लागि औषधी उपचार र आवश्यक आहाराको व्यवस्था तथा प्राकृतिक बासस्थानमा पुनर्स्थापन गर्ने कार्य समेतमा यस शीर्षकको बजेट खर्च गर्न सकिनेछ । यसका साथै वन्यजन्तुका कारण घरपालुवा जनावर तथा मानवीय क्षती भएको अवस्थामा राहत वितरणको लागि जिल्ला स्तरीय राहत वितरण सिफारिस समितिका सदस्यहरूको बैठक भत्ता तथा यातायात खर्च र वाली तथा पशु चौपायका क्षतिको मुल्याङकन गर्ने प्राविधिकहरुलाई खाना तथा खाजा खर्च समेत यस शीर्षकबाट व्यहोर्न सकिनेछ । साथै मानव वन्यजन्तु द्धन्द्ध न्यूनिकरणका लागि परिचालन हुने सावारी साधनको इन्धनका लागि समेत बजेट खर्च गर्न सकिनेछ । कुनै स्थानमा मानवीय क्षतिको घटना घटेमा मृत्यु भएको अवस्थामा १ लाख रूपैयाँ र सख्त घाइते भएको अवस्थामा वढीमा २५ हजार रूपैयाँ सम्म घटनाको पुष्टी हुने कागजातको आधारमा राहत रकमको कार्यक्रम समन्वय समिति मार्फत पछि समर्थन गराउने गरी तत्कालै राहत स्वरूप उपलव्ध गराउन सकिनेछ। यसरी वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण व्यवस्थापनका लागि डिभिजन स्तरमा पीडितसंग प्रदेश सरकार कार्यक्रम समन्वय समिति रहनेछ । यस कार्यक्रमबाट उपलव्ध गराईएको राहत रकम **वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०** को प्रकृया पुरा गरी उपलब्ध गराइने राहत रकममा कटाई समायोजन गर्नुपर्नेछ । यस शीर्षक बमोजिम हुने गरि मानव वन्यजन्तु न्यूनिकरणका लागि सडक बत्ति/ छेकबार पर्खाल/ तारवारका लागि निम्न शीर्षकका कार्यक्रमहरू समेत सञ्चालन गरिनेछः

१) वन्यजन्तुको जोखिम न्यूनिकरणको लागि सडक बत्ति ढुङ्ग्रहवा टकिया र गोविन्दापुर गााउँ, ठाकुरबाँबा बर्दिया
२) वन्यजन्तु छेकबार पर्खाल निर्माण, ठाकुरबाबा ४ र १ मा बर्दिया
३) सीतापुर नजिक रहेको सिमल खल्ला सामुदायिक वन मानव जनावर बीचको द्वन्द न्यूनिकरण गर्नका लागी तारवार , बढैयाताल गा.पा. १, सीतापुर
४) गौथली सामुदायिक वन वैजनाथ ६ तारवार र मेसजाली

**पीडितसंग प्रदेश सरकार कार्यक्रम समन्वय समिति**

संयोजकः डिभिजनल वन अधिकृत
सदस्यहरूः जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी
जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधी
सम्बन्धित स्थानीय तहको निर्वाचित प्रतिनिधी वा प्रशासकीय अधिकृत
संरक्षित क्षेत्र भित्रको घटनाको हकमा संरक्षित क्षेत्र कार्यालयको प्रमुख
सदस्य सचिवः वन अधिकृत, वन व्यवस्थापन शाखा

### २.३.५ वन्यजन्तु पिडितका लागि राहत

यस शीर्षकमा विनियोजित बजेट वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० को दफा ३(१)(क) बमोजिम वन्यजन्तुको आक्रमणबाट नेपाली नागरिकको मृत्यु भएमा, गम्भिर घाइते भएमा वा सामान्य घाइते भएमा उक्त निर्देशिका बमोजिमको प्रकृया पुरा गरी निज वा निजको हकवालालाई (मृत्यु भएको खण्डमा) राहत वापतको रकम उपलब्ध गराउन खर्च गरिनेछ ।

## २.४ सिमसार क्षेत्र व्यवस्थापन जैविक विविधता संरक्षण कार्यक्रम

### २.४.१ महत्वपुर्ण सिमसार एवं पोखरी संरक्षण कार्यक्रम

यस कार्यक्रमको उद्देश्य आवश्यकतानुसार नयाँ पोखरी निर्माण तथा मौजुदा पोखरी तथा सिमसार क्षेत्रहरूको स्तरोन्नति तथा व्यवस्थापन गरी पानीको पुनर्भरण, डढेलो नियन्त्रण तथा सिंचाई कुलोमा पानीको उपलब्धता, आयआर्जन वृद्धि तथा

पानीको स्रोत संरक्षण गर्नु हो ।यस शीर्षकमा विनियोजन भएको बजेटबाट स्थान छनौट, सर्भे नक्सा तथा डिजाइन र ल.ई. तयार गरी कार्यक्रम सञ्चालन गर्न खर्च गरिनेछ ।नयाँ पोखरी निर्माण तथा मौजुदा पोखरीहरूको स्तरोन्नति कार्य सम्पादन गर्दा सिमेन्ट जन्य सामाग्रीको न्यून प्रयोग गरी वातावरण तथा वन्यजन्तु मैत्री संरचना निर्माणमा जोड दिनुपर्नेछ । यस शीर्षक बमोजिम हुने गरि निम्नानुसारको कार्यक्रम समेत सञ्चालन गरिनेछः

१) महत्वपुर्ण पोखरी संरक्षण र व्यवस्थापन कपिलवस्तु १ (बालगृह)
२) सिमसार क्षेत्र संरक्षण तथा पर्यापर्यटन प्रबर्धन समइथान साब बुद्धभुमी ३
३) रानिपोखरा पोखरी स्तरोन्नती स्वर्गद्वारी न पा ५ प्युठान
४) हरीयाली साब मा पोखरी संरक्षण तथा स्तरउन्ननी राजपुर गापा वडा नं ५
५) एक वडाः एक पोखरी कार्यक्रम (नयाँ पोखरी निर्माण)

### २.४.२ वातावरण संरक्षण तथा व्यवस्थापन(वातावरण तथा ग्रामीण विकास केन्द्र कोहलपुर बाँके साझेदारी)

यस कार्यक्रमको कार्यान्वयनका लागि प्रचलित वन वातावरण एवं आर्थिक ऐन नियमावली एवं कार्यबिधिहरुको अधिनमा रहि उल्लेखित संस्थासँग लागत साझेदारीमा वातावरण संरक्षण तथा व्यवस्थापनसँग सम्बन्धित बिस्तृत कृयाकलापहरु तयार गरि कार्य सन्चालन गरिनेछ ।

### २.४.३ कृषि वन तथा वृक्षरोपण कार्यक्रम परिवारिक निजी वन संघ नेपाल (एफोन शाखा बाँके), जानकी गाउँपालिका सवै वडा र खजुरा गा.पा. वडा नं १-४

यस कार्यक्रमको कार्यान्वयनका लागि प्रचलित वन वातावरण एवं आर्थिक ऐन नियमावली एवं कार्यबिधिहरुको अधिनमा रहि उल्लेखित संस्थासँग लागत साझेदारीमा उल्लेखित कृयाकलापको बिस्तृत योजना तयार गरि कार्य सन्चालन गरिनेछ ।यस कार्यक्रम अन्तर्गत बिरुवा उत्पादन तथा खरिद,बिरुवा ढुवानी,बिरुवा रोपण,बृक्षारोपण क्षेत्रको संरक्षण,कम्पोष्ट मल उत्पादन तथा खरिद,बारबेरा तथा सम्बन्धित बिषयमा अभिमुखीकरण जस्ता कृयाकलापहरुमा खर्च गर्नु पर्नेछ ।

### २.४.४ बर्ड स्याङ्चुरी व्यवस्थापन कार्ययोजना कार्यान्वयन

यस शीर्षकमा विनियोजित बजेटबाट जगदीशपुर बर्ड स्याङ्चुरी (Bird Sanctuary) क्षेत्रमा स्वीकृत व्यवस्थापन कार्ययोजनाको कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।साथै कार्यक्रम कार्यान्वयनका लागि डिभिजन वन कार्यालयको जनशक्ति अभाव भएमा एक जना वन प्राविधिक (वन विज्ञानमा स्नातक उत्तिर्ण) बढीमा मासिक रू.३० हजार पारिश्रमिक पाउने गरी सेवा करारमा लिई कार्यक्रम कार्यान्वयन गर्न सकिने छ।स्वीकृत व्यवस्थापन कार्ययोजनामा भएका क्रियाकलापहरु बाहेकका क्रियाकलापहरु गर्न पाइने छैन।यस कार्यमा पंक्षी संरक्षण संघ नेपाल(BCN), विश्व वन्यजन्तु कोष नेपाल(WWF), IUCN नेपाल, ZSL नेपाल, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बाणगंगा सिचाई व्यवस्था कार्यालय र यस सम्बन्धी आवश्यक निकायहरुसँग समेत सहयोग लिन सकिनेछ ।

### २.४.५ संकटापन्न तथा लोपोन्मुख वनस्पति तथा वन्यजन्तु (पंक्षी समेत) संरक्षण कार्यकम

यस कार्यक्रमबाट प्रत्येक डिभिजन वन कार्यालयले आफ्नो कार्य क्षेत्र भित्र पर्ने विभिन्न वैज्ञानिक अध्ययनहरुले नेपालमा संकटापन्न र लोपोन्मुख अवस्थामा रहेका भनी पहिचान गरेका वन्यजन्तु तथा चराचुरूंगीको वासस्थापन एवम् वन वनस्पतिको पकेट क्षेत्र पहिचान गरेका वनस्पति तथा वन्यजन्तुहरूको बासस्थानलाई संरक्षणका लागि प्रजाति विशेष संरक्षण कार्ययोजना (Species Conservation Action Plan) तयार गरी कार्यान्वयन गर्नुपर्नेछ । तयार भइसकेको योजनाको हकमा सोही बमोजिम कार्यान्वयन गर्न यो बजेट खर्च गर्न सकिने छ । यसका लागि बासस्थानको पहिचान, मौजुदा प्रजातिहरूको अवस्था विश्लेषण, अवसर र चुनौतीहरूको पहिचान, सरोकारवालाहरूको भूमिका पहिचान, प्रजाति विशेष संरक्षण कार्ययोजना निर्माण तथा उक्त कार्ययोजनाको कार्यान्वयनमा खर्च गर्न सकिनेछ ।

### २.४.६ मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन

यस कार्यक्रमको उद्देश्य तराई तथा पहाडका वनक्षेत्रमा हाल तिव्र रूपमा फैलिएर वनका मुख्य प्रजातिहरूको पुनरूत्पादन, जैविक विविधता संरक्षण तथा रूख बिरुवाको बृद्धिमा समस्या पैदा गरिरहेका मिचाहा प्रजातिहरूलाई नियन्त्रण तथा व्यवस्थापन गरी वनको हैसियतमा सुधार ल्याउनु रहेको छ । वन क्षेत्र तथा सिमसार क्षेत्रमा समस्याका रूपमा रहेका *Ageratina adenophora, Lantana camara, Chromolaena odorata, Mikania micrantha, P. humilis, Eichhornia crassipes* लगायतका प्रजातिहरूलाई रसायनको प्रयोग नगरी सके सम्म उखेल्ने, काट्ने र जैबिक मल,बायोब्रिकेट जस्ता उपयोगी पदार्थ उत्पादनमा जोड दिनुपर्नेछ । यस शीर्षकमा विनियोजन भएको बजेटबाट स्थान छनौट, सर्भे र ल.ई. तयार गरी संक्षिप्त योजना समेत बनाई कार्यक्रम सञ्चालन गर्न खर्च गरिनेछ ।

यस शीर्षकबाट मन्त्रालयमा विनियोजन भएको रकम ठुला परिमाणमा मिचाहा प्रजाति संकलन हुने वन क्षेत्रमा ब्रिकेट, प्राङ्गारिक मल, सजावटका सामग्री तथा अन्य वैकल्पिक प्रयोगको लागि प्रस्ताव माग गरी सो सम्बन्धी उद्यम स्थापना तथा सञ्चालन गर्न अनुदान सहयोग मार्फत खर्च गरिनेछ ।यसरी मिचाहा प्रजातिको व्यवस्थापनको लागि वैकल्पिक प्रयोग सम्बन्धी उद्यम स्थापना तथा सञ्चालन कार्यमा अनुदान सहयोग गर्न निम्न प्रक्रिया अवलम्बन गर्नुपर्नेछः

- वनक्षेत्रबाट मिचाहा प्रजाति संकलन गरी बैकल्पिक प्रयोग सम्बन्धी उद्यममार्फत उपयोगी वस्तु (ब्रिकेट, प्राङ्गारिक मल, सजावटका सामग्री इत्यादि) तयार तथा बिक्री वितरण गर्न प्रचलित कानुन बमोजिम प्रस्ताव माग गर्ने, सूचना प्रकाशन गर्ने
- प्राप्त प्रस्तावहरूको स्थलगत, प्राविधिक तथा आर्थिक मूल्याङ्कन गरी छनौट गर्ने
- छनौट भएको प्रस्तावमा उल्लेखित उद्यम स्थापनाका लागि नगद तथा बस्तुगत अनुदान उपलब्ध गराउन सक्नेछ ।

### २.४.७ तराईको रैथाने बहुउपयोगी मौवा प्रजातिको संरक्षण तथा व्यवस्थापन

यस कार्यक्रमको उद्देश्य तराईका जिल्लाहरूमा विशेष गरी थारू समुदायको सस्कृतिसँग जोडिएको मौवा प्रजातिको रूख बिरुवालाई संरक्षण, प्रवर्द्धन गरी पकेट क्षेत्रको रूपमा विकास गरी स्थानीय समुदायको आम्दानी बढाउनु र लोपान्मुख प्रजातिको संरक्षण गर्नु रहेको छ ।यस शीर्षकमा विनियोजित रकम मौवा प्रजाति तथा सोको पकेट क्षेत्रको संरक्षण तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापमा खर्च गरिनेछ । यसका लागि मौवा प्रजातिको बिरुवा उत्पादन,रूखहरूको अवस्थिती पहिचान, उक्त प्रजातिको प्रोत्साहन हुनेगरी अन्य प्रजातिहरूको व्यवस्थापन, पुनरूत्पादन प्रवर्द्धन, वृक्षारोपण, संरक्षण तथा स्थानीयहरूको सचेतना लगायतका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

### २.४.८ मोरिङ्गा बिरुवा उत्पादन तथा नर्सरी निर्माण कञ्चन ४ रुपन्देही

यस शीर्षकमा विनियोजन भएको बजेटबाट मोरिङ्गा विरूवा उत्पादनका लागि नर्सरी निर्माण, मर्मत सम्भार तथा स्तरोन्नति गरी गुणस्तरीय मोरिङ्गा विरूवा उत्पादन गर्नुपर्नेछ।उक्त बजेट यस कार्यविधिको दफा ८.१ बमोजिम नर्सरी निर्माण/मर्मत/स्तरोन्नति गरी प्रति विरूवा रू.१०(दश) का दरले मोरिङ्गा विरूवा उत्पादन तथा वितरण कार्यमा खर्च गर्नुपर्नेछ ।यस शिर्षक अन्तर्गतको कार्य डिबका आफैले वा समुह,संघ सस्था एवं निजि उद्यमीसँगको लागत साझेदारीमा समेत गर्न सकिनेछ ।यसरी उत्पादन भएको बिरुवा डिबकाको समन्वयमा बितरण गरिनेछ ।

### २.४.९ सामुदायिक पशु चौपाया व्यवस्थापनका लागि नमुना घुम्ती चरीचरण कार्यक्रम (स्थानिय तहको साझेदारीमा)

यस कार्यक्रमको उद्देश्य पुर्वपश्चिम राजमार्गको लुम्बिनी प्रदेश खण्डमा भेटिएका सामुदायिक (छाडारूपमा छोडिएका) पशु चौपायाहरूलाई पुनरूत्पादन स्थापना भैसकेका वनक्षेत्र भित्र नियन्त्रित रूपमा चरीचरण गरी व्यवस्थापन गर्नु रहेको छ । राजमार्गको छेउछाउमा रहेको पुनरूत्पादन स्थापना भई चरिचरणको जोखिमता भन्दा माथि पुगिसकेको सामुदायिक,साझेदारी लगायतका राष्ट्रिय वनक्षेत्रमा स्थानीय तहको साझेदारीमा डिभिजन वन कार्यालयले तारवार, हेरालुको व्यवस्था गरी पशु चौपायाहरू चरीचरणको लागि राखिनेछ ।चरिचरण क्षेत्रको क्षमता तथा पशु चौपायाको सँख्या अनुसार निश्चित् समयमा

चरिचरण क्षेत्र परिवर्तन गर्नुपर्नेछ र यसरी घुम्ति चरिचरण गर्दा पहिलो पटक  प्रयोग गरिएको तारवारनै सुरक्षित रूपमा दोस्रो स्थानमा सार्नुपर्नेछ ।यसरी घुम्ति चरिचरणमा चरण क्षेत्र परिवर्तन गर्दा पहिलो चरणक्षेत्रमा वन्यजन्तुको सहज आवागमनमा बाधा नपुग्ने गरि गर्नुपर्नेछ। डिभिजन वन कार्यालयले स्थानीय तहको समन्वयमा तारवार लगायत कार्यका लागि स्थानिय तहको लागत सहभागिता र डिभिजन वन कार्यालयबाट हेरालु खर्च हुने गरी सँक्षिप्त घुम्ति चरिचरण योजना बनाई कार्यान्वयन गर्नुपर्नेछ ।यस शीर्षकमा विनियोजित बजेट सामुदायिक पशु चौपाया हेरालु खर्च, समन्वय बैठक, सँक्षिप्त घुम्ति चरिचरण योजना तयारी र तारबार निर्माण तथा मर्मत इत्यादी कार्यमा खर्च गरिनेछ ।

## २.५ प्रचार प्रसार र प्रकाशन

प्रदेशको वन तथा वातावरण क्षेत्रमा मन्त्रालय तथा मन्त्रालय मातहतका कार्यलयबाट सञ्चालन भएका कार्यहरू वनक्षेत्रको सिद्धान्त, प्राथमिकता तथा समसामयिक विषयमा जनप्रतिनिधि, सरोकारवाला निकाय, सञ्चारकर्मीहरूमा सूचना प्रवाह गरी वनक्षेत्र संरक्षण तथा व्यवस्थापनमा जनसहभागिता अभिबृद्धि गर्नु मन्त्रालयको एउटा प्रमुख उद्देश्य हो । उक्त उद्देश्य अनुसार प्रदेशभर वन, वन्यजन्तु, जैविक विविधता तथा वातावरण क्षेत्रमा मन्त्रालय तथा मातहतका कार्यालय मार्फत भएगरेका कार्यहरू तथा वन तथा वातावरण विषयसँग सम्बन्धित समसामयिक विषयहरू प्रचार प्रसार गर्न तपसिल बमोजिम कार्यहरू सञ्चालन गरिनेछः-

1. **वन क्षेत्रका सवालहरुमा प्रदेश सभाका माननीयज्यूहरुसँग अन्तरकृया**
2. **वन क्षेत्रका सवालहरुमा पत्रकारहरुसँग अन्तरकृया**
3. **वन वातावरण तथा जैबिक बिबिधता संरक्षण सम्बन्धि रेडियो कार्यक्रम उत्पादन**

### २.५.१ वन, वन्यजन्तु, अतिक्रमण, चोरी निकासी तथा चोरी शिकारी नियन्त्रण सम्बन्धी प्रचार प्रसार (पर्चा, पम्पलेट, होर्डिंग बोर्ड, भित्ते लेखन, रेडियो, टि.भी. पत्रपत्रिका समेत) तथा बार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन

यस कार्यक्रमको मुल उद्देश्य वन, वनस्पति, वन्यजन्तु, जलाधार, जैविक विवधता, सिमसार, वातावरण, जलवायु परिवर्तन लगायतका विषयमा जनचेतना अभिवृद्धि गर्ने रहेको छ । यस शीर्षकमा विनियोजन भएको बजेटबाट डिभिजन वन कार्यालयहरूले आर्थिक बर्षभरी सम्पादन गरेको लक्ष तोकिएको (बार्षिक कार्यक्रम समेत) तथा नतोकिएको कार्यहरूको प्रगति, तीनको प्रभावकारिता र कार्यालयसँग सम्बन्धित निम्न विवरणहरू समेत समावेश गरी बार्षिक पुस्तिका प्रकाशन गर्नुपर्नेछ ।यसरी प्रकाशन गरिने बार्षिक पुस्तिकाबाट समयमै सूचना प्रवाह हुन गत आर्थिक बर्षको बार्षिक प्रगति पुस्तिका चालु आर्थिक बर्ष प्रारम्भ भएको दुई महिना भित्रमा प्रकाशन गरी कार्यालयको वेभसाइटमा राख्ने तथा निर्देशनालय र मन्त्रालयमा अनिवार्य रूपमा पठाउनु पर्नेछ ।प्रकाशित बार्षिक पुस्तिका आवश्यकतानुसार अन्य कार्यालय तथा अनुसन्धानकर्ता व्यक्ति, सँघ, सँस्था समेतलाई दिन सकिनेछ ।

प्रकाशित बार्षिक पुस्तिका निम्न कुराहरु समाबेश भएको हुनुपर्नेछः-

१. कार्यालयको परिचय, काम, कर्तव्य, अधिकार तथा  तोकिएको र मौजुदा जनशक्ति, कार्यक्षेत्रको विवरण, वन क्षेत्रको विवरण (सामुदायिक, साझेदारी, धार्मिक, कबुलियती, चक्ला, संरक्षित वन तथा सरकारद्वारा व्यवस्थित राष्ट्रिय वन क्षेत्रको संक्षिप्त/सारांश विवरण), संरक्षित वन भित्र अन्य समुदायमा आधारित वन (सामुदायिक, कबुलियती, धार्मिक वन) गठन तथा हस्तान्तरण भएको भए सोको सारांश विवरण, सिमसार, तालतलैया तथा पर्यापर्यटनको क्षेत्रको विवरण

२. कार्यालयले आर्थिक बर्षभरी सम्पादन गरेको बार्षिक स्वीकृत कार्यक्रमहरूको प्रगति, तिनको असर तथा प्रभाव, लाभान्वित क्षेत्र, समुदाय, योजना आयोगले निर्दिष्ट गरेको प्रगति प्रतिवेदन,

३. डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्र रहेको सामुदायिक, साझेदारी, चक्ला तथा सरकारद्वारा व्यवस्थित राष्ट्रिय वन तथा निजी आवादीबाट उत्पादन भएको, अघिल्लो आर्थिक वर्षमा विक्री हुन बाकी रही जिम्मेवारी सरेको

अल्या परिमाण, विक्री वितरण भएको र आ.व.को अन्त्यमा बाकी रहेको काठ दाउरा, जडिबुटी तथा गैरकाष्ठ वन पैदावार (खोटो समेत) को परिमाण

४. माथि बुँदा नं. ३ मा सामुदायिक, साझेदारी, चक्ला तथा सरकारद्वारा व्यवस्थित राष्ट्रिय वन तथा निजी आवादीबाट उत्पादित (अल्या समेत) काठ दाउरा, जडिबुटी तथा गैरकाष्ठ वन पैदावार (खोटो समेत) को विक्री वितरणबाट (समूहको आन्तरिक विक्री समेतबाट) छुट्टाछुट्टै सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष, उपभोक्ता समूहको कोषमा जम्मा भएको रकम, मु.अ.क., अ.आ.करको विवरण ।

५. नर्सरी निर्माण, स्तरोन्नति, विरूवा उत्पादन (एकबर्षे, बहुबर्षे खुल्नेगरी), वितरण, बृक्षारोपण, गोडमेल, पुनरोपण

६. अतिक्रमण (कुल अतिक्रमण, हटाइएको अतिक्रमणको क्षेत्रफल), वनडढेलो (वनडढेलोको घट्ना र असर, डढेलो नियन्त्रणका लागि गरिएको कार्यहरू, अग्निरेगा निर्माण तथा मर्मत सम्भार), मावन वन्यजन्तु द्वन्द्वको क्षति तथा राहतको विवरण

७. वन सम्बर्धन प्रणालीमा आधारित वन व्यवस्थापन भएको वनक्षेत्रको विवरण, थिनिङ् कार्य (क्षेत्रफल, उत्पादित वन पैदावार समेत), पुनरूत्पादन कटानको क्षेत्रफल र उत्पादित काठ दाउरा तथा अन्य आवश्यक विवरण

८. कार्ययोजना नविकरण गरिएका, म्याद सकिएर नविकरण हुन बाकी सामुदायिक वन, कबुलियती वन तथा साझेदारी वनको विवरण

९. सञ्चालनमा रहेको तथा नयाँ दर्ता भएका वन उद्यम सम्बन्धी विवरण (स:मिल, फर्निचर, जडिबुटी प्रशोधन, भेनियर प्लाईवोर्ड तथा अन्य उद्यम)

१०. रोजगारी सिर्जना (श्रमदिन) (सामुदायिक, साझेदारी, चक्ला तथा सरकारद्वारा व्यवस्थित राष्ट्रिय वन तथा निजी आवादीबाट काठ दाउरा, जडिबुटी तथा गैरकाष्ठ वन पैदावार (खोटो, खोल्साखोल्सी व्यवस्थापनबाट संकलिन नदिजन्य पदार्थ) बाट सिर्जना भएको रोजगारी, बार्षिक कार्यक्रम (नर्सरी, विरूवा उत्पादन, बृक्षारोपण, भू संरक्षण, अन्य निर्माण कार्य ईत्यादी) कार्यान्वयनबाट सिर्जना भएको रोजगारी

११. वन तथा वन्यजन्तुसम्बन्धी मुद्दाको विवरण

१२. बेरूजुको विवरण

१३. वन पैदावार आपूर्ति समिति तथा पञ्चबर्षिय कार्ययोजनाको प्रगतिको सारांश तथा अन्य आवश्यक विवरणहरू

माथि उल्लिखित बार्षिक प्रतिवेदनको अलावा यस कार्यक्रमबाट आवश्यकता अनुसार तल दिइएको अन्य क्रियाकलापहरूमा समेत खर्च गर्न सकिनेछ ।

- आम संचारका माध्यमहरू रेडियो, टेलिभिजन र पत्रपत्रिकाबाट सन्देशमूलक सामग्री निर्माण तथा प्रसारण गर्ने ।
- सूचनाको हक सम्बन्धी विषयहरूमा कार्यालयका गतिविधिहरूको नियमित प्रकाशन, सब डिभिजन स्तरमा सार्वजनिक सुनुवाई, वेभसाइट सञ्चालन गर्ने ।
- पुस्तिका प्रकाशन, भिडियो डकुमेन्ट्री लगायत प्रचार प्रसार सामग्री उत्पादन र वितरण गर्ने
- कार्यदल र सरोकारवालाहरूसँगको समन्वय बैठक ,गोष्ठी आदि गर्ने
- डि.व.का. बाट संचालित क्रियाकलापहरूको सञ्चार माध्यम लगायत सरोकारवालाहरूद्वारा अनुगमन गराई पृष्ठपोषण लिने ।

**२.५.२ प्रदेश स्थापना दिवस, सिमसार दिवस, राष्ट्रिय बृक्षारोपण दिवस, जैविक विविधता दिवस, विश्व वातावरण दिवस, वन्यजन्तु सप्ताह आदि**

यस शीर्षकमा विनियोजित बजेट वन, वन्यजन्तु, जैविक विविधता तथा वातावरण क्षेत्रका विभिन्न दिवस तथा समारोहहरू आयोजना गर्न खर्च गरिनेछ ।यस अन्तर्गत वन महोत्सव, विश्व सिमसार दिवस, विश्व वातावरण दिवस, जैविक विविधता दिवस, प्रदेश स्थापना दिवस, भू संरक्षण दिवस, वन डढेलो सप्ताह, वन्यजन्तु सप्ताह, विश्व वन दिवस लगायत अन्य राष्ट्रिय

तथा अन्तर्राष्ट्रिय दिवस तथा समारोहको आयोजना गर्न सकिनेछ । दिवसको अवसरमा विभिन्न गोष्ठी, र्‍याली, वृक्षारोपण कार्यक्रम लगायत अन्य सिर्जनात्मक कार्यक्रमहरू आयोजना गर्न सकिनेछ ।

### २.५.३ लुम्बिनी प्रदेशको वन व्यवस्थापन सम्बन्धी बृत्तचित्र (Documentary) तयारी तथा प्रचार प्रसार

यस कार्यक्रमको मुख्य उद्देश्य हालसम्म लुम्बिनी प्रदेशमा भए गरेका वन व्यवस्थापनका क्रियाकलापहरू,त्यस को उपलब्धि तथा प्रभाव र असरहरूलाई बृत्तचित्रमा देखाई प्रचार प्रसार गर्नु रहेको छ । यस शीर्षकमा रहेको रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियम बमोजिम सेवा खरिद गरी बृत्तचित्र (Documentary) तयारी गर्न खर्च गरिनेछ ।

### २.५.४ वन, वातावरण, जलाधार, जैविक विविधता, जलवायु परिवर्तन सम्बन्धी लघु सूचना केन्द्र सहितको पुस्तकालय निर्माण तथा सञ्चालन

यस कार्यक्रमको उद्देश्य लुम्बिनी प्रदेशको वन, वातावरण, जलाधार, जैविक विविधता तथा जलवायु परिवर्तन सम्बन्धी जानकारीमुलक अध्ययन सामग्रीहरू संग्रहित गरी वन तथा वातावरण क्षेत्रमा विभिन्न सरोकारवालाहरूलाई सहज रूपले पठन पाठन गर्न एक लघु सूचना केन्द्र सहितको पुस्तकालय निर्माण तथा सञ्चालन गर्नु रहेको छ ।यस शीर्षकमा विनियोजित बजेटबाट अध्ययन सामग्रीहरू राख्ने पुस्तकालय कक्ष, फर्निचर तथा फर्निसिङ्गको व्यवस्था, अध्ययन तथा प्रचार प्रसार सामग्री संकलन तथा खरिद जस्ता कार्यमा खर्च गरिनेछ।

### २.६ जैविक पार्क तथा उद्यान निर्माण तथा व्यवस्थापन

यो कार्यक्रम Ecological Zone का आधारमा सन्चालन गरिने छ । यस कार्यक्रमको उद्देश्य लुम्बिनी प्रदेश तथा अन्य क्षेत्रका पाइने सामाजिक, आर्थिक,वातावरणीय तथा औषधीय दृष्टिकोणले महत्वपूर्ण तथा लोपउन्मुख एवं हावापानी सुहाउँदो वनस्पतिहरू रोपण गरी नमुना उद्यान (Garden) निर्माण तथा सञ्चालन गर्नु हो ।यसरी जडिबुटी/वनस्पति उद्यान निर्माण तथा व्यवस्थापन गरी प्रचार प्रसार मार्फत जैविक विविधता संरक्षणमा आधारित पर्यापर्यटन प्रवर्द्धन गरिनेछ । यस शीर्षकको रकम देहायको कार्यक्रम गर्न डिभिजन वन कार्यालयबाट तयार भई स्वीकृत भएको जडीबुटी/वनस्पति उद्यान निर्माण तथा सञ्चालन सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन अनुसारका कार्यहरू सञ्चालन गरिने छ । कार्यक्रम सञ्चालन गर्दा स्थानीय तह तथा समूहसँगको समन्वय तथा साझेदारीमा सन्चालन गर्नुपर्ने छ ।

जडिबुटी/वनस्पति उद्यान निर्माण तथा सञ्चालन सम्बन्धी विस्तृत परियोजना प्रतिवेदनमा तल उल्लिखित कार्यमा विशेष प्राथमिकता दिनुपर्नेछः

- Collection, introduction and maintenance of native, indigenous, and exotic plants
- Ex-situ and in-situ conservation of endemic, threatened, and other useful plants
- Collection and storage of seeds
- Education regarding conservation, classification, and uses of plants
- Landscape development and beautification to improve the garden aesthetic appeal for visitors
- Production and cultivation of ornamental plants and MAPs
- Dissemination of botanical information to raise awareness
- Extra-curricular activities and plantation on various occasions
- Technical support in garden development

यस शीर्षकको रकम तपसिल अनुसारको कार्यक्रम गर्न प्रचलित कानुन बमोजिम तथा स्वीकृत विस्तृत परियोजना अनुसार लागत अनुमान तयार तथा स्वीकृत गरी माथी उल्लेखित कृयाकलाप सहितको जैविक पार्क तथा उद्यान निर्माण तथा व्यवस्थापनमा खर्च गरिने छ ।

१) पुथा जडीबुटी उद्यान निर्माण तथा व्यवस्थापन, पुथा उत्तरगँगा, रुकुमपुर्व

२) शितगंगा जडीबुटी उद्यान निर्माण तथा व्यवस्थापन, अर्घाखाँची

३) वनस्पति उद्यान निर्माण तथा व्यवस्थापन, राप्ती गा.पा., दाङ

४) वनस्पति उद्यान निर्माण तथा व्यवस्थापन, जिवाङ, रोल्पा

**२.६.१ अमर नारायण फुलबारी परिसर हरित पार्क निर्माण, ता.न.पा. - २ पाल्पा**

यो कार्यक्रम यस कार्यविधिको दफा ७.३ बमोजिम सञ्चालन गर्नुपर्नेछ ।

**२.६.२ शहिद आलोक पार्क उद्यान बगनासकाली गाउपालीका ३**

यो कार्यक्रम यस कार्यविधिको दफा ७.३ बमोजिम सञ्चालन गर्नुपर्नेछ ।

**२.६.३ सकड सौन्दर्यकरण, नेपालगञ्ज उ.म.न.पा. १८, भाटभटेनी पश्चिम सडक**

यो कार्यक्रम यस कार्यविधिको दफा ८.२.३ बमोजिम सञ्चालन गर्नुपर्नेछ ।

**२.७ अध्ययन अनुसन्धान**

यस कार्यक्रमको लक्ष्य लुम्बिनी प्रदेशका वन, वातावरण, जडीबुटी, जलाधार, जैविक विविधताको विभिन्न क्षेत्रमा नवीनतम अध्ययनहरू गर्ने, प्रतिवेदन प्रकाशन गर्ने, म्यानुअल तयारी गर्ने, अध्ययन अनुसन्धान तथा शोधपत्र तयार गर्न सहयोग गर्ने रहेको छ। वन विज्ञान बिषयमा स्नातक अध्ययनरत विद्यार्थीहरूको इन्टर्नशीप कार्यमा सहयोगको लागि विश्वविद्यालयको समन्वयमा प्रति विद्यार्थी मासिक रू. १० (दश) हजार आर्थिक सुविधा उपलब्ध गराउन सकिनेछ ।साथै वन विज्ञान बिषयमा स्नातकोत्तर अध्ययनरत विद्यार्थीहरूको शोधपत्र अनुसन्धान सहयोगका लागि प्रचलित कानुन बमोजिम प्रति विद्यार्थी बढीमा १ (एक) लाख रुपैयासम्म सहयोग गर्न सकिनेछ । यसमा विनियोजित बजेट कार्यसूची तयारी, सूचना प्रकाशन, प्रस्ताव मूल्याङ्कन, परामर्शदाता छनोट, स्थलगत अध्ययन, प्रस्तुतीकरण, प्रतिवेदन तयारी/सम्पादन अनुगमनका कार्य लगायतमा समेत खर्च गर्न सकिनेछ ।कार्यक्रम कार्यान्वयन गर्ने निकायले सम्बन्धित अध्ययन कार्यक्रमको विस्तृत कार्यक्षेत्रगत शर्त तयार गरी मन्त्रालयबाट स्वीकृत गराई सेवा परामर्श मार्फत वा निकाय आफैले प्रचलित कानूनी प्रकृया पुरा गरी कार्यक्रम सम्पादन गर्नुपर्नेछ ।यस शीर्षक अन्तर्गत निम्नानुसारको कार्यक्रम सञ्चालन गरिनेछ।

१) लुम्बिनी प्रदेशको सिमसारहरूको अवस्था र अवसरको अध्ययन र प्रतिवेदन (प्याकेज)

२) वन विज्ञान विषयमा स्नातक तथा स्नातकोत्तर अध्ययनको शोधपत्र तथा इन्टनशिप परिचालन सहयोग

३) प्रदेशमा भएको वन संरक्षण र व्यवस्थापनबाट जलबायू परिबर्तन न्यूनिकरण तथा अनुकुलनमा परेको प्रभावको अध्ययन

४) वन, जडिबुटी, जैविक विविधता सम्बन्धी अध्ययन अनुसन्धान

५) प्रदेशस्तरको वन डढेलो नियन्त्रण रणनिति तयारी

६) सम्बर्धन प्रणालीमा आधारीत वन व्यवस्थापन कार्यक्रमको प्रभावकारीता सम्बन्धी अध्ययन

७) सम्बर्धन प्रणालीमा आधारीत वन व्यवस्थापन कार्यक्रमको प्रभावकारीता सम्बन्धी सरोकारवालाको अनुगमन(प्रतिवेदन समेत)

८) प्रदेशस्तरिय वन क्षेत्रको रणनिती तयारी

### २.७.१ कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि सहयोग कार्यक्रम

यस कार्यक्रमको उद्देश्य मन्त्रालय र मातहतका वन कर्मचारीहरू लगायतलाई सेवासँग सम्बन्धित विषयमा अध्ययन सिप विकास तथा क्षमता अभिवृद्धि गरी कार्यसम्पादनमा स्तरोन्नति गर्ने हो। यसरी दैनिक कार्यालयको कामलाई बाधा नपर्ने गरि अनलाईन या अन्य माध्यमबाट सेवा सँग सम्बन्धित बिषयमा माथिल्लो योग्यता हासिल गर्न कुनै विश्वविद्यालयमा अध्ययन गरिरहेको भए सो अध्ययन अबधिको पुर्ण छात्रवृति समेत प्रदान गर्ने गरि यो कार्यक्रम कार्यान्वयन गरिनेछ। यस शीर्षकमा विनियोजित रकम मन्त्रालय र मातहतका वन कर्मचारीले विश्वविद्यालयमा अध्ययन गर्न छात्रवृति, सेवासँग सम्बन्धित प्राविधिक दक्षता हासिल गर्न अन्य आवश्यक तालिम सञ्चालन वा सहभागी हुने कार्यमा समेत खर्च गरिनेछ ।

### २.८ सुशासन अभिवृद्धि कार्यक्रम

### २.८.१ सव डिभिजनमा सुशासन तथा सबलीकरण कार्यक्रम

यस कार्यक्रमको मुख्य उद्देश्य सव डिभिजन वन कार्यालयहरूलाई आधारभूत रूपमा आवश्यक उपकरण, कार्यालय सामग्री तथा अन्य पूर्वाधार व्यवस्थापनमा सहयोग पुऱ्याउनु रहेको छ । यस अन्तर्गत सव डिभिजनहरूलाई दुर्गमताको आधारमा प्राथमिकताका साथ आवश्यक पर्ने कम्प्युटर, कार्यालय समाग्री लगायतका अन्य विद्युतीय सामग्रीहरूको व्यवस्थापनका साथसाथै दैनिक कामकाजका लागि आवश्यक पर्ने इन्टरनेट, मसलन्दहरू व्यवस्थापन, सवारी साधन मर्मत, मेसिनरी औजार मर्मत, इन्धन, विद्युत तथा पानीको महशुल भुक्तानी, अनिवार्य मेश सञ्चालनका लागि राशन सुविधा प्राप्त गर्ने सामग्री बाहेकका अन्य आवश्यक सामग्री खरिद, कार्यालय भवन मर्मत सम्भार, कार्यालयको बोर्ड, सूचना पाटी, फर्निचर लगायतमा खर्च गर्न सकिनेछ ।यस शीर्षकमा विनियोजित बजेट डिभिजन वन कार्यालय मार्फत भने खर्च गर्न पाइने छैन।

### २.८.२ वन क्षेत्रमा लैंगिक तथा सामाजिक समावेशीकरण अभिमुखिकरण कार्यक्रम

लैंगिक तथा सामाजिक समावेशीकरणको समस्या समाधानका लागि प्रदेशका सवै जिल्लालाई समेटी समुदायमा आधारित वन व्यवस्थापन पद्धतीका निर्णायक तहमा वसेका पदाधिकारीहरुलाई समुहहरुले गर्नुपर्ने कार्यहरुको कार्ययोजना तयारी र प्रतिवद्धता संकलन गर्नका लागी पायक पर्ने जिल्लामा एक दिवशीय अन्तरक्रिया गोष्ठी सञ्चालन गर्नुपर्नेछ। यो कार्यक्रम मन्त्रालय आफै वा सेवा प्रदायक मार्फत गर्नेछ।यसमा विनियोजन भएको रकम नियमानुसार गोष्ठी सचालनका लागी प्रचलित नर्म्स बमोजिम स्टेशनरी, सहभागी र प्रशिक्षकको खाना/ खाजा, यातायात भाडा एवम् प्रशिक्षकको दैनिक भ्रमण भत्ता र सेसन फी आदिमा खर्च गर्न सकिनेछ।

### २.९ समन्वय, योजना तर्जुमा र प्रगति समीक्षा गोष्ठी

#### २.९.१ योजना तर्जुमा गोष्ठी

यस कार्यक्रमबाट डिभिजन वन कार्यालयहरुबाट पेश हुन आएका आगामी आर्थिक बर्षको योजना तथा कार्यक्रहरु मन्त्रालय स्तरमा सामुहिक छलफल गरि अन्तिम टुंगो लगाउन वार्षिक योजना तर्जुमा गोष्ठी गरिनेछ ।साथै नीतिगत तहका पदाधिकारीहरुलाइ स्वीकृत वार्षिक कार्यक्रमको सार्वजिनिकीकरण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने कार्यमा समेत खर्च गर्न सकिने छ।

#### २.९.२ चौमासिक र बार्षिक प्रगति समिक्षा गोष्ठी

यस कार्यक्रमको उद्देश्य वार्षिक स्वीकृत कार्यक्रमको मर्म बमोजिम स्थलगत रुपमा कार्य सम्पादनको अवस्था कस्तो रहेको छ भनी नियमित रुपमा प्रगतिको समीक्षा गरी लक्ष्यमा पुग्न सहयोग पुर्‍याउनु रहेको छ । यस शीर्षकमा विनियोजित रकमबाट हरेक त्रैमासिकमा तथा आवश्यकता अनुसार अन्य समयमा समेत प्रगति समीक्षा गोष्ठी/बैठक गर्न बाधा पर्ने छैन ।

#### २.९.३ वन, वातावरण, जलाधार र जडीबुटी सम्बन्धी क्रियाकलापहरूको अनुगमन, सहजीकरण र प्रतिवेदन

वन निर्देशनालय मार्फत संचालन हुने यस कार्यक्रमको मूल लक्ष्य नियमित रुपमा स्थलगत अनुगमन गरी समयमा नै गुणस्तरीय कार्य सम्पादन गर्न सहजीकरण र पृष्ठपोषण गर्नु रहेको छ ।अनुगमनको क्रममा प्राप्त विवरणहरुको विश्लेषण गरी वार्षिक तथा त्रैमासिक प्रतिवेदनहरु तयार गरी प्रकाशन गर्नु पर्नेछ।यस शिर्षकमा बिनियोजित बजेटबाट खाजा, यातायात खर्च, दैनिक तथा भ्रमण खर्च तथा बैठक सञ्चालन सम्बन्धी विविध मसलन्दका लागि खर्च गर्न सकिनेछ ।

#### २.९.४ कार्यालय प्रमुख तथा अन्य सरोकारवालाहरूसँग समन्वय बैठक/गोष्ठी

यस कार्यक्रमको उद्देश्य निर्देशनालय मातहतका कार्यालयहरूको बार्षिक कार्यक्रम कार्यान्वयन, वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन र भू तथा जलाधार व्यवस्थापन कार्यसँग सम्बन्धित विषयमा कार्यालय प्रमुख तथा अन्य सरोकारवालाहरूसँग समन्वय बैठक/गोष्ठी सञ्चालन गरी वन तथा जलाधार व्यवस्थापन कार्यमा प्रभावकारिता अभिवृद्धि गर्नु रहेको छ । यस शीर्षकको बजेट बैठकका सहभागीहरूलाई खाजा, यातायात खर्च, बैठक भत्ता तथा बैठक सञ्चालन सम्बन्धी विविध मसलन्दका लागि खर्च गर्न सकिनेछ ।

#### २.९.५ गत विगत आर्थिक बर्षहरूमा वस्तुगत तथा नगद अनुदानमार्फत सहयोग गरिएका उद्यम, पेशा तथा उद्योगहरूको प्रभावकारीता सम्बन्धी अनुगमन तथा प्रतिवेदन (वनजन्य उद्यम, होमस्टे समेत)

गत आ.व.हरुमा मन्त्रालय बाट सम्पादन भएका वस्तुगत तथा नगद अनुदान मार्फत सहयोग गरिएका उद्यम, पेशा तथा उद्योगहरुको प्रभावकारिता सम्बन्धी अनुगमन तथा प्रतिवेदन तयार गर्न यस शीर्षकको विनियोजीत रकम खर्च गर्न सकिने छ । बिनीयोजित रकम दैनिक भ्रमण भत्ता, यातायात खर्च, प्रतिवेदन तयार तथा प्रकाशनमा खर्च गरीने छ ।

#### २.९.६ प्राप्त आयोजनाको फिल्ड भेरिफिकेशन तथा संकलन (Project Bank) व्यवस्थापन

मन्त्रालयमा प्राप्त हुने बिभिन्न आयोजना तथा कार्यक्रमहरुको व्यवस्थित अभिलेख राखी प्रोजेक्ट बैंकका रुपमा व्यवस्थापन गर्न यस कार्यक्रमले सहयोग गर्नेछ ।बिभिन्न माध्यमबाट मन्त्रालयमा प्राप्त भएका कार्यक्रमहरुको फिल्डस्तरमा पुगि भेरिफिकेसन गर्ने तथा वनक्षेत्रमा सन्चालन गर्न सकिने कार्यक्रमहरुको फिल्डस्तरका कार्यक्रमहरु पहिचान गर्ने गरि यो कार्यक्रम कार्यान्वयन गरिनेछ ।यसमा बिनीयोजित रकम दैनिक भ्रमण भत्ता, यातायात खर्च, अन्तरक्रिया तथा व्यवस्थित अभिलेखिकरण र प्रतिवेदन तयारी तथा प्रकाशनमा समेत खर्च गरीने छ ।

## २.१० सम्मान पुरस्कार तथा उत्प्रेरणामूलक कार्यक्रम

### २.१०.१ उत्कृष्ट वनकर्मी पुरस्कार (Best Forester Award)

प्रदेशमा कार्यरत वन प्राविधिक कर्मचारीहरू मध्ये उत्कृष्ट कम्तिमा तीन जना कर्मचारीलाई यो पुरस्कार प्रदान गरिनेछ। उत्कृष्ट कर्मचारी छनौट सम्बन्धी सुचक र आधार एवम् प्रकृया मन्त्रालयले तय गर्नेछ।

### २.१०.२ गौतमबुद्ध बृक्ष संरक्षण प्रबल पुरस्कार

प्रदेशमा वन संरक्षण, व्यवस्थापन एवम् विकासमा उत्कृष्ट काम गर्ने सामुदायिक वन, निजी वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, स्वतन्त्र संरक्षणकर्मी, व्यक्ति, सुरक्षा निकाय मध्ये उत्कृष्ट तीन संस्था वा व्यक्तिलाई यो पुरस्कार उपलब्ध गराइनेछ ।पुरस्कार छनौट सम्बन्धी सुचक र आधार एवम् प्रकृया मन्त्रालयले तय गर्नेछ ।

### २.१०.३ फ्रन्टलाईनमा खटिने वन रक्षक दुर्घटना बीमा कार्यक्रम

यस कार्यक्रममा विनियोजित रकम वन कार्यालयमा कार्यरत वनरक्षक कर्मचारीहरुलाई वन संरक्षण, व्यवस्थापन तथा विकास सम्बन्धि कार्य गर्दा शारिरीक रुपमा जोखिम हुने भएकोले प्रचलित कानुन बमोजिम बीमा कम्पनीहरुसँग सम्झौता गरी दुर्घटना बीमा गर्ने कार्यमा खर्च गरिनेछ ।

### २.१०.४ वन्यजन्तुबाट हुने सबै किसिमको क्षति बीमा

यस कार्यक्रममा विनियोजित रकम वन्यजन्तुले सबैभन्दा बढी क्षति पुऱ्याई रहेको बर्दियाको मधुवन नगरपालिकाका केही वडाहरुमा त्यस क्षेत्रका स्थानीयहरुको सबै प्रकृतिको बीमा प्रचलित कानुन बमोजिम बीमा कम्पनीहरुसँग सम्झौता गरी क्षतिको बीमा गर्ने कार्यमा खर्च गरिनेछ ।

### २.१०.५ शारीरिक तन्दुरुस्तिका लागि खुल्ला जिम व्यवस्थापन

यस कार्यक्रमको उद्देश्य वन कर्मचारीहरूलाई वन संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्य सम्पादन गर्न शारिरीक रूपमा तन्दुरूस्त रहन र नियमित रूपमा शारिरीक अभ्यास गर्नका लागि खुला जिम स्थापना र सञ्चालन गर्नु रहेको छ । यस शीर्षकमा विनियोजित बजेट शारिरीक व्यायामका लागि आवश्यक पर्ने सामग्रीहरूको खरिद तथा स्थापना (fitting and Setup) गरी व्यवस्थित सञ्चालन गर्ने कार्यमा खर्च गरिनेछ ।

### २.१०.६ वन,जडीवुटी,जैविक विविधता सम्वन्धी आवश्यक कानून, नीति, रणनीति, मापदण्ड, कार्यविधि, निति कार्यक्रम तयारी, निर्देशिका निर्माण तथा अभिमुखिकरण

यस कार्यक्रमको मूल उद्देश्य वन, जैविक विविधता,जडीबुटी, जलाधार व्यबस्थापन सम्बन्धी नीतिगत विषयहरूको निर्माण गर्नु रहेको छ । कार्यक्रमको कार्यान्वयन निम्न अनुसार गरिनेछ।

- प्रदेश स्तरमा आवश्यक पर्ने वन, जैविक विविधता, जडीबुटी जलाधार व्यबस्थापन सम्बन्धी आवश्यकतानुसार नीति, ऐन, नियम,बिनियम,रणनीतिक योजनाहरू कार्यविधि, निर्देशिका, मापदण्ड लगायत निर्माण गरिनेछ ।
- प्रदेशमा वन क्षेत्रको बार्षिक कार्यक्रम तर्जुमा, स्वीकृत वार्षिक कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार विभिन्न कार्ययोजना, कार्यविधि, निर्देशिका, मापदण्डहरू तयार गरिनेछ ।
- कानून मस्यौदा, कार्यविधि, निर्देशिका, मापदण्डहरू निर्माणका क्रममा आवश्यक्ता अनुसार सरोकारवालाहरुसंग राय सङ्कलन, समिति/कार्यदल बैठक, योजना तर्जुमा बैठक, परामर्श सेवा, गोष्ठी, लेखन, सम्पादन तथा छपाइ सम्बन्धी कार्यको साथै आबश्यकता र कार्यक्रमको प्रकृति समेतका आधारमा होटलमा गोष्ठी/छलफल/अन्तरक्रिया गर्दा हलभाडा सामग्री, खाना, खाजा, अन्य भाडा, ईन्धन, भत्ता लगायतमा खर्च गर्न सकिनेछ ।

### २.१०.७ कर्मचारीहरूलाई वन, वातावरण, जलाधार, जैविक विविधता सम्बन्धी तालिम (तालिम)

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट सञ्चालन हुने तालिमहरुमा यस शीर्षकको विनियोजित बजेट देहाय बमोजिम खर्च गरिने छ।

**क. छोटो अवधिको तालिम**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रद्वारा सञ्चालन हुने कर्मचारीहरूको ज्ञान सीप र क्षमता तथा कार्यालयको समग्र कार्यसम्पादनमा सहयोग पुर्‍याउने विकासमा आधारित १५ पन्ध्र दिन भन्दा कम अवधिका तालिमहरूलाई छोटो अवधिको तालिम भनिने छ। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवलले वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, प्रदेशका डिभिजन वन कार्यालयहरू, भु- तथा जलाधार व्यवस्थापन कार्यालयहरू, लगायतका सरोकारवालाहरू सँग समन्वय तथा बिचार विमर्श अन्तरक्रिया गरी आवश्यकता महसुस भएका तालिम प्राथमिकीकरण गरी यस आ.व. मा सञ्चालन गर्ने तालिमहरुको तालिका बनाई वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कर्मचारीहरूबाट अमानतमा सञ्चालन गरी सम्पन्न गरिने छ।

**यी तालिमका लक्षित स्तरः**

वन तथा वातावरण मन्त्रालयमा कार्यरत नेपाल वन सेवा, प्रशासन सेवा तथा अन्य सेवाका श्रेणी विहीन देखि अधिकृतस्तरको कर्मचारीहरू। साथै लुम्बिनी प्रदेश अन्तर्गतका राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रहरूमा कार्यरत वन सेवाका कर्मचारीहरू।

**ख. लामो अवधिको क्षमता अभिवृद्धि तालिम**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रद्वारा सञ्चालन हुने कर्मचारी दक्षता/क्षमता अभिवृद्धि तथा सिप विकासमा आधारित १५ (पन्ध्र) दिन भन्दा बढी अवधिका तालिमहरुलाई लामो अवधिको तालिम भनिनेछ। यस अन्तर्गत निम्न विषयका तालिमहरु संचालन गरिने छ।

**१. विकासका लागि वन संरक्षण र व्यस्थापन आधारभूत तालिम(सेवाकालीन)**

**समयावधिः**

यस तालिमको समयावधि ३५ कार्यदिनको हुनेछ। शनिवार बाहेकका सार्वजनिक बिदाका दिनमा समेत तालिम सञ्चालन गर्नु परेमा व्यवस्थापन समितिले तोक्न सक्ने छ।

**लक्षित स्तरः**

लुम्बिनी प्रदेश भित्र वन क्षेत्रमा कार्यरत वनरक्षक, गेमस्काउट, फरेष्टर, सिनियर गेम स्काउट,रेञ्जर र अधिकृतस्तरका कर्मचारीहरु ।

**तालिमको उद्देश्यः**

लुम्बिनी प्रदेश भित्र वन तथा वन्यजन्तुको क्षेत्रमा कार्यरत वनरक्षक, गेमस्काउट, फरेष्टर, सिनियर गेम स्काउटर रेञ्जर र र अधिकृत स्तरका कर्मचारीहरुलाई वन, वन्यजन्तु, वातावरण, जडीवुटी, जलाधार तथा जैविक विविधताका विविध विषयहरुमा आधारभूत ज्ञान प्रदान गर्ने मुख्य उद्देश्यले यो तालिम सञ्चालन गरीने छ।

**अपेक्षित उपलब्धिः**

- यस तालिम प्राप्त गरे पछि सहभागी कर्मचारीको क्षमता तथा कार्य दक्षतामा सुधार भई गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्न सक्षम हुनेछन् ।
- तालिममा सहभागी भै सफलता पूर्वक सम्पन्न गर्ने कर्मचारीहरुको वृत्ति विकासमा सहयोग पुग्ने छ।

**सेवाकालिन तालिममा सहभागी छनोटः**

व्यवस्थापन समितिले निर्णय गरेबमोजिम छनोट भै आएका सहभागिलाई तालिममा सहभागी गराईने छ। यसरी छनोट गर्दा जेष्ठता र शैक्षिक योग्यताको आधारमा छनोट गर्नु पर्ने छ।

**तालिम मूल्याङ्कन विधिः**

तालिम मूल्याङ्कनमूल्याङ्कन समितिले तालिमका सहभागीको मूल्याङ्कन गर्ने छ। तालिम सुरु हुन पहिले बसेको व्यवस्थापन समितिले तालिम मूल्याङ्कनको लागि मूल्याङ्कन ढाँचा तयार गर्ने छ।

## २. सेवा प्रवेश तालिम

**समयावधिः**

यस तालिमको समयावधि ३५ कार्यदिनको हुने छ। शनिवार बाहेकका सार्वजनिक बिदाका दिनमा समेत तालिम सञ्चालन गर्नु परेमा व्यवस्थापन समितिले तोक्न सक्ने छ।

**लक्षित स्तरः**

प्रदेश लोक सेवाबाट आयोगबाट सिफारीस भई आउने वन सेवाका अधिकृतस्तर सम्मका कर्मचारीहरूका लागि व्यवहारिक तथा प्रयोगात्मक सिप अभिवृद्धिका लागि सेवा प्रबेश तालिम प्रदान गरीने छ।

**तालिमको उद्देश्यः**

वन क्षेत्रमा नव आगन्तुक कर्मचारीहरुलाई वन सम्बन्धी आधारभूत तहको सैद्धान्तिक तथा व्यावहारिक ज्ञान, सीप र क्षमता प्रदान गरी समग्र कार्यालयको कार्य सम्पादनमा चुस्तता प्रदान गर्ने रहेको छ।

**अपेक्षित उपलब्धिः**

- यस तालिम प्राप्त गरे पछि  सहभागी कर्मचारीको क्षमता तथा कार्य दक्षतामा सुधार भई गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्न सक्षम हुनेछन् ।
- तालिममा सहभागी भै सफलता पूर्वक सम्पन्न गर्ने कर्मचारीहरुको वृत्ति विकासमा सहयोग पुग्ने छ।

**तालिममा सहभागी छनोटः**

लोकसेवा आयोग बाट सिफारिस भै मन्त्रालय मार्फत तालिमका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा पठाईने छ।

**तालिम मूल्याङ्कन विधिः**

तालिम मूल्याङ्कन समितिले तालिमका सहभागीको मूल्याङ्कन गर्ने छ। तालिम सुरु हुन पहिले बसेको व्यवस्थापन समितिले तालिम मूल्याङ्कनको लागि मूल्याङ्कन ढाँचा तयार गर्ने छ।

## ग. तालिम सहयोगी तथा कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम

यस कार्यक्रम अन्तर्गत वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कर्मचारीलाई कम्प्यूटर सम्बन्धी डिजाईनीङ्ग (प्रमाणपत्र, फोटोग्राफी, भिडीयोग्राफी आदि) सिप विकास (ड्राईभिङ्ग, षण, TOT आदि),  वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा तालिम सम्बन्धी पुर्वाधार निर्माण गर्ने, पुस्तकालय निर्माण गर्ने, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको Website Update गर्ने, तालिमका सहभागी तथा प्रशिक्षकको डाटावेस तयार गर्न सफ्टवयर निर्माण गर्ने, तालिम आवश्यकता पहिचान तथा तालिम अनुगमन गर्न आवश्यक फिल्ड भ्रमण, फिल्ड भ्रमणमा आवश्यक फिल्ड गियर (जुत्ता, झोला, स्लिपीङ्ग ब्याग, वाटर बोटल, रेनकोट आदि) खरिद तथा तालिम संचालनमा आवश्यक यन्त्र उपकरण खरिद गरीने छ।

## घ. अन्य कार्यक्रमहरु

आ. व. २०८०।०८१ मा यस वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवलमा संघीय सरकार तथा प्रदेश सरकार लगायत अन्य निकायहरुबाट कार्यक्रमहरु थप हुन आएमा यसै कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन गरिनेछ ।

**तालिम व्यवस्थापन तथा मूल्याङ्कन समिति**

**तालिम व्यवस्थापन समिति**

तालिमलाई प्रभावकारी रूपले सञ्चालन गर्न तालिम सञ्चालन गर्ने कार्यका लागि तपसिल अनुसारको तालिम व्यवस्थापन समिति हुनेछः

१. सचिव, वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश — अध्यक्ष
२. वन निर्देशक, वन निर्देशनालय, लुम्बिनी प्रदेश — सदस्य
३. महाशाखा प्रमुख, वन व्यवस्थापन योजना तथा अनुगमन महाशाखा — सदस्य
४. सम्बन्धित डिभिजनको डिभिजनल वन अधिकृत — सदस्य
५. प्रदेश लोक सेवा कार्यालयका अधिकृत स्तर प्रतिनीधी (मूल्याङ्कन हुने तालिममा मात्र) — सदस्य
६. निर्देशक, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवल — सदस्य
७. सहायक तालिम अधिकृत, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवल — सदस्य-सचिव

*नोटः आवश्यकता अनुसार ३ जना सम्म आमन्त्रित सदस्य राख्न सकिने छ ।*

तालिम व्यवस्थापन समितिले आवश्यकता अनुसार बैठक बसी तपसिलका कार्यहरु गर्ने छ।

क. तालिम सञ्चालन पूर्व अवस्थामा
- तालिम सञ्चालन गर्ने मिति र स्थान छनोट गर्ने
- पाठ्यक्रम(Syllabus) स्विकृति गर्ने
- तालिम कार्यक्रमको नियमित अनुगमन गरि आवश्यकता अनुसार निर्देशन दिने,
- पाठयोजना परिमार्जन गर्नु पर्ने अवस्था आएमा परिमार्जन गर्ने
- तालिमका कमी-कमजोरी औंल्याई अन्य तालिमलाई पृष्ठपोषण गर्ने
- अन्य व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने

**तालिम मूल्याङ्कन समितिः**

सेवाकालीन तथा सेवा प्रवेश तालिम (मूल्याङ्कन गर्नु पर्ने अन्य तालिम समेत) सञ्चालन गर्न निम्नानुसारको मूल्याङ्कन समिति रहने छ

१. वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका निर्देशक — अध्यक्ष
२. प्रदेश लोकसेवा आयोगको कार्यालयका अधिकृत स्तरका प्रतिनिधि — सदस्य
३. वन तथा वातावरण मन्त्रालयका वन सेवाका अधिकृत स्तरका प्रतिनिधि — सदस्य
४. वन निर्देशनालयका वन सेवाका अधिकृत स्तरका प्रतिनिधि — सदस्य
५. प्रशिक्षक मध्यबाट २ जना सम्म विषयगत विज्ञहरु — सदस्य
६. तालिम संयोजक — सदस्य सचिव

*नोटः आवश्यकता अनुसार बढिमा ३ आमन्त्रीत सदस्य राख्न सकिने छ।*

तालिम मूल्याङ्कन समितिले तपसिल कार्यहरु गर्नेछः

क. पाठयोजना अनुसार प्रश्नपत्र तयार गरी स्विकृत गर्ने
ख. परिक्षाका क्रममा अनुगमन गर्ने
ग. मूल्याङ्कन गर्ने
घ. उत्तर पुस्तिकामा प्राप्त अङ्क आवश्यक परेको अवस्थामा पुनः जाँच गरी सदर गर्ने
ङ. नतिजाको श्रेणी सहित प्रत्येक सहभागीको प्राप्ताङ्क र श्रेणी सदर गर्ने

**सम्पूर्ण तालिम सञ्चालन प्रक्रिया तथा सेवा सुविधा**

- निर्देशकले कार्यक्रम सञ्चालन गर्ने कर्मचारी तोकी कार्यदिश दिने।
- कर्मचारीले कार्यदिश प्राप्त गरेपछी कार्यक्रमको लागत अनुमान तयारी निर्देशकबाट स्वीकृत गराउने।

- स्वीकृत लागत अनुमान सहितको निवेदन पेश गरि पेश्की लिई कार्यक्रम सञ्चालन गर्ने।
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवलले प्रत्येक तालिमको पाठ्यक्रम तयार गरी तालिम व्यवस्थापन समिति मार्फत स्वीकृत गराउने।
- सेवाकालीन तालिमको अवधि ३५ कार्य दिन रहनेछ भने बाँकी अन्य तालिमहरुको अवधि आवश्यता अनुसार २ देखि १५ दिन सम्मको हुनेछ ।
- प्रत्येक तालिममा कम्तीमा १५जना सहभागी (पन्ध्र) उपस्थित हुनु पर्नेछ,अन्यथा तालिम रद्द हुनेछ।
- तालिमका लागि विनियोजित रकम तालिम सामग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हलभाडा, प्रशिक्षण शुल्क, खाजा, फिल्डगियर, तालिमका लागि आवश्यक भौतिक तथा स्वास्थ्य सामाग्री खरीद तथा हस्तान्तरण, तालिम व्यवस्थापन समूहभत्ता, संयोजक भत्ता, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन, व्यानर तथा प्रमाणपत्र तयारी, उद्घाटन तथा समापन कार्यक्रम आदि लगायतका विभिन्न शीर्षकमा स्वीकृत लगत इष्टिमेट बमोजिम खर्च गर्न सकिनेछ।
- तालिमका सहभागीहरुलाई जिल्ला वाहिर वा जिल्ला भित्र २० कि.मी. भन्दा टाढाका भएमा भ्रमण खर्च नियमावली (चौथो संशोधन), २०७२ अनुसार दैनिक भ्रमण भत्ता उपलव्ध गराइनेछ।
- तालिमका सहभागीहरु जिल्ला भित्र २० कि.मी भित्र भई दैनिक भ्रमण भत्ता नपाउने .भएमा प्रदेश सरकार लुम्बिनी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र  मितव्ययीतासम्बन्धी निर्देशिका २०७५ बमोजिमको मापदण्ड अनुसार नै सहभागी भत्ता उपलव्ध गराइनेछ।
- निर्देशकको अध्यक्षतामा बैठक बसी तालिमलाई प्रभावकारी एवम् व्यवस्थीत रुपमा सञ्चालन गर्न आन्तरिक रुपमा बढीमा पाँच जना कर्मचारी निर्देशकको संयोजकत्वमा तालिम व्यवस्थापन टिम गठन गरीनेछ। व्यवस्थापन टिमले कार्यालय समय अघि पछि तालिमको कार्यमा खटिई काम गर्नु पर्नेछ ।
- तालिम व्यवस्थापनमा खटिने व्यवस्थापन टिमका कर्मचारीहरुलाई जिल्ला बाहिर र जिल्ला भित्र २० किलोमिटर भन्दा टाढा कार्यक्रम सञ्चालन हुँदा भ्रमण खर्च नियमावली (चौथो संशोधन), २०७२ अनुसार दैनिक भ्रमण भत्ता उपलव्ध गराइनेछ।
- तालिम व्यवस्थापनमा खटिने व्यवस्थापन टिमका कर्मचारीहरुलाई जिल्ला भित्र २० कि.मीभित्र . सञ्चालन हुँदा सहभागी सरह प्रदेश सरकार लुम्बिनी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५(परिच्छेद २, ५/१) अनुसारको रकम भत्ता स्वरुप उपलव्ध गराइनेछ।
- तालिम कार्यक्रममा प्रशिक्षणका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा मौजुदा प्रशिक्षकहरुवाट सञ्चालन गर्नु पर्ने छ। र वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका मौजुदा जनशक्तिबाट प्रशिक्षण गर्न नसकिने अवस्था आएमा सम्बन्धित विषयवस्तुको विज्ञहरुबाट प्याकेज वा सत्र आधारमा प्रशिक्षणको व्यवस्था मिलाउन सकिनेछ।
- सेवा प्रवेश र सेवाकालिन तालिमहरुमा तालिम सञ्चालन पश्चात् मूल्याङ्कन गरीनेछ।
- तालिम कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा समावेस गर्नु पर्ने बुँदाहरु
    - स्वीकृत लागत इष्टीमेट
    - स्वीकृत पाठ योजना
    - तालिम कार्यक्रम सम्पन्न गर्दा भएको जम्मा खर्चको विवरण तथा विल भर्पाइ
    - सहभागीको विवरण (विश्लेषण सहित)
    - मूल्याङ्कन हुने तालिमको सहभागीहरुको तालिम मूल्याङ्कन फारम
    - तालिमको विस्तृत प्रतिवेदन
    - तालिम कार्यक्रम सञ्चालनका फोटोहरु

सचिव

# परिच्छेद ३: जडिबुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम (३२९०००१३)

**३.१ जडीबुटी नर्सरी निर्माण, मर्मत तथा स्तरोन्नति**

डिभिजन वन कार्यालय अन्तर्गत विगत देखि नै संचालनमा रहेका नर्सरीमा हुने सामान्य मर्मत तथा त्यस नर्सरीको क्षमता अभिवृद्धि गर्ने र विद्यमान नर्सरीबाट बिरुवा उत्पादन कार्य गर्न नपुगेमा मौजुदा नर्सरीको क्षेत्र विस्तार तथा नयाँ नर्सरी निर्माणको कार्य समेतमा यो शीर्षकको रकम खर्च गर्न सकिनेछ । नर्सरी मर्मत तथा स्तरोन्नतीको कार्य तालिका तयार गरी सकभर प्रथम त्रैमासिक अवधिमा कार्य सम्पन्न गरीसक्नुपर्नेछ ।

यस शिर्षकमा विनियोजित रकम आवश्यकता अनुसार नर्सरीमा सिचाँईको व्यवस्था, नर्सरी सुरक्षाको लागि स्थायी तारवार वा पर्खाल, ओभरहेड वाटर टैंक, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रिन हाउस, हरेक बेडमा पाईप जडान गरी स्पिरिङकल सिचाईको व्यवस्था, वत्तीको, प्रजातिको नाम प्लेट बोर्ड आदि व्यवस्था भएको हुनुपर्नेछ। नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ ।

- नर्सरी मर्मत गरिएको स्थान, फोटो तथा नक्शाहरु
- नर्सरीको पहिलेको क्षमता र अभिवृद्धि गरिएको भए हालको क्षमता
- मर्मत गर्दा लागेको खर्च

**३.२ विरुवा उत्पादन (जडिबुटी तथा गै.का.व.पै. जन्य प्रजाती)**

यस कार्यक्रममा विनियोजित बजेट प्रजाति बिशेष पकेट क्षेत्र पहिचान गरि पकेट क्षेत्र पायक पर्ने गरी सबडिभिजन, डिभिजनस्तरमा नर्सरी स्थापना र सञ्चालन गरी अल्लो, पाषाणवेद, सतुवा, सेतकचिनी, श्रीखण्ड,ओखर, टिमुर, अगरउड, रिठ्ठा, सुगन्धकोकिला, तेजपात, चिउरी, कुट्की, सर्पगन्धा लगायतका महत्वपुर्ण जडिवुटी तथा गै.का.व.पै. बिरुवा उत्पादन कार्यमा खर्च गर्न सकिनेछ । यस शीर्षकमा विनियोजित बजेटबाट पकेट क्षेत्रमा रोपण गर्ने गरि बिरुवा खरिद तथा बितरणमा खर्च गर्न पाइनेछैन ।

**३.३ बहुउपयोगी जडिबुटी तथा गै.का.व.पै. खेति विस्तार (उच्चमुल्यका प्रजाति समेत)**

पकेट क्षेत्र लक्षित गरेर उत्पादन गरिएका जडीबुटी तथा गैह्रकाष्ठ बिरुवाहरूलाई पकेट क्षेत्रमा रहेका सामुदायिक तथा सार्वजनिक जग्गामा बृक्षारोपण गर्न सुरक्षित बिरुवा ढुवानी, बिरुवा रोपण पूर्व मलखाँदको प्रयोग र रोपणमा सहजीकरण, बृक्षारोपणको संरक्षण गर्न आवश्कता अनुसार तारवार तथा हेरालू परिचालन गर्न यस कार्यक्रम तर्जुमा गरीएको छ । यसमा विनियोजन भएको रकम बिरुवा ढुवानी कार्य, बिरुवा सुरक्षित ढुवानी गर्न आवश्यक ट्रे/क्रेट खरिद, मलखाँद खरिद, ढुवानी तथा वितरण, बिरुवा रोपणको स्थलगत अभ्यास र आवश्यकता अनुसार बारबेर तथा हेरालू परिचालनमा खर्च गर्न सकिनेछ ।यस कार्यमा विनियोजित भएको रकम मध्ये वास्तविक खर्चको आधारमा वढीमा २ प्रतिशत रकम उक्त कार्यमा खटिने कर्मचारीको दैनिक भ्रमण भत्ता, इन्धन, खर्च गर्न सकिनेछ । यसरी कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछ।

- वितरण भएको जडीबुटी बिरुवा, मलखादको परिमाण
- लाभान्वित समूह/सँस्थाको नामावली तथा विवरण
- जडीबुटी खेती विस्तार भएको क्षेत्रको विवरण तथा जि.आइ.एस. नक्सा
- कार्य सञ्चालन चरणको फोटो

साथै यस शीर्षकबाट निजी कृषकको जग्गामा बहुउपयोगी जडिबुटी तथा गै.का.व.पै. खेति विस्तार गर्न निजी कृषकहरूलाई विरूवा ढुवानी, खाडल खन्ने कार्य तथा रोपण कार्यमा सहयोग गर्न सकिनेछ । यसरी निजी कृषकले जडिबुटी तथा गै.का.व.पै. खेति विस्तार कार्य सम्पादन गर्दा कृषक स्वयमले मलखाँदको प्रयोग, रोपण गरिएको विरूवाको संरक्षण तथा आवश्यकतानुसार सिचाई समेतको प्रबन्ध भएको सुनिश्चित गरिनुपर्दछ ।

**३.४ अगरउड प्रबर्धन कार्यक्रम**

यस शीर्षकको कार्यक्रम यस कार्यविधिको दफा ३.३ बहुउपयोगी जडिबुटी तथा गै.का.व.पै. खेति विस्तार कार्यक्रम बमोजिम नै सञ्चालन गरिनेछ ।

**३.५ पहाडी क्षेत्रमा टिमुर विकास कार्यक्रम**

यस शीर्षकको कार्यक्रम यस कार्यविधिको दफा ३.३ बहुउपयोगी जडिबुटी तथा गै.का.व.पै. खेति विस्तार कार्यक्रम बमोजिम नै सञ्चालन गरिनेछ ।

**३.६ जडिबुटी तथा गैकावपै प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनमा सहयोग**

यस कार्यक्रमको मूल उद्देश्य जडिबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उद्यम विकास र प्रबर्द्धनमा सहयोग गरी प्रशोधन तथा विक्री वितरण सवल र सुदृढ बनाउंदै स्थानीय स्तरमा आय आर्जन र रोजगारीका अवसरहरुको अभिवृद्धी गर्ने रहेको छ ।मन्त्रालयबाट गरिएको जडिबुटी प्रशोधन उद्योग स्थापना सम्भाव्यता अध्ययन प्रतिवेदन तथा स्थानीय आवश्यकताका आधारमा प्रचलित कानुन बमोजिम यस कार्यक्रम सञ्चालन गरिनेछ ।

**३.७ जडिबुटि प्रशोधन केन्द्र स्थापना भूमिकास्थान ४ गैराकोट, अर्घाखाँची**

यस कार्यक्रमको मुल उद्देश्य अर्घाखाँची जिल्ला तथा छिमेकी जिल्लामा समेत उपलब्ध जडिबुटी तथा गै.का.व.पै.लाई प्रशोधन, भण्डारण मार्फत मूल्य अभिबृद्धि गरी स्थानीय स्तरमा आयआर्जन र रोजगारीका अवसरहरुको अभिवृद्धि गर्ने रहेको छ । यस शीर्षकको कार्यक्रमबाट सम्बन्धित क्षेत्रमा रहेका निजी, सार्वजनिक तथा सहकारी सँघ सँस्थासँग ५० प्रतिशत लागत साझेदारी हुने गरी जडिबुटी प्रशोधन केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी प्रस्ताव आह्वान गर्नुपर्नेछ ।यसरी प्रस्ताव आह्वान गर्दा कम्तिमा१५ दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । प्रस्ताव माग गर्दा महिला, विपन्न, आदिबासीहरूलाई प्राथमिकतामा राखी जडिबुटी तथा गै.का.व.पै.को उपलब्धता र प्रस्तावित प्रशोधन केन्द्रवाट उत्पादित वस्तुको माग तथा वजार भएको हुनुपर्नेछ । प्रशोधन केन्द्रमा जडिबुटी/गै.का.व.पै.को नियमित प्राप्ति, सृजना हुने रोजगारी, वातावरणमा पार्ने सकारात्मक प्रभाव, स्रोतको सदुपयोग लगायतका सुचकका आधारमा प्राप्त प्रस्ताव मूल्यांकन गरी सवैभन्दा उत्तम प्रस्ताव छनौट गर्ने र सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । यसरी कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- प्रशोधन केन्द्रको नाम, संचालक र ठेगाना
- प्रशोधन केन्द्र रहेको स्थान (अवस्थिति सहित)
- प्रशोधन केन्द्रको प्रकार निजी, सहकारी, साझेदारी, समुदाय
- प्रशोधन केन्द्रबाट उत्पादन हुने वस्तु तथा सेवा
- कुल लागत र अनुदान तथा उद्यमीको अंश
- रोजगारी अनुमानित श्रमदिन प्रतिवर्ष
- उद्यम स्थलमा राखिएको माथिका विवरण देखिने सूचना पाटीको फोटो

**३.८ जडीबुटी प्रवर्द्धनका लागि कृषक, व्यवसायी र प्राविधिक बिच सिकाई आदानप्रदान अवलोकन भ्रमण**

यस कार्यक्रमको मुख्य उद्देश्य अन्य प्रदेशमा भए गरेका जडीबुटी प्रवर्द्धनका विषयका सफल अभ्यासहरूको स्थलगतरूपमा अवलोकन गरि प्रदेशमा कार्यन्वयनमा रहेको जडीबुटी बिकास कार्यक्रम लगायतका क्षेत्रहरूमा थप टेवा पुर्याउन अन्तरप्रदेश सिकाइ आदान प्रदान गर्नु रहेकोछ ।

यस कार्यक्रम अन्तर्गत जडीबुटी बिकासका सफल कामहरू भएका प्रदेशहरूका बिभिन्न जिल्लामा सम्बन्धित कर्मचारी/विज्ञ, मन्त्रालय, निर्देशनालयमा कार्यरत कर्मचारीलाई सहभागी गराई बढिमा १ हप्ता अवधि सम्मको अन्तर प्रदेश अवलोकन अध्ययन भ्रमण कार्यक्रम गरिनेछ ।

यस कार्यक्रममा बिनियोजित बजेट गाडी भाडा, दैनिक भ्रमण भत्ता, सहभागीहरूलाई खाजा एवम् प्रशिक्षक भत्ता लगायतका कार्यहरूमा खर्च गरिनेछ ।

### ३.९ विगतका वर्षहरूमा निजी क्षेत्रमा वृक्षारोपण गरिएका जडीबुटी खेतीको स्याहार सम्भार सहयोग (पुनःरोपण समेत)

यस कार्यक्रमको मुख्य लक्ष्य माग र आवश्यकताको आधारमा विगत समयमा निजी जग्गामा भएका जडीबुटीजन्य बिरुवाहरूको बृक्षारोपणको स्याहार सम्भार तथा पुनरोपण समेत गरी कार्यक्रमलाई शत प्रतिशत सफल बनाउनु रहेको छ। यसमा विनियोजन भएको रकम विगतमा निजी जग्गामा भएको जडीबुटीजन्य बृक्षारोपणको सम्बन्धि सव डिभिजन वन कार्यालयले अनुगमन र निरीक्षण पश्चात्को सिफारिसको आधारमा गोडमेल (Weeding), सरसफाई (Cleaning), आवश्यकता अनुसार मलखाँद समेत प्रयोग गरी मृत बिरुवाहरू प्रतिस्थापनको लागि पुनरोपण कार्य आदिमा खर्च गर्न सकिनेछ । यसरी कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- गोडमेल तथा सरसफाई गरीएको जडीबुटी खेती क्षेत्रको विवरण (बिरुवा सँख्या, प्रजाति, क्षेत्रफल समेत)
- पुन रोपण गरिएको जडीबुटी बिरुवा, मलखादको परिमाण
- लाभान्वित व्यक्तिहरूको नामावली
- कार्य सञ्चालन पुर्व तथा पश्चातको र कार्य सञ्चालनको फोटो

### ३.१० आर्थिक महत्वका जडीबुटीहरूको स्वस्थानीय संरक्षण

यस कार्यक्रमको उद्देश्य नेपाल सरकारबाट आर्थिक हिसाबले महत्वपूर्ण जडीबुटीको रूपमा घोषणा भएका तथा स्थानीय स्तरमा महत्वपूर्ण रहेका जडीबुटीहरूको स्वःस्थानीय (In-Situ) संरक्षण, प्रवर्द्धन तथा विस्तार गर्नु रहेको छ। रैथाने (Endemic) प्रजातिका उच्च मुल्यका प्राकृतिक रूपमा रहेका स्थानीय जडीबुटीहरूको संरक्षण, सम्बर्धन तथा विस्तार, निजी, सामुदायिक तथा सार्वजनिक जग्गामा उक्त प्रजातिको जडीबुटी खेती गरी स्थानीय जडीबुटीहरूको मुल-बंशाणु समेत सुरक्षित रहने गरी स्थानीय आयमा अभिवृद्धि गर्न यस कार्यक्रम तर्जुमा गरीएको छ । यसमा विनियोजन भएको रकम प्राकृतिक रूपमा रहेका तथा विगत समयहरूमा बृक्षारोपण गरी खेती विस्तार गरिएका जडीबुटी क्षेत्रहरूमा आवश्यकता अनुसार गोडमेल (Weeding), सरसफाई (Cleaning), एक्ल्याउने, पत्ल्याउने, चरिचरणबाट जोगाउन फेन्सिङका साथै आवश्यकता अनुसार मलखाद समेत प्रयोग गरी मृत बिरुवाहरू प्रतिस्थापनको लागि पुनर्रोपण कार्य आदिमा खर्च गर्न सकिनेछ । यसरी कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछ।

- स्वस्थानीय संरक्षण गरिएको जडीबुटी खेती क्षेत्रको बिवरण (बिरुवा सँख्या, प्रजाति, क्षेत्रफल समेत)
- पुनर्रोपण गरिएको जडीबुटी बिरुवा संख्या
- लाभान्वित व्यक्ति/समूह/सँस्थाहरूको नामावली र सम्पर्क ठेगाना
- कार्य सञ्चालन पुर्व तथा पश्चात्को र कार्य सञ्चालनको फोटो

### ३.११ उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम

आम्दानीको हिसाबले प्रचुर सम्भावना रहेको दाँते ओखरलाई यस प्रदेशको एक मात्र हिमाली जिल्ला रूकुम पुर्व र सोहीसंग मिल्दो जुल्दो हावापानी रहेको प्राकृतिक रूपमै रैथाने ओखरका बिरूवाहरू पाइने रोल्पा र प्यूठानको केही भेगमा यस वर्षदेखि अभियानकै रूपमा विस्तार गरी कृषकको आयआर्जन र जीविकोपार्जनमा सहयोग पुर्याउने यो कार्यक्रमको मुख्य उदेश्य रहेको छ । यो कार्यक्रम कार्यन्वयनका लागि आवश्यकता अनुसार १/१ जना वन प्राबिधिक र आवश्यक परेमा बजेटको परिधिमा रही स्थानीय ओखर बिकास सहजकर्ताहरु राखी नियमित अनुगमन, स्थान छनोट, रोपण सहजिकरण तथा अन्य प्राविधिक

सहयोग उपलब्ध गराउनुपर्ने छ। यसरी राखिएका वन प्राबिधिकलाई प्रतिमहिना बढीमा रू ३० हजार तथा सहजकर्तालाई प्रतिमहिना बढीमा रू. १२ हजारसम्म पारिश्रमिक दिन सकिने छ ।

यस कार्यक्रमबाट दाँते ओखरको पकेट क्षेत्र पायक पर्ने गरी नर्सरी स्थापना र सञ्चालन,बिरुवा उत्पादन, कलमी बिरुवा उत्पादन, वृक्षारोपण, सामाजिक सहजिकरण, लगायतका कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ।साथै यस अघि रोपण भएका बिरुवाहरुको नियमित रेखदेख तथा अभिलेखीकरण कार्य समेत गर्नु पर्नेछ।यो कार्यक्रम नविनतम र विशेष कार्यक्रम भएको हुदाँ कार्यालयबाट लक्ष्य, उदेश्य, कार्यनीति, कार्यक्रम, अपेक्षित उपलब्धी, कार्यान्वयन योजना र अनुगमन योजना सहितको बार्षिक कृयाकलाप योजना तयार गर्नुपर्नेछ। डिभिजन वन कार्यालयमा विनियोजन भएको एकमुष्ट बजेटलाई वृक्षारोपण र बिरुवा हुर्काउने कामको सहजिकरणलाई विशेष प्राथमिकता दिई चालु आ.व.मा खरिद गरी रोपण गरीने कार्य लाई कम प्राथामिकतामा राखी कलमी बिरुवा उत्पादन कार्यलाइ बिशेष जोड दिई उल्लेखित क्रियाकलापमा बजेट विभाजन गरी बार्षिक कृयाकलाप योजना तयार मंसिर महिना भित्र निर्देशनालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ।

### ३.१२ जडीबुटी खेती विस्तारमा सहजीकरण

यस कार्यक्रमको लक्ष्य निजी, सामुदायिक तथा सार्वजनिक जग्गामा जडीबुटी खेती विस्तारका लागि आवश्यक स्थानीय कृषकहरूको क्षमता अभिवृद्धि तथा स्थलगत अभ्यास गर्न रहेको छ। यसमा विनियोजन भएको रकम क्षमता विकास कार्यको लागि आवश्यक प्रशिक्षक व्यवस्थापन, खाना, खाजा, यातायात खर्च, तालिम सामाग्री, दैनिक भ्रमण भत्ता, इन्धन, स्टेशनरी आदिमा खर्च गर्न सकिनेछ। यसरी कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा सहभागीहरु तथा स्रोतव्यक्तिको विवरण तथा कार्य सञ्चालनको फोटोहरू समावेश गर्नुपर्नेछ ।

# परिच्छेद ४: भू संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम (३२९०००१४)

### ४.१.१ कार्यक्रम कार्यान्वयका लागि साझा सिद्धान्त, प्रक्रिया तथा मार्गदर्शन

- भू तथा जलाधार व्यवस्थापन कार्यालयलाई उपलव्ध एकमुष्ट बजेट तथा कार्यक्रम विभाजन (Breakdown) गरी वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत भए पश्चात् सञ्चालन गर्नु पर्नेछ ।
- एकीकृत जलाधार व्यवस्थापन कार्यक्रमको प्रदर्शन गर्ने उद्देश्यले प्रत्येक जिल्लामा कम्तीमा एकवटा भू संरक्षण तथा जलाधार प्रदर्शन स्थलको रुपमा विकास गर्नु पर्नेछ
- एक जलाधार वहुउपयोग: एकीकृत सहभागितामूलक जलाधार व्यवस्थापन प्रकृया अवलम्वन गर्ने,
- संरक्षण कार्यलाई उत्पादनशील, आयमुलक एवं बजारमुखी ढाँचामा सञ्चालन गर्ने,
- चुरे क्षेत्रको जलाधार व्यवस्थापनलाई विशेष प्राथामिकता दिने,
- जलाधार व्यवस्थापनका विविध पक्षहरु बारे प्रचार प्रसार र समन्वय गर्ने,
- जलवायु परिवर्तनका कारणले पर्न सक्ने संभावित जोखिमको आँकलन गरी जलाधार स्तरमा आवश्यक र उपयुक्त अनुकूलन/समानुकूलन एवं विपद् व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्ने,
- Too much water too little water management को अवधारणा अनुसार विषेश गरी हिउँदको मौसममा too little water भएको समयको लागी संचय, नवीकरण र सतत् उपयोगमा सघाउ पुऱ्याउने कार्यक्रमा विशेष जोड दिने,
- संरक्षणका सम्पूर्ण कार्य र प्रयासहरु उपल्लो भेगको संरक्षण तल्लो भेगको फाइदा भन्ने वैज्ञानिक मान्यताका साथ जिल्लाको उपल्लो जलाधार क्षेत्र र तल्लो जलाधार क्षेत्रमा संगसंगै कार्यक्रमहरु एकीकृत रूपमा संचालन गर्ने,
- प्रदेशमा रहेका जमिनहरुको भू-क्षमताका आधारमा उपयोग गर्ने, भू-क्षय जोखिमयुक्त जमिनको पहिचान गरी संरक्षणका उपायहरु अवलम्बन गर्ने,
- कार्यक्रम सञ्चालन गर्दा सकेसम्म स्थानीय समुदायको आयआर्जन हुने तथा हरियाली प्रवर्द्धन हुने कार्यलाई एकीकृत गरी सञ्चालन गर्ने,
- यस कार्यविधिमा उल्लेख नभएका तर स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सम्पादन गर्न आवश्यक भएका कार्यक्रमहरु समेत प्रचलित ऐन, नियम,नर्म्स, निर्देशिका,मार्गदर्शन तथा कार्यविधिको परिधि भित्र रही कार्यान्वयन गर्नु पर्नेछ,
- सकेसम्म कम खर्चिलो भू संरक्षण प्रविधि तथा बायोइन्जिनियरिङ्ग प्रविधिको प्रविधिको प्रयोग गरी हरियाली प्रवर्द्धनमा जोड दिनु पर्नेछ,
- कार्यक्रम सन्चालन गर्दा सम्बन्धित जिल्ला प्रशासन कार्यालय,स्थानीय तह,डिभिजन वन कार्यालय लगायत अन्य सम्बन्धित निकायसँग समन्वय गर्नु पर्नेछ,
- कार्यक्रम सम्पन्न भए पछि हरेक क्रियाकलापको पार्श्वचित्र (Activity Profile) बनाउनु पर्नेछ,

### ४.१.२ जनशक्ति व्यवस्थापन तथा समय सीमा

- भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित ऐन, नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।

- पहिलो त्रैमासिक अवधि सम्ममा स्थान छनौट, बस्तुस्थितिको बिश्लेषण, सर्भे डिजाईन तथा ल.ई.सम्पन्न गरी काम शुरु र चौथो त्रैमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण समेत गर्ने।

### ४.१.३ खरीद र भुक्तानी प्रक्रिया तथा गुणस्तर नियन्त्रण

- कुनै पनि वस्तु वा सेवा खरीद र भुक्तानी गर्दा सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली २०६४, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को अधिनमा रही गर्नुपर्नेछ।
- बार्षिक कार्यक्रममा स्थान स्पष्ट नभएका निम्न विषयगत (Thematic) कार्यक्रम तथा बजेटको हकमा प्रचलित कानुनको अधिनमा रही कार्यालयले आवश्यकता र औचित्यताको आधारमा खण्डिकरण गरी सार्वजनिक गर्नुपर्नेछ । यसरी सार्वजनिकिकरण पश्चात प्राप्त सुझावको आधारमा कार्यक्रम कार्यान्वयन योजना तयार गरी कार्यान्वयन गर्नुपर्नेछ ।
    - ✓ दिगो भू व्यवस्थापन (क्षतिग्रस्त भूमी पुनरुत्थान, विरुवा उत्पादन, फलफुल डाँले घाँस रोपण आदि)
    - ✓ कम खर्चिलो भु-संरक्षण प्रविधिबाट गल्छी, पहिरो तथा भुक्षय नियन्त्रण
    - ✓ साझेदारी भुसंरक्षण
    - ✓ विपत जोखिम न्यूनिकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन
    - ✓ विकासका पुर्वाधार संरक्षण
    - ✓ जलवायु परिवर्तन अनुकुलन (पानी मुहान, सिमसार संरक्षण, एक वडा एक पोखरी कार्यक्रम समेत)
- कार्यक्रमको आवश्यकता अनुसार ग्याबियन तार जालीको काम गर्दा खिया नलाग्ने, स्पेसिफिकेशन भएको मेशिनवाट बुनिएका Heavy Coated G.I. तारजाली प्रचलित कानुन बमोजिम खरीद गर्नु पर्नेछ ।
- सबै निर्माण कार्य स्थलमा सो कार्यक्रमसंग सम्बन्धित विवरणहरु (आयोजनाको नाम, लागत रकम, उपभोक्ता समितिको नाम, ठेगाना, लाभान्वित घरघुरी, कार्यक्रमबाट हुने मुख्य मुख्य उपलब्धीहरु, कार्यालय प्रमुखको, साईट प्रमुखको नाम, फोन नम्वर आदि) सर्वसाधारणले देख्ने गरी सार्वजनिक गर्नु पर्नेछ।
- कार्यक्रमको भूक्तानी गर्नु भन्दा पहिले सो कार्यक्रममा भएको खर्चको सार्वजनिक लेखापरीक्षण गरिसकेको प्रतिवेदन प्राप्त भएपछि मात्र भूक्तानी गर्नु पर्नेछ।
- मासिक खर्चको विवरण सार्वजनिक गर्नु पर्नेछ। सम्भव भए सम्म Website मार्फत समेत सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ।
- लागत, लाभांश, सहभागिता लगायतका विषयमा सार्वजनिक सुनुवाई गर्ने, कार्यक्रमको भुक्तानी पछि उपभोक्ता समूह सदस्यहरु बीच समन्यायिक बाँडफाँड, मर्मत सम्हार, लगायतका विषयमा अनुगमन गर्नुपर्नेछ।
- बिरुवा उत्पादन, समन्वयात्मक गोष्ठी, संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख अनुगमन तथा मुल्यांकन तथा वार्षिक प्रगति प्रतिवेदन कार्यक्रम प्रचलित आर्थिक ऐन नियमको परिधिभित्र रही जनशक्ति मार्फत अमानतमा संचालन गर्न सकिनेछ । यी बाहेक भू तथा जलाधार व्यवस्थापनका कार्यहरूको हकमा प्रचलित कानूनका अधिनमा रहि संचालन गर्न सकिनेछ।
- कार्यक्रम कार्यान्वयन गर्दा संभव भए सम्म म्यानुयल रुपमा गर्नु पर्नेछ तर कार्यक्रम /स्थानको प्रकृति हेरी म्यानुयल रुपमा गर्दा निर्माण हुने संरचनाको गुणस्तरमा कमीआउने/ कार्य सम्पन्न हुन बढी समय र लागत लाग्ने देखिएमा यान्त्रिक उपकरण प्रयोग गर्न सकिनेछ।

- कार्यक्रमहरु सञ्चालन गर्दा सरोकारवालाहरुको सहभागीतामा क्रियाकलापहरु छनौट गरी सर्भे डिजाईन, लागत अनुगमन तयार गरी बोलपत्र दरभाउ अमानत वा उपभोक्ता समितिमार्फत कार्यन्वयन गर्न सकीने छ।
- भू तथा जलाधार व्यवस्थापनका कार्यक्रमका क्रियाकलापहरु कार्यान्वयन गर्दा Bio engineering पद्धति अवलम्वन गर्नुपर्ने छ ।कार्यक्रम सन्चालन गर्दा स्थानीय तहको समन्वयमा गर्नु पर्नेछ ।

### ४.२.१ जलवायु परिवर्तन अनुकूलन कार्यक्रम (पानी मुहान, सिमसार संरक्षण, एक वडा एक पोखरी कार्यक्रम समेत)

**उद्देश्य:**
जलवायु परिवर्तनबाट सिर्जित नकारात्मक प्रभाव र असरलाई न्यूनीकरण एवम् व्यवस्थापन गरी मानव जीवनलाई जलवायु अनुकूलित बनाउनुका साथै विकास निर्माणका कार्यलाई दिगो बनाउनु यसको मूल उद्देश्य हो ।

**यस अन्तर्गत सञ्चालन गर्न सकिने कृयाकलापहरु:**

- परम्परागत पोखरीहरुको संरक्षण गर्ने, पुरिएका पोखरी उत्खनन गर्ने, गाउँघरको बाटोमा बग्ने भललाई पोखरी बनाई संकलन गर्ने आदि क्रियाकलापहरु संचालन गरिनेछ।
- स्थान छनौट गर्दा सार्वजनिक ऐलानी, पर्तिक्षेत्र, परम्परागत साना पोखरी भएका क्षेत्रलाई प्राथमिकता दिने, त्यस्तो स्थान नभएमा सामुदायिक वन, राष्ट्रिय वन क्षेत्रमा रूखबिरुवाहरू नभएको तथा समुदायले सिंचाई गर्ने जग्गामा समेत सिंचाई र रिचार्ज पोखरी निर्माण गर्न सकिनेछ,
- परम्परागत कुवा, ढुङ्गे धारा र पानीका श्रोतहरुको सरक्षण गर्ने,
- पानी श्रोतको शुक्ष्म जलाधार क्षेत्रमा तारबार गरी वृक्षारोपण गर्ने,
- मौजुदा ताल, पोखरी, सिमसार क्षेत्र संरक्षण र Runoff Harvesting dam को निर्माण गरिनेछ।
- पानी श्रोत, सिमसार र संरक्षण पोखरीको तल माथि पहिरो, गल्छी तथा नदि कटान प्रभावित क्षेत्र भएमा सो नियन्त्रण गर्न चेकड्याम, टेवा पर्खाल तथा तटबन्ध लगायतका वायोईन्जिनियरिङ्गको काम गर्न सकिनेछ।
- नदीउकास जग्गामा खेतीपाति र वर्षामा आधारित खेतीपाति कार्य गर्न सकिनेछ ।
- नियमित अनुगमन, सुचना पाटीको व्यवस्थापन, अध्ययन अवलोकन

कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व, कार्यचालु, कार्य सम्पन्न पश्चात्को फोटो, नक्शा, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र रोपेको वा वितरण गरेको बिरुवाको जात र संख्या वृक्षारोपणको क्षेत्रफल, खर्च रकम र गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ।

**अपेक्षित उपलब्धि:**
यस कार्यबाट पानीको उत्पादकत्व र गुणस्तर अभिवृद्धि, वातावरणीय स्वच्छता अभिवृद्धिका साथै स्थानीय समुदायको जीविकोपार्जनमा उल्लेख्य सुधार हुने ।

### ४.२.२ विपत जोखिम न्यूनिकरण तथा प्राकृतिक प्रकोप व्यवस्थापन

**उद्देश्य:**
जलजन्य विपद् एवम् प्राकृतिक प्रकोपबाट हुने क्षतिको कारण तल्लोतटीय र वरिपरिका क्षेत्रमा सिर्जित नकारात्मक असर र जोखिमहरुको न्यूनीकरण र व्यवस्थापन गरी स्थानीय समुदायको जनजीवनलाई सहज बनाउने।

**यस अन्तर्गत सञ्चालन गर्न सकिने कृयाकलापहरु:**
पहिरो उपचार, गल्छी/खोल्साखोल्सी उपचार, खहरे नियन्त्रण, खोलाकिनार संरक्षण तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन तथा वार्षिक प्रगति प्रतिवेदन तयारी एवं प्रकाशन समेत

कार्य संचालन गर्दा कम खर्चिलो एवम् बायो इन्जिनियरिङ्ग प्रविधिलाई अवलम्वन गर्नु पर्नेछ। साथै स्थानीय उपभोक्ताको सहभागिता र सहकार्य लाई प्राथमिकता दिई सञ्चालन गर्नु पर्नेछ। तटबन्ध, स्पर र चेकड्याम जस्ता संरचना निर्माण गर्नु पर्ने भएमा नदीको लागि आवश्यक ठाउँ छोडेर मात्र निर्माण गर्नु पर्नेछ र तटबन्धको संरचना निर्माण गर्दा प्राविधिक रुपमा आवश्यक पर्ने लञ्चिङ एप्रोन, डाइक र स्परहरुको व्यवस्था गर्नु पर्नेछ। क्रियाकलाप सञ्चालन गर्दा एकीकृत जलाधार व्यवस्थापन अवधारणानुरुप प्याकेजमा गरिनेछ । यस अन्तर्गत निम्न लिखित क्रियाकलाप सञ्चालन गर्न सकिने छ।

- नदी तथा खोलाको वहावलाई नियमन गरी किनारमा हुने अनियन्त्रित कटान र Overflow बाट वस्ती, खेतीयोग्य जमिन, नदी उकास जग्गा र महत्वपूर्ण संरचना संरक्षण गर्ने,
- नदी तथा खोला किनारा स्थिरीकरण तथा व्यबस्थापन कार्यक्रम सञ्चालन गर्दा छनोट गरिएका नदी प्रणालीमा नदी प्रणाली एकीकृत श्रोत व्यबस्थापनका कार्यक्रमहरू सञ्चालन गर्ने,
- नदी किनारा व्यबस्थापनका लागि नदी किनारामा संरचनाको निर्माण गर्दा नदी वहावको लागि प्राविधिक रूपले आवश्यक पर्ने नदीको वहाव क्षेत्र नघटाइ गर्ने,
- निर्मित संरचनाको दिगो संरक्षण गर्नको लागि नदीको दुवै किनारामा स्पर, डाइक तटवन्धन, वायोइन्जिनियरिङ, हरितपेटीका लगायतका संरक्षणका क्रियाकलाप गर्ने।
- आकस्मिक रूपमा पहिरो जाने क्षेत्रहरूको पहिचान गरी सूचीकरण (अभिलेखीकरण) गर्ने,
- कृयाकलाप सन्चालन गरिने क्षेत्रको अवस्था र हुन सक्ने संभावित क्षतिको वारेमा सम्बन्धित निकायहरुबाट सूचना संकलन गरी प्रोफाइल तयार गर्ने,
- आकस्मिक रुपमा पहिरो र नदी कटान भई गाउँ, वस्ती र राष्ट्रिय महत्वका संरचनामा जोखिम हुने अवस्था आएमा तत्काल कार्यक्रम सहयोग र रोकथामको लागि चेकड्याम, स्पर, डाईक, टेवा पर्खाल आदि संरचनाहरु निर्माण गर्ने र निर्माण सामाग्री उपलब्ध गराउने,
- भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट लागत अनुमान तयार गरि सम्बन्धित उपभोक्ता समूह र उद्धारमा खटिएका सुरक्षाकर्मी मार्फत संरक्षण तथा व्यवस्थापन सम्बन्धि संरचना तयार गर्ने।
- भलको व्यवस्थापन तथा पानीको निकास,
- कम खर्चिलो भू संरक्षण प्रविधि,
- Dry stone, loose stone, brush wood-checkdam.
- Fascine, pallisade, wattling, Brush layering, rip rap, hedge row.etc
- Contour trenching, contour bunding, jute netting.etc
- स-साना ग्यावियन चेकड्याम लगायतका इन्जिनियरिङ संरचना,
- वायो-ईन्जिनियरिङ संरचना जस्तै घाँसरोपण, वाँसरोपण, वृक्षारोपण, हाँगा रोपण आदि,
- यस कार्यक्रम स्थानीय तहसँग समन्वय गरी उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने,
- सर्भे डिजाईन तथा ल.ई., स्थलगत नक्सा (लोकेशन म्याप), प्रभावित क्षेत्रको भु-उपयोग देखीने खेस्रा नक्सा, विभिन्न भागको लम्बाइ, चौडाइ, गहिराई, माटो तथा भू बनौट, प्रकोपको प्रकृति (Mud flow, debris flow, Gulley Erosion size etc) तथा प्रभावित हुने घर परिवार संरचना वा सुरक्षित हुने जग्गा जमीनको क्षेत्रफल जस्ता विषयहरु समावेश गर्नु पर्नेछ ।

- कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन तथा वार्षिक प्रगति प्रतिवेदन तयारी एवं प्रकाशन समेत गर्नुपर्नेछ ।

सम्पादित सबै क्रियाकलापहरुको नियमित अनुगमन गर्ने, सुचना पाटीको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ । साथै कार्य सम्पन्न पश्चात् बार्षिक प्रगति प्रतिवेदन तयार गरि प्रकाशन गरिने छ र उक्त प्रतिवेदनमा कार्य

गर्नुपूर्व,कार्य चालु अवस्थाको र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र खर्च रकम साथै हरेक सेगमेण्ट अनुसार गरेको कामको विवरण र परिमाण आदि समेत उल्लेख गर्नु पर्नेछ।

**अपेक्षित उपलब्धि:**

यस कार्यबाट जलजन्य विपद न्यूनीकरण तथा व्यवस्थापन भई भूमि संरक्षण तथा भूमि उत्पादकत्व अभिवृद्धि, धनजनको क्षति न्यूनीकरण हुनुका साथै समुदायको जीविकोपार्जनमा सुधार हुने ।

### ४.२.३ दिगो भू व्यवस्थापन (क्षतिग्रस्त भूमि पुनरुत्थान, बिरुवा उत्पादन, फलफूल डाँले घाँस रोपण आदि)

**उद्देश्यः**

जमीनको क्षमता अनुसार उपयुक्त भू उपयोग व्यवस्थापन कार्यबाट प्राकृतिक प्रक्रियाको पुनर्स्थापना गर्दै जमीनको उत्पादकत्व संरक्षण एवम् अभिवृद्धि, जलवायु परिवर्तन अनुकूलन, आयमूलक कार्य, तथा खाद्य आपूर्तिमा टेवा पुर्याई समुदायका मानिसको जीविकोपार्जनलाई सहज बनाउनु ।

**यस अन्तर्गत गर्न सकिने कृयाकलापहरुः**

क्षतिग्रस्त भूमि पुनरोत्थान, भल तर्काउने नाला निर्माण, फलफूल रोपण, डालेघाँस/भुईंघाँस रोपण, नर्सरी/बिरुवा उत्पादन, दिगो माटो व्यवस्थापन,संरक्षण वृक्षारोपण, चरण व्यवस्थापन आदी

भू संरक्षणको दृष्टिकोणले-महत्वपूर्ण डालेघाँस,भूईघाँस तथा अन्य फलफूल तथा बायोइन्जिनियरिङ प्रजातिका बिरुवाहरु उत्पादन गरी वृक्षारोपण गर्न अभिप्रेरणा जगाई भु संरक्षण तथा माटोको उर्वरा शक्तिलाई कायमै राख्न यो क्रियाकलाप संचालन गरिनेछ ।बिरुवा वितरण गर्दा भुक्षय भएका र हुन सक्ने स्थानमा रोपण कार्यका लागि जनसहभागिता परिचालन गरिनेछ ।

सम्पादन गरिने क्रियाकलापहरुः

- नर्सरी मर्मत सुधार, विभिन्न प्रजातिका बीउ संकलन र खरीद, बिरुवा उत्पादन, बिरुवा वितरण, बिरुवा व्यवस्थापनका लागि आवश्यक जनशक्ति व्यवस्थापन
- बिरुवा उत्पादनका लागि आवश्यक भौतिक संरचना निर्माण
- क्षतिग्रस्त भूमि पुनरोत्थान (भल तर्काउने कुलो, नाला, चेकड्याम, पर्खाल, हरियाली प्रवर्द्धनका कार्य आदि)
- सिल्टेसन व्यवस्थापन
- हरियाली प्रवर्द्धनका साथै आय सिर्जनाका लागि फलफूलका बिरुवा उत्पादन, खरीद तथा वितरण

**अपेक्षित उपलब्धि:**

गुणात्मक एवम् परिमाणात्मक विभिन्न प्रजातिका बिरुवा रोपण भई क्षतिग्रस्त जग्गाको पुनर्स्थापना, हरियाली प्रवर्द्धन, रोजगारी सिर्जना, स्थानीय समुदायको आयआर्जनमा वृद्धि एवं जनताको जीविकोपार्जनमा दिगो टेवा पुग्ने ।

### ४.२.४ विकासका पुर्वाधार संरक्षण कार्यक्रम

**उद्देश्यः**

सुरक्षित जिवनयापन र दिगो बिकासका लागि आधारभूत विकासका पूर्वाधारहरुको संरक्षण गर्नु ।

**यस अन्तर्गत गर्न सकिने कृयाकलापहरुः**

सिंचाईकुलो संरक्षण, सडकपाखो संरक्षण, संरक्षणपेटी विकास (Shelterbelt Development), अवरोधपेटी विकास(Buffer Strip Development), गोरेटो सुधार तथा संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख

यो कार्यक्रम बिकास पूर्बधारहरुलाई जलउत्पन्न प्रकोपबाट बचाउन सञ्चालन गरिनेछ। बिभिन्न निकायहरुबाट निर्माण भएका बिकासका पुर्बाधारहरुको संरक्षणका लागि उक्त संरचनाहरुलाई पहिरो बाढी लगायतका प्रकोपबाट बचाउने गरि क्रियाकलापहरु सन्चालन गरिनेछ ।

यस कार्यक्रममा तपसिलका उपचार विधि प्रयोग गर्न सकिनेछः

- भलको व्यवस्थापन तथा पानीको निकास,
- कम खर्चिलो भू संरक्षण प्रविधि,
- Dry stone, loose stone, brush wood-checkdam
- Fascine, pallisade, wattling, layering, rip rap, hedge row
- Contour trenching, contour bunding, jute netting
- स-साना ग्याबियन चेकड्याम,रिटेनिङ वाल,ब्रेष्टवाल लगायतका इन्जिनियरिङ संरचना,
- बायो-ईन्जिनियरिङ संरचना जस्तै घाँसरोपण, बाँसरोपण, वृक्षारोपण, हाँगा रोपण आदि,
- सर्भे डिजाईन तथा ल.ई., स्थलगत नक्सा (लोकेशन म्याप), प्रभावित क्षेत्रको भु-उपयोग देखीने खेस्रा नक्सा, विभिन्न भागको लम्बाइ, चौडाइ, गहिराई, माटो तथा भू बनौट, प्रकोपको प्रकृति (Mud flow, debris flow, Gulley Erosion size etc) तथा प्रभावित हुने घर परिवार संरचना वा सुरक्षित हुने जग्गा जमीनको क्षेत्रफल जस्ता विषयहरु समावेश हुने छन्,
- यस प्रकृतिका कृयाकलापहरुको संरक्षण तथा रेखदेखका लागि यस शिर्षकमा बिनियोजित रकमबाट आवश्यक जनशक्ति व्यवस्थापन समेत गर्न सकिनेछ ।

नियमित अनुगमन गर्ने, सुचना पाटीको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्वकार्यचालु र कार्य सम्पन्न पश्चात्को फोटो ,, नक्शा, गल्छीको साइज (लम्वाइ चौडाई र गहिराई ,( क्रियाकलापको नाम र परिमाण, संरक्षण भएको क्षेत्रफल, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र खर्च रकम र गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ ।

### ४.२.५ कम खर्चिलो भु-संरक्षण प्रविधिबाट गल्छी, पहिरो तथा भुक्षय नियन्त्रण कार्यक्रम

यस कार्यक्रमको उद्देश्य ईन्जिनियरिङ संरचना (Engineering Structure) निर्माण गरि गल्छि पहिरो तथा भूक्षय नियन्त्रण कार्य गर्दा खर्चमा मितव्ययिता अपनाई बायोईन्जिनियरिङ विधिबाट भू संरक्षण कार्यको दिगोपनमा प्रभावकारिता अभिबृद्धि गर्न ब्रस लेयरिङ, फेसिन निर्माण (Fascine Construction), पालिसेड (Palisade), बासको क्रिबवाल, जुट नेटिङ, घाँस रोपण, बास रोपण, हेज रो इत्यादी कार्य गरी भू-संरक्षणको कार्य गर्नु रहेकोछ । यसमा विनियोजित रकम स्वीकृत डिजाईन तथा लागत अनुमानको परिधिमा रही बायोईन्जिनियरिङ कार्यमा खर्च गर्नु पर्नेछ । आवश्यक परेमा सेवा प्रदायकबाट विज्ञ सेवा लिई समेत काम गराउन सकिनेछ । कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व, कार्यचालु र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, क्रियाकलापको नाम र परिमाण, संरक्षण भएको क्षेत्रफल, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र खर्च रकम तथा गरेको कामको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

### ४.२.६ साझेदारी भुसंरक्षण कार्यक्रम

**उद्देश्यः**

ग्रामिण तथा शहरी क्षेत्रमा भईरहेको विकाश निर्माणका कार्यहरूलाई पर्यावरणीय दृष्टिकोणले सन्तुलित तथा दिगो बनाउन स्थानीय तहको समेत लागत साझेदारीमा विकाश निर्माणका कार्यहरू (ग्रामिण सडक, विद्यालय भवन, सार्वजनिक तथा सामुदायिक भवन, नदि किनारमा रहेका बस्ती, सिचाई कुलो, पानी मुहान इत्यादी) को संरक्षण गर्नु ।

**यस अन्तर्गत गर्न सकिने कृयाकलापहरुः**

यो कार्यक्रम बिकास पूर्बधारहरुलाई जलउत्पन्न प्रकोपबाट बचाउन सञ्चालन गरिनेछ । बिभिन्न निकायहरुबाट निर्माण भएका बिकासका पुर्बाधारहरुको संरक्षणका लागि उक्त संरचनाहरुलाई पहिरो बाढी लगायतका प्रकोपबाट बचाउने गरि क्रियाकलापहरु सन्चालन गरिनेछ ।
यस कार्यक्रममा तपसिलका उपचार विधि प्रयोग गर्न सकिनेछः

- भलको व्यवस्थापन तथा पानीको निकास,
- कम खर्चिलो भू संरक्षण प्रविधि,
- Dry stone, loose stone, brush wood-checkdam
- Fascine, pallisade, wattling, layering, rip rap, hedge row
- Contour trenching, contour bunding, jute netting
- स-साना ग्याबियन चेकड्याम लगायतका इन्जिनियरिङ संरचना,
- वायो-ईन्जिनियरिङ संरचना जस्तै घाँसरोपण, बाँसरोपण, वृक्षारोपण, हाँगा रोपण आदि,
- सर्भे डिजाईन तथा ल.ई., स्थलगत नक्सा (लोकेशन म्याप), प्रभावित क्षेत्रको भु-उपयोग देखीने खेस्रा नक्सा, विभिन्न भागको लम्बाइ, चौडाइ, गहिराई, माटो तथा भू बनौट, प्रकोपको प्रकृति (Mud flow, debris flow, Gulley Erosion size etc) तथा प्रभावित हुने घर परिवार संरचना वा सुरक्षित हुने जग्गा जमीनको क्षेत्रफल जस्ता विषयहरु समावेश हुने छन्,

नियमित अनुगमन गर्ने, सुचना पाटीको व्यवस्थापन गर्ने जस्ता विषयहरुलाई ध्यान दिनु पर्नेछ। कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व, कार्यचालु र कार्य सम्पन्न पश्चात्को फोटो, नक्शा, गल्छीको साइज (लम्वाइ चौडाई र गहिराई), क्रियाकलापको नाम र परिमाण, संरक्षण भएको क्षेत्रफल, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र खर्च रकम तथा गरेको कामको छोटो विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

**अपेक्षित उपलब्धिः**
विकासका पूर्वाधारहरुको संरक्षण भई दिगो सेवा प्रवाह हुने, पानीको व्यवस्थापन भई भूमिको उर्वराशक्ति वृद्धिवाट आयआर्जनमा टेवा पुग्नुका साथै हरियाली प्रवर्द्धन मार्फत् वातावरणीय स्वचछता कायम हुने ।

### ४.२.७ उपजलाधार क्षेत्रको प्राथमिकिकरण

यस कार्यक्रमको उद्देश्य लुम्बिनी प्रदेशमा भएका उपजलाधारहरूको Land Use Land System Erosion Potential तथा Population Density को आधारमा भु संरक्षण तथा जलाधार व्यवस्थापन कार्यको प्राथमिकिकरण गर्नु हो । यसरी तयार भएको उपजलाधार क्षेत्रको प्राथमिकिकरण भू संरक्षण तथा जलाधार व्यवस्थापन कार्यको योजना तर्जुमामा प्रयोग गर्न सकिनेछ । भू तथा जलाधार व्यवस्थापन कार्यालयले प्रत्येक जिल्लाको छुट्टाछुट्टै उपजलाधार क्षेत्रको प्राथमिकिकरण Sub Watershed prioritization गरी सो को प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पेश गर्नुपर्नेछ । यस शीर्षकमा विनियोजन भएको बजेट बैठक,अन्तरकृया ,तथ्याङ्क संकलन,प्रतिवेदन तयारी तथा प्रकाशन समेतमा खर्च गर्न सकिनेछ ।

# परिच्छेद ५: वन क्षेत्र भित्रका खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रम (३२९०००१५)

**५.१ वन क्षेत्र भित्रका खोला/ खोल्सी व्यबस्थापन तथा नदीजन्य पदार्थ संकलन(घनफिट लाखमा)**

यस कार्यक्रमको मुख्य उद्देश्य वनक्षेत्र भित्र रहेका खहरे तथा खोलामा ढुङगा, बालुवा, गेग्रान थुप्रि खोलाले दिशा परिवर्तन गरि वनक्षेत्रको बिनास तथा बाढीको जोखिमबाट जोगाउने,नदि किनार कटान रोक्ने आदि क्रियाकलाप सन्चालन गरि प्राप्त नदिजन्य पदार्थको विक्रीवितरणवाट प्रदेशको आम्दानी बढाउने रहेको छ ।

यो कार्यक्रम **वन क्षेत्र भित्रका खोला खोल्सी व्यवस्थापन कार्यविधि, २०८०** तथा प्रचलित कानुन बमोजिम सञ्चालन गर्नुपर्नेछ । कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- ब्यवस्थापन भएको खोला खहरेको लम्बाई, औषत चौडाई र औषत उचाई
- खोलाखहरेको ब्यवस्थापन गर्दा गरीएका क्रियाकलापहरु झल्किने फोटो,नक्सा
- संकलन भएको परिमाण घन मिटरमा
- बिक्री भएको परिमाण घन मिटरमा
- प्राप्त राजस्व
- खर्च रकम
- अनुभव तथा सिकाई

# परिच्छेद ६: वातावरण तथा जलवायु अनुकूलन कार्यक्रम (३२९०००१६)

## ६.१ सार्वजनिक स्थल गाउँ/नगर सरसफाइ कार्यक्रम

यस कार्यक्रमको उद्देश्य प्रदेशको बढी भिडभाड हुने बसपार्क, मेला प्रदर्शनी स्थल, विद्यालय क्षेत्र, धार्मिक स्थल, मुख्य प्रशासनिक क्षेत्र लगायतका सार्वजनिक स्थलहरूमा सरसफाइ र वातावरण संरक्षणका कार्यक्रमहरू सञ्चालन गरी स्वच्छ वातावरण कायम गर्नु रहेको छ । यस अन्तर्गत विनियोजित रकम बृहत्तर सरसफाई, सौन्दर्यमुलक विरूवा रोपण, हरियाली प्रवर्धन, फोहर व्यवस्थान केन्द्र स्थापना आदीमा खर्च गर्न सकिनेछ । यसमा विनियोजित बजेट माथी उल्लेखित कृयाकलाप बाहेक आवश्यकता अनुसार प्रचारप्रसार, अन्तर्क्रिया/गोष्ठी, होर्डिंग वोर्ड, प्रभातफेरी आदीमा खर्च गर्न सकिनेछ ।

## ६.२ बर पिपल शमी तथा लाकुरी रोपण तथा चौतारा व्यवस्थापन

यो कार्यक्रमको उद्देश्य सार्वजनिक स्थलमा भएका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पर्यावरणीय दृष्टिकोणले महत्वपुर्ण रहेका उल्लिखित प्रजातीहरुको संरक्षण एवम् पुराना वर, पिपल, शमी, लाकुरी लगायतको चौताराको संरक्षण,मर्मत सुधार तथा उपयुक्त स्थानमा नयाँ चौतारा निर्माण गरी व्यवस्थापन गर्नु रहेको छ। यस कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत उल्लेखित कार्यका लागि प्रस्ताव माग गर्नेछ । डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले आपसी समन्वयमा दोहोरो नपर्ने गरी आ-आफ्नो कार्यक्षेत्र भित्रको विद्यमान चौतारा संरक्षण,मर्मत सुधार र नयाँ निर्माण तथा व्यवस्थापन गरिने चौताराको विवरण, सो को लागी लागत अनुमान समेत संलग्न गरी प्रस्ताव पेश गर्नुपर्नेछ। प्राप्त प्रस्तावमा आवश्यकतानुसार संशोधन गरी मातहतका डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत यस कार्यक्रम कार्यान्वयन गरिनेछ ।बर,पिपल,शमी,लाकुरी रोपण तथा चौतारा व्यवस्थापन सम्बन्धी प्रस्तावमा निम्न क्रियाकलापहरू समावेश गर्नुपर्नेछः

(क) सार्वजनिक स्थलमा भएका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पर्यावरणीय संरक्षणका हिसाबले महत्वपूर्ण वर, पिपल, शमी, लाकुरी लगायतको विद्यमान चौतारोको अभिलेखाङ्कन गर्ने ।

(ख) प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पर्यावरणीय संरक्षणका हिसाबले महत्वपूर्ण चौतारोको मर्मत सम्भार, सौन्दर्यीकरण तथा अन्य संरक्षणको कार्य गर्ने ।

(ग) वर, पिपल, शमी तथा लाकुरी बूढो, पुरानो भएर जोखिमपूर्ण भएमा हाँगा काट्ने, मिलाउने, वा अन्य व्यवस्था मिलाउने ।चौतारोमा भएको वर, पिपल, शमी तथा लाकुरी बुढो भई वा अन्य विविध कारणले नासिएमा पुन रोपण गरी चौतारो पुनर्स्थापना गर्ने ।

(घ) वर, पिपल, शमी तथा लाकुरी तथा चौतारोको आसपासका क्षेत्रमा नियमित सरसफाईको प्रबन्ध मिलाउने ।

(ङ) सार्वजनिक स्थलमा वर, पिपल, शमी, लाकुरीको रुख रोप्न वा चौतारो बनाउन प्रवर्धनात्मक कार्य गर्ने ।

(च) चौतारो वा वृक्षको ऐतिहासिकता र वैज्ञानिक नाम सहितको विवरण सार्वजनिक गर्ने,

(छ) आवश्यकतानुसार अन्य कार्यहरू

## ६.३ दाह संस्कार स्थलको स्वच्छ वातावरण प्रवर्धनमा सहयोग (स्थानिय तहको साझेदारी समेत)

यो कार्यक्रमको उद्देश्य स्थानीय तहको लागत साझेदारीमा मान्छेको मृत्यु पछि दाह संस्कार गरिने स्थलहरुमा शव दहन स्थल निर्माण,मलामी बिश्रामस्थल र सो स्थल वरपरको क्षेत्रमा स्वच्छ वातावरण कायम गरि फोहोरमैलाको उचित व्यवस्थापनका कार्यहरु गरिने रहेको छ । यस शिर्षकमा विनियोजन भएको बजेट शवदाहस्थलमा आवश्यक पानी बिजुली, हरियाली व्यवस्थापनको लागि बँगैचा निर्माण आदीका कार्यमा समेत खर्च गर्न सकिनेछ । यस शीर्षक अन्तर्गत तपसिलको कृयाकलापहरु कार्यान्वयन गरिनेछः

१) दाह संस्कार स्थलको स्वच्छ वातावरण प्रवर्धनमा सहयोग (स्थानिय तहको साझेदारी समेत), मथुरावेसी सवदाह स्थल सन्धिखर्क ५
२) दाह संस्कार स्थलको स्वच्छ वातावरण प्रवर्धनमा सहयोग, (स्थानिय तहको साझेदारी समेत) गच्छे घाट शव दाह स्थल, सन्धिखर्क नगरपालिका ७, अर्घाखाँची

३) दाह संस्कार स्थलको स्वच्छ वातावरण प्रवर्धनमा सहयोग, (स्थानिय तहको साझेदारी समेत) बेलनदी, शिवराज नगरपालिका -३ कपिलवस्तु
४) दाह संस्कार स्थलको स्वच्छ वातावरण प्रवर्धनमा सहयोग, (स्थानिय तहको साझेदारी समेत) कोठियाघाट, मधुवन नगरपालिका -३, बर्दिया

**६.४ फोहोर व्यवस्थापन कार्यक्रम (Reduce Reuse Recycle समेत)**

यस कार्यक्रमको उद्देश्य वातावरणमैत्री सरसामान तथा वस्तुको प्रयोगबाट फोहोर उत्पादन न्यूनिकरण(**Reduce**) गर्ने र उत्पादन भएको फोहोरलाई प्रशोधन तथा पुनरप्रयोग योग्य हुने कार्य (**Recycle**) गरि पुनप्रयोगमा (**Reuse**) मा ल्याउन अभिप्रेरित गरी स्वच्छ वातावरण कायम गर्नु हो। यस अन्तर्गत विनियोजित रकमबाट समुदायमा बिबिध कृयाकलापका कारणले उत्पादन हुन सक्ने फोहोरहरूलाई स्रोतमा नै न्यूनिकरण गर्ने कार्यहरू (प्लाष्टिकजन्य झोला, बोतल तथा अन्य सरसामानको बैकल्पिक प्रयोग), उत्पादित फोहोरलाई स्रोतमा नै बर्गीकरण(segregation), उचित तरिकाले फोहोर संकलन, संकलित फोहोरको उचित व्यवस्थापन तथा प्रशोधन गरी पुन प्रयोगमा ल्याउने कार्यहरुमा सहयोग गरिनेछ । यसमा विनियोजित बजेट माथी उल्लेखित कृयाकलाप बाहेक आवश्यकता अनुसार प्रचारप्रसार, अन्तर्क्रिया/गोष्ठी, होर्डिंग वोर्ड, प्रभातफेरी आदीमा खर्च गर्न सकिनेछ । यो कार्यक्रम कार्यालय आफै वा स्थानीय तहको साझेदारीमा वा अन्य सँघ सँस्था मार्फत कार्यान्वियन गर्न सकिनेछ।

**६.५ सार्वजनिक स्थल गाउँ/नगर सरसफाइ कार्यक्रम (प्लाष्टिक नियन्त्रण समेत)**

यस कार्यक्रमको उद्देश्य बढी भिडभाड हुने बसपार्क, शहरी क्षेत्र, मेला प्रदर्शनी स्थल, विद्यालय क्षेत्र, धार्मिक स्थल, मुख्य प्रशासनिक क्षेत्र लगायतका सार्वजनिक स्थलहरूमा सरसफाइ र वातावरण संरक्षणका कार्यक्रमहरू सञ्चालन गरी स्वच्छ वातावरण कायम गर्नु रहेको छ । यस अन्तर्गत विनियोजित रकम प्लाष्टिक नियन्त्रणलाई प्राथमिकतामा राखी सरसफाई, सौन्दर्यमुलक विरूवा रोपण, हरियाली प्रवर्धन, प्लाष्टिक झोलाको वैकल्पिक प्रयोग प्रवर्द्धन कार्य, फोहर व्यवस्थान केन्द्र स्थापना तथा फोहोर संकलन गर्ने डसबिन,झाडु,कुचो आदी खरिदमा समेत खर्च गर्न सकिनेछ । यसमा विनियोजित बजेट माथी उल्लेखित कृयाकलाप बाहेक आवश्यकता अनुसार प्रचारप्रसार, अन्तर्क्रिया/गोष्ठी, होर्डिंग वोर्ड, प्रभातफेरी आदीमा खर्च गर्न सकिनेछ।यो कार्यक्रम कार्यालय आफै वा स्थानीय तहको साझेदारीमा वा अन्य सँघ सँस्था मार्फत कार्यान्वयन गर्न सकिनेछ।

**६.६ बिद्यालय वातावरणीय शिक्षा (इको क्लब गठन सम्बन्धी)**

यस कार्यक्रमको मुख्य उद्देश्य भविष्यमा स्वच्छ सफा तथा सन्तुलित वातावरण निर्माणमा वर्तमान देखि नै विद्यार्थीहरूलाई जागरूक गराउनु रहेको छ ।यस कार्यक्रमबाट प्रदेशको शहरी तथा घना बस्ती क्षेत्रमा रहेका विद्यालयहरूमा विद्यार्थीहरूको इको क्लव गठन गर्ने, इको क्लब मार्फत स्कुल परिसर सरसफाई, स्कुल वन हरियाली कार्यक्रम गर्नुपर्नेछ । यसका साथै वातावरण संरक्षण सम्बन्धी स्कुल शिक्षा, वन तथा वातावरण सम्बन्धी सिर्जनात्मक कार्य (वक्तृत्वकला, वादविवाद, हाजिरजबाफ, सम्वाद इत्यादी) समेत गर्न सकिनेछ । यस कार्यक्रममा विनियोजित रकम लागत अनुमान तयार गरी खाजा खर्च, दै.भ्र.भ., विरूवा आपूर्ति, सिर्जनात्मक कार्यमा स्टेशनरी मसलन्द तथा खाना, खाजा, यातायात, इन्धन तथा जानकारीमूलक ब्रोसर पमप्लेट आदी तयारी एवं छपाइ जस्ता आवश्यक कार्यमा खर्च गर्न सकिनेछ ।

**६.७ स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनहरूको स्थलगत परीक्षण (प्रतिवेदन समेत)**

यस कार्यक्रमको मुख्य उद्देश्य प्रदेश भित्र कार्यान्वयनमा रहेका आयोजनाहरूको स्वीकृत वातावरणीय प्रतिवेदनको कार्यान्वयनको अवस्था सम्वन्धी स्थलगत रूपमा अध्ययन एवम अनुगमन गरी स्वीकृत अध्ययनमा संकलित तथ्यांकहरूको विश्लेषण गरी कार्यान्वयन अवस्थाको यथार्थ चित्रण गर्नु रहेको छ । यसमा विनियोजित रकम अनुगमनको क्रममा सुचना संकलन तथा अनुगमनमा खटिने प्राविधिक/कर्मचारीको दैनिक भ्रमण भत्ता, विज्ञको पारिश्रमिक, प्रयोगशाला परिक्षण,तथ्यांक

विश्लेषण, यातायात, प्रतिवेदन लगायतमा खर्च गर्न सकिनेछ । यसरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनहरूको स्थलगत परीक्षण पश्चात समष्टीगत प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ । प्राप्त प्रतिवेदनको विश्लेषणबाट योजना कार्यान्वयन गर्ने फर्म/सँस्था/उद्योग एवम् निकायहरूको वर्गीकरण गरी आवश्यक सुझाव र प्रचलित कानुन बमोजिम कारवाहीको सिफारिस गर्नु समेत यस शीर्षक अन्तरगतका कार्यहरू पर्दछन्।

### ६.८ जलबायु परीवर्तन र अनुकुलन सम्बन्धी अभिमुखीकरण(जन प्रतिनिधि तथा सरोकारवाला समेत)

यस कार्यक्रमको उद्देश्य जलवायू परिवर्तनका कारण भविष्यमा निम्तिन सक्ने संकटको न्यूनीकरण तथा विभिन्न किसिमका अनुकूलनका लागि अभिमुखीकरण तथा सचेतना अभिवृद्धि गर्नु रहेको छ । यसमा विनियोजित रकम गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम सन्चालन,सहभागीहरुको दैनिक तथा यातायात खर्च,कर्मचारीहरुको दैनिक भ्रमण खर्च,इन्धन,सवारी साधन मर्मत आदीमा खर्च गरिनेछ ।

# परिच्छेद ७: वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम (३२९०००१७)

## ७.१ वन उद्यम प्रवर्द्धन कार्यक्रम

### ७.१.१ जडीबुटी तथा काष्ठजन्य उद्यम विकासमा सहयोग (निजी, सहकारी, सामुदायिक, साझेदारी)

यस कार्यक्रमको मुल उद्देश्य जडीबुटी, गैह्रकाष्ठजन्य तथा काष्ठजन्य वन पैदावरमा आधारित निजी, सहकारी, सामुदायिक र साझेदारी उद्यमको विकास र प्रवर्द्धनमा सहयोग गरि प्रशोधन तथा बिक्री वितरण सवल र सुदृढ बनाउँदै स्थानीय स्तरमा आय आर्जन र रोजगारीका अवसरहरुको अभिवृद्धि गर्ने रहेको छ। यस कार्यक्रम अन्तर्गत मूल्य अभिवृद्धि गर्न आवश्यक पर्ने संकलन, प्रशोधन र भण्डारण विधि लगायतका प्रवर्धनात्मक कार्यहरुमा सहयोग पुग्ने प्रविधि र क्षमता विकास कार्यहरु, स्थानीय स्तरमा कच्चा पदार्थ उपलब्ध भै सञ्चालन हुन सक्ने वा भैरहेका लघु उद्यमहरुमा प्रविधि तथा उपकरणहरुको सहयोग गर्न सकिने छ।

वातावरणवाट दिगो रुपमा प्राप्त हुने काठ, वाँस, बेतवाँस, निगालो लगायतका अन्य गैह्रकाष्ठ तथा जडीबुटीजन्य उद्यमका लागि मन्त्रालयले प्रस्ताव आह्वान गर्न कम्तिमा १५ दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ। प्रस्तावना पेश गर्दा उद्यमका लागि प्रशस्त कच्चा पदार्थ भएको वा हुन सक्ने र प्रस्तावित उद्यमवाट उत्पादित वस्तुको माग तथा वजार भएको हुनु पर्नेछ । कच्चा पदार्थको नियमित प्राप्ति, सृजना हुने रोजगारी, वातावरणमा पार्ने सकारात्मक प्रभाव, स्रोतको सदुपयोग लगायतका सुचकका आधारमा प्राप्त प्रस्ताव मूल्यांकन गरी सबैभन्दा उत्तम प्रस्ताव छनौट गर्ने र संझौता गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । गत बर्ष अनुदान लिइसकेका तथा उत्कृष्ट कार्यसम्पादन गरिरहेका उद्यमहरुले समेत गत बर्ष भन्दा अन्य कामको प्रस्ताव पेश गर्न पाउनेछन ।

निजी उद्यमको हकमा कुल लागतको ५० प्रतिशत अनुदान दिने र सहकारी, सामुदायिक वा अन्य साझेदारीको हकमा वढीमा ७५ प्रतिशतसम्म अनुदान यस शिर्षकको रकमवाट खर्च गर्न सकिने छ । पहिलो किस्ता एक तिहाई र वाँकी अंश वढीमा २ किस्तामा भूक्तानी गर्न सकिने छ । कुल विनियोजित बजेटको ४ प्रतिशत नवढ्ने गरी सहजिकरण, सूचना प्रकाशन, अनुगमन इन्धन र पुजीगत कार्यमा खर्च गर्न सकिने छ । यसरी कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- उद्यमको नाम, संचालक र ठेगाना
- उद्यम रहेको स्थान (अवस्थिति सहित)
- उद्यमको प्रकार निजी, सहकारी, साझेदारी, समुदाय
- उद्यमवाट उत्पादन हुने वस्तु तथा सेवा
- कुल लागत र अनुदान तथा उद्यमीको अंश
- रोजगारी अनुमानित श्रमदिन प्रतिवर्ष
- उद्यम स्थलमा राखिएको माथिका विवरण देखिने सुचना पाटीको फोटो

उद्यम संचालक, उद्यम र उत्पादिन वस्तु सबै एकमुष्ट प्रष्ट देखिने फोटो, मेसिन औजार अनुदानमा खरिद गरेको भए उक्त मेसिनमा पनि सम्बन्धित कार्यालयबाट प्रदान गरेको अनुदान प्रतिशत समेत खुलाइ सबैले देखिने स्थानमा उल्लेख गरिएको हुनुपर्ने र सो को फोटो समेत कार्यसम्पन्न प्रतिवेदन साथ पेश गर्नु पर्ने छ।

## ७.२ पर्यापर्यटनमा आधारित संरक्षित वन विकास कार्यक्रम (कार्यायोजना निर्माण/परिमार्जन समेत)

यस कार्यक्रमको मुख्य उद्देश्य धार्मिक, साँस्कृतिक, ऐतिहासिक, वातावरणीय तथा जैविक विविधताका हिसाबले विशेष महत्व बोकेका तथा घना वन जङ्गल भएका विशेष क्षेत्रहरूको स्थानीय जनसमुदायहरुको सहभागितामा संरक्षणमा प्रभावकारिता ल्याउनु हो । हाल प्रदेशमा रहेका घोषणा भएका र घोषणाको प्रकृयामा रहेका प्रस्तावित संरक्षित वनहरूमा पर्यापर्यटनको विकास र प्रवर्द्धन गरी स्थानीय रोजगारी, आय आर्जन तथा जीविकोपार्जनमा सघाउ पुर्याउनु यो कार्यक्रमको लक्ष्य रहेको

छ । कार्यक्रम सञ्चालन गर्नका लागि संरक्षित वन परिषद् गठन भएको र सक्रिय रहेको स्थानमा सोही परिषदबाट र अन्यथा डिभिजन वन कार्यालयको अगुवाईमा प्रमुख सरोकारवालाहरु (सम्बन्धित क्षेत्रका सामुदायिक वन, कबुलियती वन, निजी वन, धार्मिक वन, सम्बन्धित स्थानीय तहका जनप्रतिनिधी, कृषि ज्ञान केन्द्र, पशु विकास सम्बन्धित जिल्लाका कार्यालय प्रतिनिधी, खानेपानी उपभोक्ता समितिको प्रतिनिधी, पर्यटन व्यवसायी, चरा अवलोकनकर्ता, वातावरण संरक्षणसंग सम्बन्धित गैर सरकारी संस्था लगायत) को समन्वयमा आवश्यक परेमा बैठकबाट निर्णय समेत गरि विनियोजित बजेटको अधीनमा रही क्रियाकलापहरूको प्राथमिकीकरण तथा निर्णय गरी निम्नानुसार क्रियाकलापहरू सञ्चालन गर्नु पर्ने।

- परिषद् र सरोकारवालाहरूलाई नियमित बैठक, तालिम, अध्ययन अवलोकन भ्रमण
- दुर्लभ तथा लोपोन्मूख एवं आर्थिक महत्व भएका प्रजातिहरूको हटस्पटहरूको पहिचान गरी स्वःस्थानीय तथा परस्थानीय संरक्षण
- खानेपानी मुल संरक्षण, वन्यजन्तुका लागि पानी पोखरी, परम्परागत पोखरी संरक्षण, वर पिपल लाकुरीका चौतारी संरक्षण तथा रोपण
- वन संरक्षण क्षेत्र भित्रका धार्मिक एवं साँस्कृतिक सम्पदाको संरक्षण, अभिलेखिकरण तथा सूचना केन्द्र विकास
- कोरिडोर र कनेक्टिभिटी पुनर्स्थापन गर्नका लागि वन्यजन्तु मैत्री तरिकाले स्थानीय वनस्पति प्रजाति रोपण तथा संरक्षण
- संरक्षित वनमा निर्भर भएका समुदायको आयमूलक कार्यक्रम, सुधारिएको चुल्हो र सोलार लगायतको वैकल्पिक उर्जामा सहयोग,
- मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण र व्यवस्थापनका क्रियाकलापहरू सञ्चालन
- पर्यटन पदमार्ग सुधार तथा निर्माण, प्रतिक्षालय, पर्यटकको चाप हुने क्षेत्रमा सार्वजनिक शौचालय निर्माण तथा मर्मत सुधारन्यूनतम लागत र न्यूनतम भौतिक संरचनामा दृश्यावलोकन विन्दुहरूको विकास ,
- सम्बन्धित वन संरक्षण क्षेत्रको कार्ययोजना तयारी, सो भित्रका सामुदायिक वन, कवुलियती वन, धार्मिक वनहरुको नविकरण
- वन सम्वर्द्धनका क्रियाकलापहरू
- जनचेतनामुलक क्रियाकलाप, प्रचार प्रसार तथा बिभिन्न दिवस समारोह लिफलेट, पुस्तिका प्रकाशन र वितरण
- सरसफाई अभियान, प्लाष्टिक रहित क्षेत्र वनाउने क्रियाकलाप र यसका लागि सामुदायिक वन, होमस्टे, आमा समूह, युवा क्लव आदिको परिचालन
- संरक्षण सम्बन्धी स्कुल शिक्षा कार्यक्रम सञ्चालन
- वन्यजन्तु एवं लोपोन्मुख वनस्पति तथा जडीबुटी चोरी/शिकारी नियन्त्रणका लागि स्थानीय गस्ती परिचालन, सुराकी परिचालन, वन हेरालु परिचालन, संरक्षण गस्ती परिचालनको लागि सवारी साधन मर्मत, इन्धन लगायतमा खर्च गर्न सकिने
- अनियन्त्रित आगलागी नियन्त्रणका लागि सामाग्री खरिद, उपयोग सम्बन्धी तालिम, समूह परिचालन, गस्ती तथा आगलागि नियन्त्रमा खट्नेका लागि प्रति दिन प्रति व्यक्ति रु २०० सम्म खाजा तथा पानीको रुपमा खर्च गर्न सकिने छ ।
- वनमा आगलागी निभाउन जाँदा वा गस्ती गर्दा दुर्घटना भएमा बढीमा ५० हजार सम्म प्रहरी मुचुल्का, स्थानीय निकाय, सम्बन्धित संरक्षित वन र चिकित्सकको सिफारिसका आधारमा उपचारको लागि खर्च गर्न सकिने
- स्वीकृत कार्ययोजना भएको हकमा उक्त कार्ययोजनाले निर्दिष्ट गरेका प्राथमिकता प्राप्त क्रियाकलापहरु तथा सम्बन्धित वन संरक्षण परिषद वा सरोकारवालाहरुको बैठकले निर्धारण गरेका र संरक्षित वनको उदेश्यमा सघाउ पुऱ्याउने प्रष्ट आधार भएका अन्य क्रियाकलापहरु

- डिभिजन वा पाएक पर्ने सव डिभिजन वन कार्यालयमा संरक्षित वनको कार्यालय सञ्चालन गरी आवश्यकता अनुसार कार्यालय सामाग्रीहरु ,सवारी साधन मर्मत,इन्धन
- सार्वजनिक सुनुवाई तथा सरोकारवालाहरूको कार्यक्रम अनुगमन भ्रमण

उल्लेखित कार्यक्रमहरूको तयारी र कार्यान्वयन सहजिकरणका लागि संरक्षित वनमा कम्तिमा वन विज्ञानमा प्रमाणपत्र तह उत्तिर्ण १ जना रेञ्जर र कम्तिमा ८ कक्षा पास गरेको १ जना स्थानीय सहजकर्ता राख्न सकिनेछ। यसरी नियुक्त गरेका रेन्जरलाइ बढिमा ३० हजार र सहजकर्तालाइ १२ हजार खर्च गर्न सकिनेछ ।यस पर्यापर्यटनमा आधारित संरक्षित वन विकास कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन हुने छन् ।

१. **खाता क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, बर्दिया**

२. **मदाने क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, गुल्मी**

३. **रेसुंगा क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, गुल्मी**

४. **पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम (प्राविधिक सहजिकरण समेत)**
यस शीर्षकमा विनियोजन भएको बजेट गुल्मी जिल्लाको थाप्ले सत्यवती, सालिमेदह क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रममा खर्च गरिनेछ ।

५. **गौमुखी क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, प्यूठान**

६. **जलजला क्षेत्र पर्यापर्यटन तथा वन संरक्षण कार्यक्रम, रोल्पा**

### ७.३ पर्यापर्यटन विकास तथा प्रबर्द्धन कार्यक्रम

वन क्षेत्र भित्र रहेका पर्यापर्यटन विकास कार्यका लागि सरोकारवालाहरुको समन्वय र सहकार्यमा प्रकृतिमैत्री पर्यटन विकास र प्रवर्द्धन गरी स्थानीय रोजगारी, आय आर्जन तथा जीविकोपार्जनमा सघाउ पुऱ्याउनु यस कार्यक्रमको मुख्य उद्देश्य हो ।यसका लागि सम्बन्धित स्थानीय जनसमुदायहरूलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।यसरी स्थानीय लाभग्राही उपभोक्ताबाट कार्यक्रम कार्यान्वयन हुदाँ लाभग्राही उपभोक्ताबाट कम्तिमा १० प्रतिशत लागत सहभागिता हुनुपर्नेछ ।उक्त कार्यक्रम कार्यान्वनका लागि सम्बन्धित कार्यालयमा इन्जिनियरिङ सेवाको प्राविधिक उपलब्ध नभएको अवस्थामा सम्बन्धित स्थानीय तह वा भू-तथा जलाधार व्यवस्थापन कार्यालयको प्राविधिक वा परामर्श सेवामा रकम उपलब्ध भएमा वा नियमानुसारको कन्टेन्जेन्सी रकमबाट प्राविधिक जनशक्ति व्यवस्था गरी निजको सहयोगमा न्यून कंक्रिट वा कंक्रिट रहित संरचना र अन्य क्रियाकलापको डिजाइन तथा इस्टिमेट तयार गरी कार्यालय आफै वा उपभोक्ता समिति मार्फत सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ । सरकारलाई थप दायित्व सृजना हुने हिसाबले अपुरो वा अधुरो संरचना निर्माण गर्न पाइने छैन । यसमा स्वीकृत बजेटमा तोकिएका निम्न स्थानको अतिरिक्त डि.व.का. ले उपयूक्त स्थान छनौट गरि कार्यक्रम संचालन गर्ने सकिनेछ।कार्यक्रम संचालन गर्दा सामुदायिक वन भित्र पर्यापर्यटन प्रबिधि सम्बन्धि वन नियमावली २०७९ मा भएको व्यवस्था अनुकुल हुने गरि गर्नुपर्नेछ ।यस पर्यापर्यटन विकास तथा प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्थान बिशेष निम्न कार्यक्रमहरु सञ्चालन हुने छन्।

१. काउलेडाडा कबुलियत वन पर्यापर्यटन विकास कार्यक्रम, निस्दि ३ पाल्पा
२. जल्पा चुलिडाँडा पर्यापर्यटन विकास, पूर्वखोला २ पाल्पा
३. नारायणस्थानमा पर्यापर्यटन प्रवर्द्धन, तानसेन पाल्पा
४. बाउन्नकोटी सामुदायिक वन संरक्षण तथा पर्यापर्यटन प्रवर्द्धन, ति.न.पा. १३ र १४ रुपन्देही
५. मिलन सामुदायिक वनमा वि.पि.बाटिका पार्क निर्माण, तथा पर्यापर्यटन प्रवर्द्धन, देवदह-०९ रुपन्देही
६. रातोढिक पहरे सामुदायिक वन पर्यापर्यटन विकास कार्यक्रम, रामपुर ३ पाल्पा

७. शंकरनगर सामुदायिक वनमा तारबार, नर्सरी ब्यवस्थापन एवं पर्यापर्यटन प्रवर्द्धन लगायतका कार्य, तिलोत्मा रुपन्देही
८. सिर्जना सामुदायिक बन अन्तर्गतको यशोधरा चिल्ड्रेन पार्कको सरंक्षण तथा सुन्दरीकरण, देवदह-७ रुपन्देही

# परिच्छेद ८: कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम (३२९०००१८)

### ८.१ नर्सरी तथा बिरूवा उत्पादन

वनक्षेत्रमा खाली रहेका तथा विभिन्न अनुत्पादक रूख तथा बुट्यान प्रजातिले ओगटेर हैसियत खस्किदै गएको वनक्षेत्रको सुधार गरी वन पैदावारको उत्पादन अभिवृद्धि तथा निजि सार्बजानिक तथा सरकारी खाली जग्गाहरुमा बृक्षारोपण गरि वन पैदावारको उत्पादन बृद्धि मार्फत बढ्दो काठ दाउरा लगायत वन पैदावारको मागलाई दीर्घकालिन रूपमा सम्बोधन गर्नु वन कार्यालयको एउटा प्रमुख कार्य हो ।

यस कार्यक्रमबाट उच्च माग भएका बहुउपयोगी काष्ठ तथा गैरकाष्ठ प्रजातिका स्वस्थ तथा गुणस्तरीय बिरुवाहरू उत्पादन गरी बृक्षारोपणको लागि तयार गर्नुपर्नेछ। कम रूचाईएका प्रजातिहरूले वन क्षेत्र ओगटेर वनको क्षमता अनुरूप उत्पादन हुन नसकेका तथा खाली निजी, सार्वजनिक, सामुदायिक जग्गा, सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, साझेदारी वन लगायत भू-संरक्षणको दृष्टिकोणले संवेदनशील क्षेत्रहरूमा स्थानीय चाहना तथा प्राविधिक दृष्टिकोणले उपयुक्त र उत्पादन दिन सक्ने प्रजातिहरूको बृहत्तर बृक्षारोपण गरी वनबाट समृद्धिमा योगदान पुर्‍याउनको लागि आवश्यक बिरुवाहरू वन नर्सरीमा तयार गर्नुपर्नेछ।

#### ८.१.१ एक पालिकाः एक वन नर्सरी निर्माण तथा सञ्चालन (पालिकासँग साझेदारी मार्फत) (पालिका)

यसमा विनियोजित बजेट पालिकास्तरमा सम्बन्धित पालिकाको साझेदारी हुने गरी स्थायी प्रकृतिको नर्सरी निर्माण र गुणस्तरीय बिरुवा उत्पादन गर्नु यो कार्यक्रमको मुख्य उद्देश्य हो। यस कार्यक्रम मार्फत निर्माण हुने नर्सरीमा कम्तिमा वार्षिक ३० हजार गुणस्तरयुक्त बिरुवा उत्पादन गर्ने क्षमता भएको हुनु पर्नेछ ।यसरी कार्यक्रम सन्चालन गर्दा पालिकाबाट प्राप्त रकमबाट नर्सरीको संरचना निर्माण गरिने छ। नर्सरी सन्चालन तथा व्यवस्थापनका लागि १ जना रेन्जर स्तरको नर्सरी प्राबिधिक भर्ना गरि कार्यक्रम कार्यन्वयन गर्न सकिनेछ। नर्सरी प्राबिधिकलाइ बढीमा मासिक रु ३० हजार सम्म पारिश्रामिक दिन सकिनेछ ।यसका साथै नर्सरीमा बाह्रै महिना बिरुवा उपलब्ध हुने गरी सिंचाईको स्थायी व्यवस्था (Perennial source of water) स्थायी रुपमा फेन्सिङ वा पर्खाल, स्टोरहाउस, कम्पोष्टपिट, सेडहाउस, हरेक बेडमा पाइप जडान गरी स्प्रिङ्कल सिंचाइको व्यवस्था, बत्तीको व्यवस्था समेत गर्न सकिनेछ। कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ ।

- नर्सरी निर्माण गरिएको स्थान, फोटो तथा नक्शाहरु
- नर्सरीको बिरुवा उत्पादन (एक वर्षे/वहु वर्षे)क्षमता

#### ८.१.२ नर्सरी मर्मत तथा स्तरोन्नति

यो कार्यक्रमको उद्देश्य डिबिजन स्तरमा  निर्माण भएका स्थायी नर्सरीहरुको मर्मत तथा स्तरउन्नती गरी गुणस्तरयुक्त बिरुवा उत्पादन गर्ने रहेको छ। यसका साथै नर्सरीमा बाह्रै महिना बिरुवा उपलब्ध हुने गरी सिंचाईको स्थायी व्यवस्था (Perennial source of water), स्थायी रुपमा फेन्सिङ वा पर्खाल, स्टोरहाउस, कम्पोष्टपिट, सेडहाउस, हरेक बेडमा पाइप जडान गरी स्प्रिङ्कल सिंचाइको व्यवस्था, बत्तीको व्यवस्था गरी स्थायी रूपमा नर्सरी सञ्चालन हुने गरी निर्माण गर्नुपर्नेछ । यस किसिमको नर्सरी सञ्चालनको लागि बाह्रै महिना काम गर्ने गरि नर्सरी नाइकेको व्यवस्था मिलाउनु पर्नेछ। यस खालको नर्सरीमा बहुबर्षे तथा अग्ला आकारका बिरुवा समेत उत्पादन गर्नुपर्ने भएकोले यो कार्य गर्दा यस विषय समेत विचार पुर्‍याउनु पर्नेछ। नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी सुचना पाटी राख्नु पर्नेछ ।कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुँदाहरु समाबेश गर्नुपर्नेछ ।

- नर्सरी मर्मत तथा स्तरउन्नति गरिएको स्थान, फोटो तथा नक्शाहरु
- सिर्जना भएको रोजगारी श्रमदिन

- निर्माण गर्दा लागेको खर्च र कार्य सम्पन्न प्रतिवेदन

**८.१.३ गत वर्षको बिरुवा स्याहार सम्भार (बहुवर्षीयको रुपमा अल्या भइ आएको)**

गत विगत बर्षहरूमा उत्पादन गरी यस आर्थिक बर्षमा अल्या भई आएको बिरुवाहरूलाई बहुबर्षे स्वस्थ बिरुवाको रूपमा हुर्काउनु यस कार्यक्रमको उद्देश्य रहेको छ । विगत वर्षमा बहुबर्षे बिरुवा उत्पादनको लक्ष्य राखी उत्पादन भएका तथा बिरुवा वितरण तथा बृक्षारोपणको सिजनमा बृक्षारोपणको लागि तयार नभई बाकी रहेको बिरूवाहरूलाई आम्दानी बाधी बिरुवाको वासलात (Plant Balance Sheet) विवरण एक तह माथिको कार्यालयमा पठाउनु पर्नेछ ।यसरी विभिन्न स्थानमा रहेका बिरुवाहरूलाई आवश्यकता अनुसार एकत्रित गर्ने, उचित स्याहार सम्भार (नर्सरी नाइकेको पारिश्रमिक समेत), सिचाई, गोडमेल, ग्रेडिङ, ठुला बिरुवाका लागि स्पेश मेन्टेन, रूट प्रुनिङ, आवश्यकता अनुसार मलजल, पोलिथैलामा माटो पुनभरण, छाहारी व्यवस्थापन, औषधोपचार तथा आवश्यकता अनुसार नर्सरी सञ्चालनका लागि अन्य सामग्रीको व्यवस्थापन समेतको कार्यमा यस शीर्षकमा विनियोजन भएको रकम खर्च गरी बृक्षारोपण लायक स्वस्थ तथा परिपक्क बिरुवा वनाउनु पर्नेछ ।

यस शीर्षकमा विनियोजित भएको रकमबाट नर्सरी नाइके राखी बिरुवा स्याहार सम्भार गरिनेछ । यसरी स्याहार सम्भार गरेका अधिकांश बिरुवा चालु वर्षमा नै बृक्षारोपणमा खपत भएता पनि कतिपय ढिलो बृद्धि हुने प्रजाति आगामी बर्षहरूमा (तेस्रो/चौथो बर्ष) मा पनि नर्सरीमै स्याहार गरी हुर्काउन पर्ने हुन सक्छ । यसरी उत्पादन हुने बिरुवाहरू विभिन्न दिवस, समारोह, कार्यालय परिसर, सडक बृक्षारोपण, विगत वर्षहरूमा बृक्षारोपण भएको क्षेत्रमा आवश्यक्ता अनुसार पुनरोपण, अतिक्रमण हटाइएको तथा अन्य खाली वन क्षेत्रमा गरिने बृक्षारोपणको लागि वितरण गरिनेछ । बिरुवा उत्पादन भई वितरण गर्दा बहुबर्षे बिरुवाको अलग्गै बिरुवा मौज्दात तथा वितरण रजिष्टर खडा गरी बिरुवा वितरण लगत अद्यावधिक गरी राख्नुपर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ।

- स्याहार सम्भार गरिएको नर्सरी अनुसारको बिरुवाहरुको प्रजाति, साइज र संख्या
- वितरणको लगत: सरकारद्वारा व्यवस्थित वन, नदी उकास क्षेत्र, सामुदायिक वन, निजी वन तथा आवादी जग्गामा, सार्वजनिक पर्ति जग्गामा रोपण गर्न तथा अन्य बृक्षारोपणको विवरण
- स्याहार सम्भार, वितरण तथा बृक्षारोपणको फोटो

**८.१.४ आगामी वर्षका लागि बिरुवा उत्पादन (बहुवर्षीय)**

सडक किनारा तथा शहरी क्षेत्रमा स-साना बिरुवाहरू बृक्षारोपण गर्दा स्याहार सम्भार धेरै गर्न पर्ने र Plant Mortality पनि धेरै नै हुनसक्ने भएकोले बृक्षारोपण क्षेत्रमा अधिकतम Survival Rate को लागि ठुला र परिपक्क बिरुवा रोपणलाई अभिप्रेरित गर्न नर्सरीहरूमा यस्ता बिरुवा उत्पादन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

यस कार्यक्रम अनुसार सम्भव भएसम्म कम्तिमा एक मिटर उचाईका बिरुवा (अति ढिलो बढ्ने प्रजाति बाहेक) उपयोग हुने गरी वहुवर्षीय बिरुवा उत्पादनमा जोड दिएको छ । नर्सरीमा बहुबर्षे बिरुवा उत्पादन गर्दा लामो समयसम्म बिरुवालाई नर्सरीमै राखी स्याहार गर्नुपर्ने भएकोले कम्तिमा ४"x७" वा सो भन्दा वढीको साइजका पोलिथैला प्रयोग गर्नुपर्नेछ । प्रजाति छनौट गर्दा सडक किनारा तथा शहरी क्षेत्रका लागि आवश्यक पर्ने, विभिन्न महोत्वस समारोहको लागि आवश्यक पर्ने र नियमित बृक्षारोपणका लागि आवश्यक तर ढिलो बढ्ने प्रजातिका बिरुवाहरूलाई प्राथमिकता दिनुपर्नेछ ।यस कार्यक्रमबाट चालु आ.व.को यथासम्भव छिटो बिरुवा उत्पादन कार्य सुरू गरी आगामी आ.व.हरूमा मात्र प्रयोग हुने गरी उत्पादन गरिने हुँदा आषाढ मसान्तमा आम्दानी बाँधी सोको जानकारी एकतह माथी पठाउनु पर्नेछ ।

यस कार्यक्रम अन्तर्गत बिरुवा उत्पादन कार्यमा कार्यालयलाई प्राप्त बिरुवा उत्पादन लक्ष्य नघट्ने गरी प्रति बिरुवा उत्पादन खर्च औषत रकम रू. २५।- का दरले बिरुवा उत्पादन गर्न सकिनेछ ।

कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ ।

- उत्पादित बिरुवाहरुको जात र संख्या (पोलिथैला साइज अनुसारको बिरुवा सँख्या)

- नर्सरी ले-आवट सहितको नक्सा
- बिरुवा उत्पादन रजिष्टर (बिउ छर्ने, विउ उपचार, ट्रान्सप्लान्ट, गोडमेल, ग्रेडिङ सहितका विस्तृत क्रियाकलाप उल्लेखित)
- बिरुवा वितरण रजिष्टरमा बिरुवा प्राप्त गर्ने सँघ, संस्था, समूह, व्यक्तिको नाम, ठेगाना, सम्पर्क नम्बर, बिरुवा जात सँख्या, रोपिने स्थान सहितको विवरण
- विभिन्न क्रियाकलापहरुको फोटो

### ८.१.५ चालु आ.व.को लागि बिरुवा उत्पादन (एक वर्षीय)

जिल्लामा खाली रहेको निजी, सार्वजनिक तथा वनक्षेत्रमा वृक्षारोपण गर्न, समुदायको जग्गामा बिरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न डिभिजन वन कार्यालय वा मातहतका सब डिभिजन वन कार्यालय मार्फत बिरुवा उत्पादन कार्ययोजना वनाई यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । प्रजातिहरू छनौट गर्दा उपभोक्ताहरुको रुचि र कृषि वनको लागि आवश्यक, कार्यालयको बार्षिक कार्यक्रममा उल्लेखित बृक्षारोपणको लक्ष्यलाई आधार बनाई विभिन्न प्रकारका रुख, काष्ठ तथा अन्य बहुउपयोगी प्रजातिलाई प्राथमिकता दिनुपर्नेछ। प्रजाति अनुसारको उत्पादन लक्ष्य निर्धारण भैसके पछि बिरुवा उत्पादनको कार्ययोजना बनाई अमानतबाट गर्नुपर्ने कामको हकमा एक तह माथिको सिफारिस लिई समयमै बिरुवा उत्पादन कार्य थालनी गर्नुपर्नेछ । बिरुवा उत्पादनको कार्यादेश गर्दा अनिवार्य रूपमा प्रजाति किटान गर्नुपर्नेछ । कार्यालय आफैले नर्सरी संचालन गर्दा सम्भव भए सम्म वीउ स्रोत, समयतालिका आदि समेत खुल्ने गरी डिभिजनल वन अधिकृतबाट प्रमाणित गरिएको बिरुवा उत्पादन रजिष्टर राख्नु पर्नेछ । उक्त वन नर्सरीमा बिरुवा वितरणको विवरण अनिवार्य रुपमा राख्नु पर्दछ ।

बिरुवा उत्पादन कार्यमा कार्यालयलाई प्राप्त बिरुवा उत्पादन लक्ष्य नघट्ने गरी प्रति बिरुवा उत्पादन खर्च औषत रकम रू. १०।- का दरले बिरुवा उत्पादन गर्न सकिनेछ । बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरु आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ । बिरुवा उत्पादन भई वितरण गर्दा अनिवार्य रूपमा वितरण लगत राख्नुपर्नेछ ।कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ ।

- उत्पादित बिरुवाहरुको जात र संख्या (पोलिथैला साइज अनुसारको बिरुवा सँख्या)
- नर्सरी ले-आउट सहितको नक्सा
- वितरणको लगत: सरकारद्वारा व्यवस्थित वन, नदी उकास क्षेत्र, सामुदायिक वन, निजी वन तथा आवादी जग्गामा, सार्वजनिक पर्ति जग्गामा रोपण गर्न
- विभिन्न क्रियाकलापहरुको फोटो

### ८.१.६ अनुसन्धानमुलक वन नर्सरी (अनुसन्धान, सञ्चानल ईत्यादि)

यस कार्यक्रमको उद्देश्य वन नर्सरीहरूमा स्वस्थ बिरुवा उत्पादन गर्न विभिन्न प्रविधिको अनुसन्धान गरी प्रदेश भरीका वन नर्सरीमा बिरुवा उत्पादनका नविनतम तथा प्रभावकारी विधि सिफारिश गर्नु रहेको छ । यस कार्यक्रममा बिनियोजित रकम नर्सरीमा भएका संरचनाहरु(बेड, ग्लास हाउस, सेडहाउस ग्रीन हाउस तारवार, बाटो लगायत) मर्मत गरी कार्य सञ्चालनमा ल्याउने, सरसफाई गर्ने र आवश्यकता अनुसार स्तरउन्नती गर्ने, थाई रुपमा बोरिङ्ग तथा अन्य उपयूक्त प्रविधि बाट पानी आपुर्ती तथा व्यवस्थापन गर्ने र सोको लागि चाहीने संरचना निर्माण गर्ने कार्यमा खर्च गरीनेछ। यस कार्यक्रमबाट वन नर्सरीमा बिरुवाको बृद्धिदर, उत्पादित बिरुवाको बृक्षारोपण पश्चात् बाच्ने दर (Survival rate) बृद्धि, नर्सरीमा हुने रोग किरा सम्बन्धी समस्या समाधानको तरिका लगायत अन्य विविध पक्षमा अनुसन्धान हुने गरी एक अनुसन्धान वन नर्सरी सञ्चालन गर्नु पर्नेछ। अनुसन्धानमुलक वन नर्सरी स्थापना तथा सञ्चालनका लागि अनुसन्धानको उदेश्य, विधि, सञ्चालन प्रकृया

तथा प्राप्त निष्कर्ष तथा उपलब्धीहरूको उपयोग विधि समेत समावेश गरी अनुसन्धान विधि/पद्धति (Research Protocol) तयार गरी मन्त्रालयबाट स्वीकृत गराई कार्य सञ्चालन गर्नुपर्नेछ। यस शीर्षकमा विनियोजित बजेट माथी उल्लिखित विविध पक्षको अनुसन्धान हुने गरी नर्सरी स्तरोन्नति, विउ संकलन, बिरुवा उत्पादन आदि कार्यमा खर्च गर्न सकिनेछ। नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी सुचना पाटी राख्नु पर्नेछ। कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुँदाहरु समाबेश गर्नुपर्नेछ ।

- नर्सरी निर्माण गरिएको स्थान, फोटो तथा नक्शाहरु
- अनुसन्धान गरिएका पक्षहरू र निष्कर्ष सहितको प्रतिवेदन
- नर्सरीको उत्पादित बिरुवा (एकबर्षे/बहुबर्षे) को विवरण
- सिर्जना भएको रोजगारी श्रमदिन
- निर्माण गर्दा लागेको खर्च

## ८.२ बृक्षारोपण, समृद्धि बृक्षारोपण, पुनःरोपण, गोडमेल तथा संरक्षण

### ८.२.१ गत विगत बर्षहरुमा रोपण भएका क्षेत्रमा पुनः रोपण, स्याहार सम्भार र संरक्षण

यस कार्यक्रमको मुख्य लक्ष्य विगत समयमा सामुदायिक तथा सार्वजनिक क्षेत्रमा भएका बृक्षारोपणको स्याहार सम्भार तथा पुनरोपण समेत गरी विगतमा भएका बृक्षारोपणलाई शत प्रतिशत सफल बनाउनु रहेको छ । यसमा विनियोजन भएको रकम विगत समयमा भएको बृक्षारोपणको गोडमेल (Weeding), सरसफाई (Cleaning), आवश्यकता अनुसार मलखाँद समेत प्रयोग गरी मृत बिरुवाहरू प्रतिस्थापन (Beating up) को लागि पुनरोपण,बिरुवा ढुवानी कार्य आदिमा खर्च गर्न सकिनेछ । यसरी कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- गोडमेल तथा सरसफाई गरीएको वृक्षारोपण क्षेत्रको विवरण (बिरुवा सँख्या, प्रजाति, क्षेत्रफल समेत)
- पुन रोपण गरिएको बिरुवा, मलखाँदको परिमाण
- लाभान्वित क्षेत्र/समुदाय
- सिर्जना भएको रोजगारी (श्रमदिन)
- कार्य सञ्चालन पुर्व तथा पश्चात्को र कार्य सञ्चालनको फोटो

### ८.२.२ बृक्षारोपण योजना तयारी र कार्यान्वयन (वृहत्तर चक्ला वृक्षारोपण समेत)

#### ८.२.२.१ बृक्षारोपण योजना तयारी र कार्यान्वयन (वृहत्तर चक्ला बृक्षारोपण समेत)

यस कार्यक्रमको मुख्य लक्ष्य उत्पादन गरिएको गुणस्तरिय र बृक्षारोपण लायक बिरुवाहरूलाई खाली वनक्षेत्र (हैसियत सुधार गर्नुपर्ने वनक्षेत्र समेत), चुरे क्षेत्र, नदी उकास, निजी, सार्वजनिक जग्गा, अतिक्रमण हटाइएको क्षेत्रमा बृक्षारोपण गर्न कार्ययोजना (Action-plan) तयार गरी कार्य सञ्चालन गर्नु रहेको छ। यस कार्यक्रम कार्यन्वयनका लागी सबै डिभिजनहरुले फागुन मसान्त भित्र वृक्षारोपण स्थलको जिपिएस नक्सा तथा कोर्डिनेट सहितको विवरण (क्षेत्रफल,स्थान आदि), सरोकारवालासँग छलफल, ल.इ. तयारी, बिरुवा प्रजाति, सँख्या तथा बृक्षारोपणको खाडलको आकार तथा दुरी, मलखाँदको प्रयोग, लागत साझेदारीको अवस्था र बिरुवा संरक्षण तथा स्याहार सम्भारको व्यवस्था सहितको प्रदेश वन ऐन २०७८ को दफा ८९ बिस्तृत वृक्षारोपण योजना तयार पारी डिभिजनल वन अधिकृतबाट स्वीकृत गरि मन्त्रालय र निर्देशनालयमा निर्देशनालयमा फागुन मसान्त भित्र जानकारी गराउनु पर्नेछ।यसमा बिनियोजित रकम प्राबिधिक खर्च, योजना निर्माण,इन्धन खर्च तथा बिज्ञसेवा खर्च समेतमा खर्च गर्नसक्ने छ ।

### ८.२.२.२ सरकारी तथा सार्बजानिक जग्गामा बृक्षारोपण र संरक्षण

स्वीकृत भएको बृक्षारोपण योजना अनुरुप मात्र वृक्षारोपण गर्नुपर्ने छ। अतिक्रमित क्षेत्र, चरिचरणको चपेटामा परेको वनक्षेत्र, नदि उकास, सार्वजनिक जग्गा तथा चुरे क्षेत्रका खालि जमिनमा वृक्षारोपण गर्दा आवश्यकता अनुसार जग्गा तयारी, झाँडी सफाई, तारबार, ट्रेन्च निर्माण वा बारबेर गरि गर्नु पर्नेछ । वृक्षारोपण कार्यक्रम सम्पन्न भएपछि वृक्षारोपण सम्बन्धी तथ्याङ्कहरु भएको सुचना पाटी तयार गरी राख्नु पर्नेछ । कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछ।

- वृक्षारोपण क्षेत्रको विवरण (नक्सा, बिरुवा सँख्या, प्रजाति, क्षेत्रफल समेत)
- बृक्षारोपणमा अवलम्बन गरिएका उपायहरूको विवरण (तारबार, हेरालु, मलखाँद सम्बन्धी विवरण)
- लाभान्वित क्षेत्र/समुदाय
- सिर्जना भएको रोजगारी (श्रमदिन)
- कार्य सञ्चालन चरणको फोटो

### ८.२.२.३ अतिक्रमण हटाई वन क्षेत्रको पुनर्स्थापना (बृक्षारोपण)

१० हेक्टर भन्दा बढि अतिक्रमित वन क्षेत्रबाट अतिक्रमण हटाई वृक्षारोपण गर्नुपर्ने भएमा सो क्षेत्रको विस्तृत विवरण सहितको नक्शा, अतिक्रमण हटाउन लाग्ने खर्च, सोको संरक्षणको मोडालिटी र खर्च, वृक्षारोपण गर्दा लाग्ने खर्च र व्यवस्थापन योजना सहितको विस्तृत वृक्षारोपण योजना तयार गरी सम्बन्धित डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने छ । तर १० हेक्टर भन्दा कम क्षेत्रमा अतिक्रमण हटाई वृक्षारोपण गर्नुपरेमा कार्ययोजना अनिवार्य हुनेछैन । साथै यस कार्यक्रमबाट ग्रामिण क्षेत्रमा परम्परा देखि खोरिया फँडानीको रूपमा अतिक्रमण गरि खेती गरिरहेको जग्गामा समेत खोरिया फँडानी हटाई वन क्षेत्र पुनः स्थापनाका लागि वृक्षारोपण गर्न सकिनेछ । कार्य सम्पन्न प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछ।

- वृक्षारोपण क्षेत्रको विवरण (नक्सा, बिरुवा सँख्या, प्रजाति, क्षेत्रफल समेत)
- बृक्षारोपणमा अवलम्बन गरिएका उपायहरूको विवरण (तारबार, हेरालु, सम्बन्धी विवरण)
- लाभान्वित क्षेत्र/समुदाय
- सिर्जना भएको रोजगारी (श्रमदिन)
- कार्य सञ्चालन चरणको फोटो

### ८.२.३ "हरित सडक लुम्बिनीको पहिचान" कार्यक्रम मार्फत सडक सौन्दर्यीकरण वृक्षारोपण

प्रदेश भित्रका मुख्य राजमार्ग तथा सहायक राजमार्गहरुको छेउछाउ तथा मध्यभाग (Divider) मा सौन्दर्य प्रदायक वहुवर्षीय बिरुवाहरुको वृक्षारोपण मार्फत लुम्विनी प्रदेशको सडकहरुमा हरियाली प्रवर्द्धन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यो कार्यक्रम स्थानीय समुदाय,टोल बिकास संस्था, सम्बन्धित स्थानीय तह, डिभिजन सडक कार्यालय, वित्तिय संस्था, क्लव तथा अन्य सरोकारवालाहरुसँगको सहकार्यमा गर्न सकिने छ । यसको लागि डिभिजन वन कार्यालयले विस्तृत कार्ययोजना तथा ल.ई. तयार गरि मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ । डिभिजन वन कार्यालयबाट स्वीकृत कार्ययोजना बमोजिम कार्य सम्पन्न गरि आवश्यक कागजात सहितको कार्यसम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश हुन आएमा मन्त्रालयले सोको भुक्तानी दिनु पर्नेछ ।कार्य प्रारम्भको लागि माग भई आएमा पेश्की रकम उपलब्ध गराउन सकिनेछ। वृक्षारोपण कार्य सम्पन्न भएपछि वृक्षारोपण सम्बन्धी तथ्याङ्कहरु भएको सुचना पाटी तयार गरी राख्नु पर्नेछ ।
यसरी कार्य सम्पन्न पश्चात् डिभिजन वन कार्यालयले प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- वृक्षारोपण क्षेत्रको विवरण (नक्सा, बिरुवा सँख्या, प्रजाति, क्षेत्रफल/लम्बाई समेत)
- बृक्षारोपणमा अवलम्बन गरिएका उपायहरूको विवरण (तारबार, गोडमेल, पुनरोपण, सिँचाई, हेरालु, मलखादको परिमाण)

- लाभान्वित क्षेत्र/समुदाय
- सिर्जना भएको रोजगारी (श्रमदिन)
- खर्चको विवरण
- कार्य सञ्चालन चरणको फोटो

### ८.३ निजी तथा कृषि वन कार्यक्रम

### ८.३.१ कृषि वन प्रवर्द्धन कार्यक्रम

निजी जग्गा/सार्वजनिक तथा हैसियत बिग्रेको वन क्षेत्रमा जमीनको उत्पादकत्वमा सुधार ल्याउन तथा स्थानीय जनताको आयआर्जनमा सहयोग पुर्याउनका लागि आयमूलक वनजन्य, जडीबुटी तथा फलफूलका बिरुवा खरिद, रोपण तथा स्याहार गरी आयमूलक कार्यक्रम संचालन गरिनेछ । यसका साथै अतिक्रमण हटाइएका वन क्षेत्रहरु तथा नदी उकास क्षेत्रहरुमा विपन्न वर्गका जनतालाई समूह बनाई आयमूलक वन जन्य, जडीबुटी तथा फलफूलका बिरुवा खरिद, रोपण तथा स्याहार गरी आयमूलक कार्यक्रम संचालन गर्न सकिनेछ। यस कार्यक्रम मार्फत खेर गैराखेको वा कम सदुपयोग भएको व्यक्तिको नाममा दर्ता भएको जग्गाको उत्पादन र उत्पादकत्व वृद्धि गरी स्थानीय क्षेत्रमा नै रोजगारी तथा आय आर्जन र उद्यमशिलताको अभिवृद्धिबाट समृद्धिका लागि वन भन्ने नारालाई प्रत्यक्ष रुपले सहयोग गर्ने अपेक्षा गरिएको छ । निजी जग्गामा बिभिन्न स्थानमा समेत गरेर कम्तिमा पनि ५ हेक्टर क्षेत्रमा कृषि वनका विभिन्न प्रणालीहरू लागु गरिनेछ । यस कार्यक्रम सन्चालन पश्चात् लाभान्वित घरधुरी, वृक्षारोपण गरेको जमिनको क्षेत्रफल, बिरुवा प्रजाति र संख्या, अपनाईएको कृषि वन पद्दति आदि विवरण सहितको कार्य सम्पन्न प्रतिवेदन तयार गरि डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ । यसरी रोपण भएका क्षेत्रको ६/६ महिनामा डिभिजन वन कार्यालयले अनुगमन गरी पृष्ठपोषण सहितको प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्नेछ। यसरी उपलब्ध गराइने रकम कार्य सम्पन्न भै कृषि वन प्राविधिक र सम्बन्धित सब डिभिजनबाट सिफारिस भै आएपश्चात् व्यक्ति वा समूहलाई एकमुष्ट उपलब्ध गराउनु पर्नेछ ।

यसका अतिरिक्त यस शीर्षकमा विनियोजन भएको रकम समन्वय बैठक, अन्तरक्रिया, कृषि वन सम्बन्धी क्षमता विकास कार्यक्रम, कार्यक्रमको निरन्तर अनुगमन, इन्धन, दै.भ्र.भ. इत्यादिमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपछि कृषि वनसँग सम्बन्धित तथ्याङ्कहरु भएको होर्डिङ्ग बोर्ड तयार गरी कार्यस्थल मुख्यभागमा राख्नु पर्नेछ ।

कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नु पर्नेछ।

- कृषि वन समूहहरूको कार्ययोजना
- रोपण गरीएको बिरुवा तथा प्रजाति (समूह अनुसार)
- रोपण गरीएको क्षेत्र/बिरुवाको संरक्षण तथा स्याहार सम्भार योजना
- अन्य सहयोगी निकायबाट प्राप्त भएको सहयोगको विवरण
- सम्पादित क्रियाकलापहरूको फोटो

### ८.३.२ कृषि वन विकासमा प्राविधिक सहजीकरण मार्फत उत्पादन वृद्धि कार्यक्रम

यस कार्यक्रमको उद्देश्य जिल्लाका उपयुक्त स्थानहरूमा कृषि वन प्रणाली लागु गरी जमिनको उत्पादकत्व बढाउनका साथै विशेष गरी कृषि वन प्रवर्धन कार्यक्रमलाई प्रभावाकारी रूपले कार्यान्वयन गर्नु रहेको छ। यस शीर्षकमा विनियोजन भएको रकम कृषि वन समूह गठन गर्ने, कार्ययोजना तयार गर्ने, गठन भएको कृषि वन समूहमा नियमित रूपमा कृषि वन प्रणालीको प्रवर्द्धन र अन्य बहुआयामिक कार्यक्रम मार्फत आयआर्जन बृद्धि हुने किसिमका क्रियाकलापहरू सञ्चालन गर्न वन प्राविधिक परिचालन लगायतमा खर्च गरिनेछ।

कृषि वन प्रबर्धन कार्यक्रम लागु भएका डिभिजन वन कार्यालयले एक जना कृषि वन प्राविधिक (वन विज्ञानमा स्नातक उत्तिर्ण) बढीमा रेन्जरसम्म पारिश्रमिक पाउने गरी बर्षभरीको लागि सेवा करारमा कार्य गराउनु पर्ने छ। गत आवबाट काम गरिरहेका कृषि वन प्राविधिक तथा सहजकर्तालाइ पहिलो प्राथामिकता दिईनेछ। यस बाहेक कृषि वन प्राबिधिकलाई

फिल्ड गियर,इन्धन उपलब्ध गराउनु पर्ने छ।यस कार्यक्रममा काम गर्ने कर्मचारीहरु फिल्ड खटिदाको दैनिक भ्रमण भत्ता, यातायात खर्च आदि यसमा बिनियोजित बजेट नपुग भएमा कार्यालयमा अन्य शिर्षकको बजेटबाट समेत व्यबस्था गर्नुपर्नेछ।यस कार्यक्रमबाट छनौट गरिएको वन प्राविधिकहरूलाई कृषि वन सम्बन्धी बिषयमा क्षमता अभिवृद्धि गर्न वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले प्राथमिकता दिनुपर्नेछ। कृषि वन प्राविधिक र सहजकर्ताले कार्यक्रम लागु भएका हरेक स्थानीय तहमा कृषि वन सँग सम्बन्धित निम्न अनुसारको कार्य सम्पादन गर्नुपर्नेछ।

- कार्यक्रम कार्यान्वयनका लागि राखीएका कृषि वन प्राविधिकले गत आ.व.मा. रोपण गरीएका बिरुवाको नियमीत अनुगमन गरी मासीक रुपमा डि.व.का मार्फत निर्देशनालय र मन्त्रालयमा प्रतिवेदन पेश गर्ने।
- गत आ.व.मा बिरुवा रोपण गरीएको क्षेत्रमा छहारीमा हुन सक्ने नगदे बाली, जडीबुटी लगायतका घुसुवा बाली (Inter crops)को खेती गर्न प्रोत्साहान गर्ने।
- कृषि वन प्रणाली लागु भएका प्रत्येक स्थानीय तहमा व्यापक प्रचार प्रसार गर्ने र कृषि वन समूह गठन गर्ने,
- कृषि वन समूह, सब डिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय, स्थानीय तह र कृषि तथा पशु सेवा सम्बन्धी कार्यालय लगायतका निकायको वीचमा सम्वन्ध र समन्वय कायम गर्ने,
- कृषि वन प्रणाली लागु हुने क्षेत्रको घरधुरी विवरण, स्थानीय व्यक्तिहरूको रूचाएको कृषि वन प्रणाली, बिरुवा, बृक्षारोपण योग्य क्षेत्र (कृषि वन अन्तरवालीको अवधारणामा केन्द्रित भएर) लगायत अन्य आवश्यक तथ्यांक संकलन गर्ने,
- कृषि वन प्रबर्धन कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरी डि.व.का.मा स्वीकृतिको लागि पेश गर्ने,
- डिभिजन वन कार्यालयको निर्देशन अनुसार कृषिवन समूहलाई आवश्यक प्राविधिक सहयोग गर्ने
- कृषि वन समूहमा छलफल तथा बैठक व्यवस्थापन गर्न कृषि वन समूहलाई निरन्तर सहयोग गर्ने, नेतृत्व विकास, रेकर्ड राख्ने,
- समूहले पाउने सहयोगको बारेमा डिभिजन वन कार्यालय बाट जानकारी लिई सोही बमोजिम समूहलाई जानकारी गराउने,
- सब डिभिजन वन कार्यालय तथा डिभिजन वन कार्यालय संग समन्वय गरी समूहको लागि सञ्चालन हुने फिल्डस्तरका कार्यहरु र कृषि वन सम्बन्धी क्षमता विकास कार्यक्रम, तालिम तथा प्रचार प्रसार कार्यमा सहयोग गर्ने,
- कृषि, फलफूल तथा वनजन्य बिरुवाहरूको सुरक्षित ढुवानी, बृक्षारोपण र बृक्षारोपण पश्चात् उचित स्याहार सम्भार तथा संरक्षण कार्यमा प्राविधिक सहयोग गर्ने,
- भए गरेका कार्यहरूको मासिक रूपमा सब-डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालयमा नियमित रिपोर्टिङ गर्ने,
- डिभिजन वन कार्यालय तथा मातहतको सब-डिभिजन वन कार्यालयले तोकेका यस विषयसँग सम्बन्धित अन्य कार्य गर्ने ।

### ८.३.३ घुम्ति बिरुवा वितरण र रोपण सहजीकरण विशेष अभियान

नर्सरी भन्दा टाढा भएका किसानहरुलाई बिरुवा वितरण गर्नको लागि किसानहरुको माग संकलन गरिनेछ ।किसानको माग अनुसारको बिरुवाको ढुवानी, वितरण तथा रोपण सहजिकरणको लागि विशेष अभियान सन्चालन गरिनेछ । यस कार्यक्रममा विनियोजित रकम बिरुवा ढुवानी, वितरण तथा रोपणका लागि इन्धन, सवारी साधन भाडा, लोडअनलोड, दै.भ्र.भत्ता लगायतका कार्यमा खर्च गर्न सकिने छ ।